*"श्रमजीवी वर्ग तथा उत्पीडित समुदायहरू एक हौं !"*

# समाजवादी पार्टीको नियमावली-२०७६

समाजवादी पार्टीको विधान-२०७६ को धारा ६८ बमोजिम केन्द्रीय समितिद्वारा पारित गरी समाजवादी पार्टीको नियमावली-२०७६ जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. नाम र प्रारम्भ**

(क) यस नियमावलीको नाम "समाजवादी पार्टीको नियमावली-२०७६" रहेको छ ।

(ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा-

(क) "विधान" भन्नाले समाजवादी पार्टीको विधान-२०७६ लाई सम्झनु पर्दछ ।

(ख) "पार्टी" भन्नाले समाजवादी पार्टीलाई सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले समाजवादी पार्टीको नियमावली-२०७६ लाई सम्झनु पर्दछ ।

(घ) "केन्द्रीय कार्यकारिणी समिति" भन्नाले समाजवादी पार्टीको केन्द्रीय समितिका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(ङ) "केन्द्रीय समिति" भन्नाले समाजवादी पार्टीको केन्द्रीय समिति सम्झनु पर्दछ ।

(च) "सङ्घीय परिषद्" भन्नाले समाजवादी पार्टीको दुई महाधिवेशन बीचको सर्वोच्च अङ्ग सम्झनु पर्दछ ।

(छ) "इन्जार्ज" भन्नाले विभिन्न तहका पार्टी समितिहरूले मातहतका समितिहरूमा पठाएको प्रमुख प्रतिनिधिलाई सम्झनु पर्दछ ।

(ज) "सह-इन्जार्ज"भन्नाले विभिन्न तहका पार्टी समितिहरूले मातहतका समितिहरूमा पठाएको प्रमुख पछिको दोस्रो प्रतिनिधि वा प्रतिनिधिहरूलाई सम्झनु पर्दछ ।

(झ) "अनुगमन" भन्नाले पार्टीको विभिन्न तहको समिति, कार्यक्रम, योजना आदिको कार्यान्वयन प्रगतिको निरन्तर रेखदेख, मुल्याङ्कन र आवश्यक सुधारको लागि सक्रिय रहने कामलाई सम्झनु पर्दछ ।

(ञ) “निरीक्षण” भन्नाले पार्टीको विभिन्न तहको कार्य तथा गतिविधिको रेखदेख, हेरविचार र जाँच गर्ने काम सम्झनु पर्दछ ।

(ट) “विभाग” भन्नाले समाजवादी पार्टीको सम्बन्धित तहको निर्णयद्वारा गठित विभाग सम्झनु पर्दछ ।

(ठ) “जन संगठन” भन्नाले घोषित रुपमा समाजवादी पार्टीको नीति, सिद्धान्त र राजनीतिक नेतृत्व स्वीकार्ने संगठनात्मक स्वायत्तता दिइएको जनवर्गीय तथा पेशागत संगठनलाई सम्झनु पर्दछ ।

(ड) “संयन्त्र” भन्नाले पार्टीको विधान र नियमावली बमोजिम जनसंगठनका विभिन्न तहमा निर्माण गरिने पार्टी संयन्त्रलाई सम्झनु पर्दछ ।

(ढ) “निकाय” भन्नाले पार्टीको केन्द्रीय तह र अन्य तहमा गठन गरिने विभिन्न पार्टी निकायलाई सम्झनु पर्दछ ।

(ण) “संगठित सदस्य” भन्नाले पार्टी समितिमा आबद्ध सदस्यलाई सम्झनु पर्दछ ।

(त) “क्लस्टर” भन्नाले जातीय तथा सामुदायीक समुह सम्झनु पर्दछ ।

(थ) “नगर” भन्नाले नगर, उपमहानगर र महानगरपालिका समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२
## सदस्यता प्राप्ति प्रक्रिया, नविकरण तथा अभिलेखिकरण

**३. सदस्यता प्राप्ति प्रक्रियाः**

(क) विधानको भाग ३ को धारा ६ अनुसार योग्यता पुगेका नेपाली नागरिकले पार्टी सदस्यता प्राप्त गर्न चाहेमा पार्टीले जारी गरेको सदस्यता आवेदन फाराममा उल्लेखित विवरण भरी आफैंले प्रमाणित गरेको आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र हाल सालै खिचिएको २ प्रति फोटो सहित सामान्यतः आफु रहेको स्थानको स्थानीय (वडा वा गाउँ/नगर) पार्टी समितिको कार्यालयमा सदस्यता आवेदन फाराम बुझाउनु पर्नेछ ।

(ख) यसरी बुझाइएको सदस्यता आवेदन फारामलाई माग गरिएको विवरण उल्लेख भए नभएको जाँच गरी, दुरूस्त गराई कार्यालयले दर्ता गर्नु पर्नेछ ।

(ग) यसरी दर्ता गरिएको सात दिन भित्र, आवेदन फारमलाई समितिको सुझाव सहित सम्बन्धित पहिचानमा आधारित राष्ट्रिय समितिमा रायको लागि पठाउनु पर्नेछ ।

(घ) स्थानीय समितिबाट सुझाव सहित आएको सदस्यता आवेदन फाराम उपर आफ्नो राय सहित आवेदन फाराम प्राप्त भएको मितिले हप्ता दिन भित्र राष्ट्रिय समितिले प्रदेश समितिमा पठाइ सक्नु पर्नेछ ।

(ङ) पहिचानको राष्ट्रिय समितिले पठाएको सदस्यता आवेदन फाराम प्राप्त गरेको मितिले १५ दिन भित्र प्रदेश समितिले निर्णय गरी सदस्यता स्वीकृत वा

अस्वीकृत गरिएको सुचना सम्बन्धित राष्ट्रिय समिति, स्थानीय समिति र निवेदकलाई दिनु पर्नेछ। प्रदेश समितिले सदस्यता स्वीकृत गरेको निर्णयको सुचना प्राप्त भए पछि निवेदकले स्थानीय समितिको कार्यालयमा वार्षिक सदस्यता शुल्क रू १००/–(एक सय) बुझाई सदस्यता पत्र प्राप्त गर्नेछ।

(च) एकीकरण भई आएका पार्टीका सदस्यहरूको प्राप्त नामहरू सदस्यता शुल्क लिई अभिलेखमा दर्ता गरिनेछ। अभिलेखको लागि सदस्यता आवेदन फाराम भराई पार्टी कार्यालयले दर्ता गराउनु पर्नेछ।

(छ) जन संगठनको केन्द्रीय सदस्यहरूलाई सम्बन्धित केन्द्रीय संयन्त्रको निर्णय सिफारिसको आधारमा केन्द्रीय संगठन विभागले निर्णय गरी सदस्यता प्रदान गर्न सक्नेछ।

(ज) जन संगठनका केन्द्रीय समितिका सदस्यहरूले पार्टी सदस्यता तथा नविकरण शुल्क पार्टी केन्द्रीय कार्यालयमा बुझाउनेछन्।

(झ) जन संगठनको प्रदेश समिति सदस्यलाई सम्बन्धित प्रदेश संयन्त्रको निर्णय सिफारिसमा सम्बन्धित प्रदेश संगठन विभागले पार्टी सदस्यता प्रदान गर्न सक्नेछ।

(ञ) जन संगठनका प्रदेश समितिका सदस्यहरूले प्रदेश कार्यालयमा पार्टी सदस्यता तथा नविकरण शुल्क बुझाउनेछन।

(ट) गैर भौगोलिक विशेष प्रदेश समितिले आफ्नो मातहतको विशेष जिल्ला समिति र सम्पर्क विशेष जिल्ला समितिको निर्णय सिफारिस भई आएको सदस्यता आवेदन फाराम उपर छलफल गरी सदस्यता प्रदान गर्न सक्नेछ। समितिले केन्द्रीय संगठन विभागमा अभिलेखको लागि सम्बन्धित व्यक्तिको फोटो सहित निर्णय प्रतिलिपी पठाउनु पर्नेछ।

(ठ) विभिन्न देशमा रहेका नेपाली समाजका केन्द्रीय समितिले निर्णय सिफारिस गरी पठाएका सदस्यता आवेदन फारम उपर प्रवास विशेष समितिले छलफल गरी सदस्यता प्रदान गर्ने निर्णय गर्नेछ। समितिले सदस्यता सम्बन्धमा गरेको निर्णय प्रतिलिपी केन्द्रीय संगठन विभागलाई अभिलेखिकरणको लागि सम्बन्धित व्यक्तिको फोटोसहित पठाउनु पर्नेछ। सदस्यता तथा नविकरण शुल्क सम्बन्धित देशको केन्द्रीय समिति कार्यालयले बुझ्नेछ।

## ४. सदस्यको अभिलेखिकरण:

(क) पार्टी सदस्यता प्रदान गरिएको निर्णय गरिसकेपछि विधानको अनुसूची ६ बमोजिमको खाकामा सदस्यताको अभिलेख प्रदेश समितिले अनिवार्य राख्नु पर्नेछ। प्रदेश समितिले निर्णय प्रतिलिपी सहित केन्द्रीय संगठन विभागमा सदस्यता नामावली अनिवार्य पठाउनु पर्नेछ। केन्द्रीय संगठन विभागले यसको अभिलेख राख्नु पर्नेछ।

(ख) सम्पूर्ण पार्टी सदस्यहरू तथा समिति सदस्यहरूको अभिलेख केन्द्रीय संगठन विभागले व्यवस्थित राख्नु पर्नेछ । साथै प्रदेश, पहिचानमा आधारित राष्ट्रिय समन्वय/समिति र सबै तहगत समितिले समेत आफ्नो कार्यक्षेत्र भित्रका समिति सदस्य र पार्टी सदस्यहरूको नामावली अनुसूची ६ बमोजिमको अभिलेख बनाइ राख्नु पर्नेछ ।

(ग) हरेक वर्ष चैत मसान्त सम्ममा सदस्यता नविकरण भएको अभिलेख र संगठित सदस्यको अभिलेखसमेत सबै समिति र केन्द्रीय/प्रदेश विभागले अध्यावधिक गरी सक्नु पर्नेछ ।

(घ) जन संगठनका सबै तहका समितिका पार्टी संयन्त्र, पदाधिकारी तथा सदस्यहरूको पार्टी सदस्यताको अभिलेख केन्द्रीय संगठन विभागमा अलग-अलग गरी अभिलेखित गर्नु पर्नेछ। प्रदेश संगठन विभागले जनसंगठनका प्रदेश र तल्लो समितिका पार्टी संयन्त्र, पदाधिकारी र समिति सदस्यहरूका पार्टी सदस्यताको अभिलेख राख्नु पर्नेछ । सबै तहगत पार्टी समितिहरूले आफ्नो कार्यक्षेत्र अन्तरगतका जनसंगठनका संयन्त्र, पदाधिकारी तथा सदस्यहरूको पार्टी सदस्यताको अभिलेख दुरूस्त गरी राख्नु पर्छ ।

**५. सदस्यता नविकरणः**

(क) केन्द्रीय संगठन विभागले हरेक वर्षको पुसमा सदस्यता नविकरणको निर्देशन जारी गर्नेछ। सदस्यता नविकरण गर्नु प्रत्येक पार्टी सदस्यको अनिवार्य कर्तव्य तथा पार्टी काम हुनेछ । प्रदेश समितिलगायत सबै समितिहरूले सदस्यता नविकरणलाई आफ्नो वार्षिक कार्यक्रममा राख्नु पर्नेछ ।

(ख) पार्टी सदस्यले हरेक वर्षको फागुन मसान्तसम्ममा वार्षिक सदस्यता शुल्क रू. १००/- (एक सय) बुझाई सदस्यता नविकरण गरिसक्नु पर्नेछ। सदस्यता नविकरण गर्दा सदस्य परिचय पत्र अनिवार्य रूजु गरिनु पर्नेछ ।

(ग) चैत मसान्तसम्ममा पनि सदस्यता नविकरण नगरिएमा सदस्यताको अभिलेखबाट नाम हटाइनेछ । यसरी नाम हटाइएको सदस्यले ६ महिना भित्रमा नविकरण नगरे पुनः सदस्यता प्राप्तिको प्रक्रियाबाट मात्र सदस्यता प्राप्त गर्नेछ । यस सम्बन्धी विवरण सबै तहका समितिले राखी काम गर्नु पर्नेछ । प्रदेश र केन्द्रीय संगठन विभागले यसको निरीक्षण र अनुगमन गर्नु पर्नेछ ।

## परिच्छेद ३
## सदस्यता शुल्कको बाटफाँट र पार्टी लेबी

**६. सदस्यता शुल्क तथा लेबी बुझाउनु पर्ने**

(क) प्रत्येक पार्टी सदस्यले वार्षिक सदस्यता शुल्क र मासिक आर्थिक लेबी बुझाउनु पर्नेछ ।

(ख) समिति सदस्यले आफ्नो सदस्यता शुल्क र लेबी बुझाउने कार्य तथा सदस्यता नविकरण कार्य आफु संगठित रहेको पार्टी समितिको कार्यालयमा गर्नु पर्नेछ।

(ग) कुनै पनि पार्टी समितिमा संगठित नभएका सदस्यहरूले सदस्यता शुल्क र लेबी आफु रहेको वडा/गाउँ/नगर समितिको कार्यालयमा बुझाउनु पर्नेछ। साथै, सदस्यता नविकरण पनि उक्त समिति कार्यालयमा नै गर्नु पर्नेछ।

(घ) प्रवासमा रहेका पार्टी सदस्यहरूले सदस्यता शुल्क र मासिक लेबी बुझाउनु कार्य तथा पार्टी सदस्यता नविकरण कार्य त्यहाँ स्थित नेपाली समाजको केन्द्रीय कार्यालयमा गर्नु पर्नेछ।

(ङ) गैर भौगोलिक विशेष प्रदेश समिति अन्तरगतका पार्टी सदस्यहरूले सदस्यता शुल्क र मासिक लेबी बुझाउने कार्य तथा सदस्यता नविकरण कार्य आफ्नै कार्यालयमा गर्नु पर्नेछ।

**७. सदस्यता शुल्क र यसको बाडफाँट यस प्रकार हुनेछः**

(क) सदस्यता शुल्क वार्षिक रू. १००/- (एक सय) हुनेछ।

ख) सदस्यता शुल्कको २० प्रतिशत वडा समितिमा, ३० प्रतितशत गाउँ/नगर/उपमहानगर/महानगर समितिमा, १० प्रतिशत जिल्ला समन्वय समितिमा, १५/१५ प्रतिशत पहिचानको राष्ट्रिय समिति तथा प्रदेश समितिमा र १० प्रतिशत केन्द्रीय समितिमा रहने छ।

(ग) गैर भौगोलिक विशेष प्रदेश समितिले सदस्यता शुल्कको २५ प्रतिशत केन्द्रीय समितिमा पठाउनु पर्नेछ। शुल्कको बाँकी भागको वितरण विशेष जिल्ला/सम्पर्क समितिलाई समेत हुने गरी आफैंले निर्णय गरी गर्नेछ।

(घ) प्रवासमा रहेको नेपाली समाजको केन्द्रीय समितिले सदस्यता शुल्कको २५ प्रतिशत प्रवास विशेष समिति र २५ प्रतिशत केन्द्रीय समितिमा पठाउनु पर्नेछ। शुल्कको बाँकी रकम आफैले निर्णय गरी वितरण गर्नेछ।

**८. लेबीबारेः**

(क) हरेक सदस्यले स्वेच्छाले मासिक लेबी बुझाउनु पर्नेछ। तर पेशा, व्यवसाय र मासिक पारिश्रमिक प्राप्त गर्ने सदस्यहरूले आफ्नो आम्दानी वा मासिक पारिश्रमिकको न्युनतम ०.०२ प्रतिशतले हुन आउने रकम मासिक लेबीको रूपमा बुझाउनु पर्नेछ। राजनीतिक नियुक्ति र सांसदहरूले आफ्नो पारिश्रमिकको न्यूनतम २० प्रतिशत मासिक लेबी बुझाउनु पर्नेछ।

(ख) समितिले आफ्नो समिति सदस्यलाई न्युनतम लेबी निर्धारण गर्नेछ।

(ग) लेबी सम्बन्धित समितिको कोषमा दाखिला हुनेछ। तर राजनीतिक नियुक्ति र प्रतिनिधि/राष्ट्रिय सभाका सांसदहरूको लेबी केन्द्रीय कोषमा दाखिला हुनेछ।

(घ) माथिल्लो समितिले सदस्य संख्याको आधारमा मातहतका समितिलाई समितिगत लेबी तोक्नेछ।

(ङ) कुनै पनि पार्टी समितिमा संगठित नरहेका सदस्यले आफु रहेको वडा /गाउँ/नगर पालिका समितिको कार्यालयमा लेबी बुझाउनु पर्नेछ ।

(च) प्रवासको नेपाली समाजलाई प्रवास विशेष समितिले केन्द्रीय समितिको कोषको लागि लेबी तोक्नेछ ।

# परिच्छेद ४
# महाधिवेशन

## ९. महाधिवेशन

(क) महाधिवेशनको आयोजना केन्द्रीय समितिले गर्नेछ। केन्द्रीय समितिको बैठकले निर्णय गरी महाधिवेशनको मिति घोषणा गर्नेछ । बैठकले महाधिवेशनको सम्बन्धमा निर्णय गर्दा सदस्यता वितरण, नविकरण, स्थानान्तरण तथा समिति गठन/पुनर्गठन कार्य सम्पन्न गरी सक्नु पर्ने अन्तिम मितिको समेत निर्णय गर्नु पर्नेछ । यसरी निर्णय गर्दा महाधिवेशनको मिति र सदस्यता वितरण, नविकरण, स्थानान्तरण तथा समिति गठन/पुनर्गठनको अन्तिम मितिबीच कम्तिमा ४ (चार) महिनाको अन्तर हुनु पर्नेछ । सो बैठकले महाधिवेशन प्रतिनिधि छनौट गरी सक्नु पर्ने उपयुक्त मितिको समेत निर्णय गर्नेछ ।

(ख) महाधिवेशनको निर्धारित मितिभन्दा कम्तिमा तीन महिना अगावै केन्द्रीय संगठन विभागले पार्टी सदस्य तथा संगठित सदस्यको अन्तिम नामावलीको प्रमाणित सूची तयार गरी सक्नु पर्नेछ। यसरी तयार भएको सदस्य नामावलीको एक प्रमाणित प्रति पार्टीको केन्द्रीय निर्वाचन आयोगलाई बुझाउनु पर्नेछ । यसरी सदस्यको अन्तिम नामावली सूची बनाउँदा वडा, गाउँ/नगर/उप तथा महानगर पालिका, निर्वाचन क्षेत्र (प्रदेश तथा प्रतिनिधि सभा), जिल्ला, पहिचानमा आधारित राष्ट्रिय समिति, शिल्पी विशेष प्रदेश समिति, विशेष संरचना, प्रदेश आदिको अलग-अलग नामावलीको सूची तयार गर्नु पर्नेछ । साथै, यही समयमा केन्द्रीय संगठन विभागले विभिन्न तहगत समिति तथा संयन्त्र, जन संगठन, गैर भौगोलिक विशेष प्रदेश, प्रवासको नेपाली समाज, केन्द्रीय विभागहरू, केन्द्रीय तथा प्रदेश कार्यालयमा रहेका सदस्य तथा पदाधिकारीहरूको अलग-अलग नामावलीको प्रमाणित सूची पनि तयार गरी केन्द्रीय निर्वाचन आयोगलाई दिनु पर्नेछ। यी सबैको एक प्रति पार्टी केन्द्रीय कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ तथा केन्द्रीय कार्यालयमा समेत उपलब्ध गराउनु पर्नेछ ।

(ग) कारण खुलाई स्थानान्तरण हुन चाहने सदस्यको निवेदनको आधारमा केन्द्रीय संगठन विभागले स्थानान्तरणको निर्णय गरी सम्बन्धित स्थानको नामावली सूचीमा कैफियत खोली संलग्न गराउनु पर्नेछ । समितिमा संगठित भएका

सदस्यले स्थानान्तरण हुन चाहेको स्थानको समान समितिमा संगठित भई क्रियाशील हुन चाहेमा समेत उल्लेख भएको अवस्थामा स्थानान्तरणको निवेदनको साथमा सम्बन्धित समितिको स्वीकृति पत्र समेत संलग्न हुनु पर्नेछ ।

(घ) यसरी प्राप्त प्रमाणित नामावलीका सूचीहरू सम्बन्धित सबै समिति कार्यालयमा केन्द्रीय निर्वाचन आयोगले उपलब्ध गराउनु पर्नेछ ।

(ङ) केन्द्रीय निर्वाचन आयोगको कार्यालयले समितिहरूमा पठाएको प्रमाणित सदस्य नामावली सूची नै पार्टी महाधिवेशनको लागि प्रमाणित मतदाता सूची पनि हुनेछ ।

(च) केन्द्रीय संगठन विभागले तयार गरेको सदस्य नामावली सूची अनुसार केन्द्रीय समितिले महाधिवेशन प्रतिनिधिको सन्दर्भमा विधानमा उल्लेख भएको समितिगत प्रतिनिधि तथा सदस्य संख्यागत अनुपातको आधारमा प्रतिनिधि संख्या बारे निर्णय गर्नेछ। केन्द्रीय समितिले महाधिवेशन प्रतिनिधि व्यवस्थाको लागि निर्वाचनसम्बन्धी कार्यविधि एवम् कार्यतालिका निर्धारण गर्नेछ ।

(छ) समितिगत रूपमा महाधिवेशन प्रतिनिधि रहने समितिहरू यस प्रकार हुने छन्ः

अ. केन्द्रीय समितिका सदस्यहरू पदेन प्रतिनिधि

आ. प्रदेश समिति तथा सो सरहका शिल्पी/गैर भौगोलिक/प्रवास विशेष समिति

इ. पहिचानमा आधारित राष्ट्रिय समिति

ई. जिल्ला समन्वय समिति र सो सरहका पार्टी समिति

उ. हरेक केन्द्रीय निकायहरू

ऊ. केन्द्रीय विभाग तथा केन्द्रीय कार्यालय सबै मिलाएर एक क्षेत्र

ए. जन संगठनका केन्द्रीय संयन्त्र प्रत्येक ।

(ज) समितिगत महाधिवेशन प्रतिनिधिको छनौट समिति सदस्यभित्रबाट चुन्ने र चुनिने प्रक्रियाबाट हुनेछ ।

(झ) सदस्य संख्याको अनुपातमा महाधिवेशन प्रतिनिधि हुने क्षेत्र यस प्रकार छन्ः

अ. प्रतिनिधि सभा निर्वाचन क्षेत्र

आ. जन तथा पेशागत संगठनका केन्द्रीय समिति

इ. प्रवासका नेपाली समाजको केन्द्रीय समिति

ई. गैर भौगोलिक प्रदेश समिति ।

(ञ) सदस्य संख्याको अनुपातमा छनौट हुने महाधिवेशन प्रतिनिधि प्रतिनिधि सभा निर्वाचन क्षेत्र, प्रवासको नेपाली समाज र गैरभौगोलिक प्रदेश समितिको हकमा सम्बन्धित क्षेत्रको पार्टी सदस्यहरूबाट चुन्ने र चुनिने प्रक्रियाबाट हुनेछ । तर समितिगत प्रतिनिधित्वको लागि उम्मेद्वार भइसकेका पार्टी सदस्यहरू पुनः उम्मेद्वार हुन पाउने छैनन् ।

(ट) महाधिवेशनको तोकिएको मिति भन्दा कम्तिमा १५ दिन अगावै महाधिवेशन प्रतिनिधिको नामावली केन्द्रीय कार्यालय आइपुग्ने गरी प्रतिनिधि छनौटको कार्यक्रम तय गरिनु पर्नेछ । प्रतिनिधिहरूको नामावली सूचीको आधारमा प्रतिनिधि हुन छुटेका महिला, शिल्पी/दलित, अल्पसंख्यक समुदाय, अल्पसंख्यक आदिको यकिन गरिनु पर्नेछ ।

(ठ) महाधिवेशनमा प्रतिनिधित्व हुन नसकेका महिला, शिल्पी/दलित, अल्पसङ्ख्यक समुदाय तथा पार्टीमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तित्वहरू मध्येबाट जातीय, क्षेत्रीय, वर्गीय र लैङ्गिक दृष्टिकोणले समावेशी हुने गरी कुल महाधिवेशन प्रतिनिधि सङ्ख्याको ५ (पाँच) प्रतिशत केन्द्रीय समितिले मनोनित गरेका प्रतिनिधिहरू महाधिवेशन प्रतिनिधि हुने छ ।

(ड) जन संगठनबाट हुने महाधिवेशन प्रतिनिधि संख्या यस प्रकार निर्धारण हुनेछः

अ. २००० (दुई हजार) सम्म संगठनको सदस्य भएको जनसङ्गठनको केन्द्रीय समितिबाट १ जना ।

आ. २००१ देखि ४००० सम्म थप १ जना,

इ. ४००१ देखि ७,००० सम्म थप २ जना,

ई. ७,००१ देखि १०,००० सम्म थप ३ जना (महिला १ अनिवार्य)

उ. १०,००१ देखि माथि जतिसुकै भएपनि थप ४ जना (महिला १ र शिल्पी १ अनिवार्य)

(ढ) महासंघका घटकबाटः

अ. ५०० सदस्य भएको हरेकबाट १/१ जना प्रतिनिधि ।

आ. ५०१ देखि १००० सम्म भएको हरेकबाट थप १ प्रतिनिधि ।

इ. १००१ भन्दा माथि भएका हरेकबाट थप २ प्रतिनिधि ।

यसरी तीन प्रतिनिधि हुने अवस्थामा १ जना महिला अनिवार्य हुनु पर्नेछ । यसरी हुने महाधिवेशन प्रतिनिधि सम्बन्धित घटक संगठनको केन्द्रीय समितिमा रहेका पार्टी सदस्यहरूबाट चुन्ने र चुनिने प्रक्रियाबाट छनौट गरिनेछ । जनसंगठनले आफ्नो सदस्य संख्याको प्रमाणित प्रति महाधिवेशनको मिति भन्दा ४ महिना अगावै केन्द्रीय संयन्त्र मार्फत केन्द्रीय संगठन विभागमा पेश गर्नु पर्नेछ ।

अल्पसंख्यक समुदायमा बनेका जनसंगठनको हकमा उपरोक्त मापदण्ड नपुगेमा केन्द्रीय समिति अध्यक्षहरू मध्येबाट छनौट भएका ३ जना प्रतिनिधि हुने छन् ।

(ण) जन संगठनको केन्द्रीय संयन्त्रले आफ्नो संगठनको सदस्य तथा केन्द्रीय समिति भित्रको पार्टी सदस्यहरूको नाम तथा संख्या, प्रवास विशेष समितिले हरेक देशको नेपाली समाजको केन्द्रीय समितिको नाम र समाजको कुल सदस्यको नाम र संख्या तथा गैरभौगोलिक विशेष प्रदेश समितिले हरेक जिल्ला विशेष समिति अन्तरगतको पार्टी सदस्यहरूको नाम र संख्या प्रमाणित गरी केन्द्रीय

संगठन विभागमा पार्टी महाधिवेशनको मितिले ४ (चार) महिना अगावै बुझाइ सक्नु पर्नेछ । यसरी बुझाएको संख्या नै महाधिवेशन प्रतिनिधिको संख्या निर्धारण गर्ने आधार हुनेछ ।

(त) जनसंगठनबाट थप हुने महाधिवेशन प्रतिनिधि सम्बन्धित केन्द्रीय समितिमा रहेका पार्टी सदस्यहरूबाट चुन्ने र चुनिने प्रक्रिया मार्फत छनौट हुने छन् ।

(थ) जनसंगठनको इञ्चार्जले केन्द्रीय निर्वाचन आयोगको सहयोगमा प्रतिनिधि छनौट कार्य सम्पन्न गर्नेछ ।

(द) महाधिवेशनमा पार्टी केन्द्रीय समितिले कुल प्रतिनिधि संख्याको ५ प्रतिशतसम्म पर्यवेक्षकको निर्णय गर्न सक्नेछ । यसरी निर्णय गर्दा समावेशिता, भौगोलिकता र भूगोलमा रहेको पार्टी सदस्य संख्यालाई ध्यान दिइनु पर्नेछ ।

(ध) महाधिवेशनले केन्द्रीय समितिको संख्या र समावेशिताको प्रतिशत बारे निर्णय गर्नेछ ।

(न) महाधिवेशको प्रारम्भमा केन्द्रीय समितिको अध्यक्षले अध्यक्षता गर्नेछ । महाधिवेशनले पाँच सदस्यीय अध्यक्ष मण्डल तथा आवश्यक समितिहरूको निर्वाचन गर्नेछ । यस पछिको महाधिवेशनका कार्यक्रम अध्यक्ष मण्डलले संचालन गर्नेछ ।

(प) महाधिवेशनले केन्द्रीय समिति तथा सङ्घीय परिषद् अध्यक्ष र केन्द्रीय समिति सदस्यहरू निर्वाचित गर्नेछ । निर्वाचन केन्द्रीय निर्वाचन आयोगले सम्पन्न गर्नेछ ।

(फ) महाधिवेशनमा निर्वाचित केन्द्रीय समितिको घोषणा भएपछि आयोजक केन्द्रीय समिति स्वतः विघटन हुनेछ

(ब) महाधिवेशनले आवश्यक रहेको सबै कार्य गर्नेछ ।

## परिच्छेद ५
## प्रदेश परिषद्

### १०. प्रदेश परिषद् गठनः

प्रदेश तहमा प्रदेश परिषद् दुई प्रदेश अधिवेशन बीचको  सर्वोच्च निकाय हुनेछ । यसको गठन निम्नानुसार हुनेछः

(क) प्रदेश समितिका सदस्यहरू पदेन सदस्य

(ख) प्रदेश सल्लाहाकार समिति, प्रदेश विज्ञ परिषद्, प्रदेश आयोगहरूका सदस्यहरू पदेन सदस्य

(ग) पहिचानमा आधारित राष्ट्रिय समितिका पदाधिकारीहरू पदेन सदस्य

(घ) जिल्ला समन्वय समिति तथा विशेष संरचनाका अध्यक्ष पदेन सदस्य

(ङ) मापदण्ड पुगेका जनसंगठनका प्रदेश समिति अध्यक्ष पदेन सदस्य

(च) समावेशी प्रयोजनका लागि महिला, शिल्पी/दलित, अल्पसंख्यक समेतलाई

ध्यान दिई प्रदेश समितिले मनोनित गरेका नियम १०. (क) देखि (ङ) सम्मका सदस्यहरूको कूल संख्याको ५ (पाँच) प्रतिशत मनोनित सदस्यहरू

**११.** प्रदेश परिषद् बैठकले परिषद् अध्यक्षको निर्वाचन गर्नेछ ।

**१२.** प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार आफ्नो क्षेत्राधिकार भित्र विधानमा उल्लेखित सङ्घीय परिषद्को काम, कर्तव्य र अधिकार हुनेछ ।

**१३.** प्रदेश परिषद्को बैठक ६/६ महिनामा बस्नेछ ।

## परिच्छेद ६
## अधिवेशन तथा समन्वय समिति गठन

**१४. प्रदेश अधिवेशन**

(क) प्रदेश अधिवेशनको आयोजना र व्यवस्थापन प्रदेश समितिले गर्नेछ । प्रदेश समितिको बैठकले अधिवेशनको मिति बारे निर्णय गर्नेछ । यसरी निर्णय गर्दा प्रदेश भित्रको पार्टी सदस्यता वितरण, नविकरण, स्थानान्तरण तथा पहिचानको राष्ट्रिय समिति लगायत मातहतका समितिहरूको गठन पुनर्गठनको अन्तिम मितिको समेत निर्णय गर्नु पर्नेछ । अधिवेशन र सदस्यता वितरण, नविकरण, स्थानान्तरण तथा समिति गठन, पुनर्गठनको अन्तिम मितिको समयावधिबीच कम्तिमा तीन महिनाको अन्तर हुनु पर्नेछ ।

(ख) प्रदेश संगठन विभागले पार्टी सदस्य र समितिमा संगठित सदस्यको नामावलीलाई केन्द्रीय संगठन विभागबाट अनुमोदन गराइ अधिवेशनको मिति भन्दा दुई महिना अगावै प्रमाणित गरी प्रदेश निर्वाचन आयोगमा पेश गर्नु पर्नेछ ।

(ग) प्रदेश संगठन विभागले प्रमाणित गरी पठाएको सदस्य तथा समितिहरूमा संगठित सदस्यहरूको नामावली सूचीलाई प्रदेश निर्वाचन आयोगले पहिचानको राष्ट्रिय समिति, जिल्ला / निर्वाचन क्षेत्र समन्वय समिति, स्थानीय पालिका समिति र वडा समितिहरूमा आवस्यक सूची पठाउनेछ । यो सदस्य नामावलि सूची नै प्रदेश अधिवेशन प्रतिनिधिको चुन्ने र चुनिने आधिकारिक मतदाता सूची हुनेछ ।

(घ) प्रदेश संगठन विभागले पार्टी तथा जनसंगठनका सबै तहगत समितिमा रहेका समिति सदस्यहरू र जनसंगठन भित्रका पार्टी सदस्यहरूको नामावली तथा तहगत पार्टी संयन्त्रमा रहेका सदस्यहरूको नामावली समेत प्रदेश निर्वाचन आयोगलाई दिनु पर्नेछ । निर्वाचन आयोगमा प्रस्तुत नामावली नै सम्बन्धित समितिगत प्रतिनिधित्वको लागि चुन्ने र चुनिने मतदाता नामावली हुनेछ ।

(ङ) प्रदेश निर्वाचन आयोगमा पेश भएको पार्टी सदस्य तथा समिति सदस्यहरूको संख्याको आधारमा प्रदेश समितिले विधानमा उल्लेख भए अनुसार समितिगत र सदस्य संख्याको अनुपातको आधारमा अधिवेशन प्रतिनिधिको संख्या तथा छनौट कार्यविधि बारे निर्णय गर्नेछ ।

(च) समितिगत प्रदेश अधिवेशन प्रतिनिधि हुने क्षेत्र यस प्रकार हुने छन्:

अ. प्रदेश समितिका सदस्यहरू सबै पदेन प्रतिनिधि

आ. हरेक प्रदेश निकायहरू

इ. प्रदेश विभाग र प्रदेश कार्यालय सबै मिलाएर एक क्षेत्र

ई. पहिचानमा आधारित राष्ट्रिय समिति

उ. विशेष संरचना

ऊ. जिल्ला तथा निर्वाचन क्षेत्र समन्वय समिति सबै मिलाएर एक क्षेत्र

ए. जन संगठनका प्रदेश पार्टी संयन्त्र ।

ऐ. प्रादेशिक भूगोलमा गठन भएको शिल्पी विशेष समिति

(छ) सदस्य संख्याको अनुपातमा प्रदेश अधिवेशनमा प्रतिनिधि हुने क्षेत्र यस प्रकार हुने छन्:

अ. गाउँ/नगर/उप तथा महानगर पालिका

आ. जन संगठनका जिल्ला समितिको संयन्त्र ।

(ज). जन संगठनका प्रदेश समितिहरूबाट प्रदेश अधिवेशनमा प्रतिनिधि संख्या यस प्रकार तोकिने छ:

सम्बन्धित प्रदेश भित्र–

अ. ५०० सम्म संगठनको सदस्य संख्या भएको जन संगठनको प्रदेश समितिबाट १ जना ।

आ. ५०१ देखि १००० सम्म संगठनको सदस्य भएमा प्रदेश समितिबाट थप १ जना ।

इ. १००१ देखि २००० सम्म संगठनको सदस्य भएमा १ महिला सहित थप २ जना ।

ई. २००१ देखि माथि जतिसुकै सदस्य भए पनि १ महिला सहित थप ३ जना ।

(झ) महासंघ अन्तरगतका हरेक घटकका प्रदेश समितिबाट निम्नानुसार प्रदेश अधिवेशन प्रतिनिधि हुने छन्:

सम्बन्धित प्रदेश भित्र,

अ. २०० सम्म सदस्य भएमा प्रदेश समितिबाट १ जना ।

आ. २०१ देखि माथि ३०० सम्म सदस्य भएमा प्रदेश समितिबाट थप १ जना ।

इ. ३०१ माथि जतिसुकै भए पनि प्रदेश समितिबाट थप २ जना (१ महिला सहित) ।

तर अल्पसंख्यक जातीय समुदायका संगठनमा भने जतिसुकै सदस्य भए पनि प्रदेश समितिबाट १ जना प्रतिनिधि हुनेछ ।

(ञ) जन संगठनका प्रदेश पार्टी संयन्त्रले प्रदेश भरीका आफ्नो संगठनको सदस्यको नाम र संख्या प्रमाणित गरी प्रदेश संगठन विभागमा अधिवेशनको मिति भन्दा तीन महिना अगावै पेश गर्नु पर्नेछ । यही संख्या नै अधिवेशन प्रतिनिधिको लागि संख्या निर्धारण गर्ने आधार हुनेछ ।

(ट) प्रदेश अधिवेशनमा समितिगत प्रतिनिधि छनौट गर्दा सम्बन्धित समितिमा रहेका पार्टी सदस्यहरूबाट चुन्ने र चुनिने प्रक्रिया अपनाउनु पर्नेछ । सदस्य संख्याको अनुपातमा प्रतिनिधि छनौट गर्दा सदस्य भित्र चुन्ने र चुनिने प्रक्रिया अपनाइने छ । तर एक क्षेत्रबाट प्रतिनिधिको लागि उम्मेद्वार भैसकेका सदस्य अर्को क्षेत्रमा पुनः प्रतिनिधि उम्मेद्वार बन्न पाइने छैन ।

(ठ) प्रदेश विभागहरू र प्रदेश कार्यालय मिलाएर प्रदेश अधिवेशन प्रतिनिधिको एक क्षेत्र हुनेछ । यस क्षेत्रबाट प्रतिनिधिको छनौट विभाग र कार्यालयका सदस्यहरू भित्र (प्रदेश समिति सदस्य बाहेक) चुन्ने र चुनिने प्रक्रियाका आधारमा हुनेछ । यस क्षेत्रको प्रतिनिधि संख्या प्रदेश समितिले तोक्नेछ ।

(ड) गैर भौगोलिक विशेष प्रदेश समिति मातहतको भौगोलिक प्रदेशमा गठन भएको सम्पर्क विशेष जिल्ला समिति र पहिचानको सम्पर्क विशेष समितिबाट सम्बन्धित प्रदेश अधिवेशनमा समितिगत प्रतिनिधि रहनेछ । यसको प्रतिनिधि संख्या बारे सम्बन्धित प्रदेश समितिले निर्णय गर्नेछ । यसको छनौट समिति सदस्यभित्रबाट चुन्ने र चुनिने प्रक्रियाबाट हुनेछ ।

यस क्षेत्रको प्रतिनिधि संख्या बारे केन्द्रीय संगठन विभागले प्रदेश अधिवेशनको तोकिएको मितिको तीन महिना अगावै अध्यावधिक गरेको पार्टी सदस्य संख्यालाई आधार मानी प्रदेश समितिले निर्धारण गर्नेछ ।

(ढ) अधिवेशन बारे प्रदेश समितिले केन्द्रीय समिति र प्रदेश निर्वाचन आयोगलाई जानकारी गराउने छ साथै अन्य आवश्यक निर्णय गर्नेछ ।

(ण) अधिवेशनको प्रारम्भमा आयोजक प्रदेश समितिको अध्यक्षले अध्यक्षता गर्नेछ । अधिवेशनले पाँच सदस्यीय अध्यक्ष मण्डल र आवश्यक समितिहरू निर्वाचित गर्नेछ । यस पछिको अधिवेशनका कार्यक्रमहरू अध्यक्ष मण्डलले संचालन गर्नेछ ।

(त) अधिवेशनले प्रदेश समितिको अध्यक्ष र सदस्यहरूको निर्वाचन गर्नेछ । समावेशिताको संख्या बारे अधिवेशनले निर्णय गर्नेछ । निर्वाचन कार्यक्रम प्रदेश निर्वाचन समितिले संचालन गर्नेछ ।

(थ) अधिवेशनमा निर्वाचित प्रदेश समितिको घोषणा भएपछि आयोजक प्रदेश समिति स्वतः भङ्ग हुने छ ।

(द) अधिवेशनले अवश्यक सबै निर्णयहरू गर्नेछ ।

## १५. स्थानीय तहको अधिवेशन

### (क) वडा अधिवेशन

अ. अघिल्लो वडा अधिवेशन भएको तेश्रो वर्षमा सम्बन्धित वडा समितिले वडा अधिवेशनको आयोजना गर्नेछ । वडाका सबै पार्टी सदस्यहरू वडा अधिवेशन प्रतिनिधि हुने छन ।

आ. वडा अधिवेशनमा गाउँ/ नगर समितिको प्रतिनिधि उपस्थित हुने छन् । माथिल्लो समितिमा रहेका सम्बन्धित वडाका सदस्यहरूलाई वडा समितिले अधिवेशनमा आमन्त्रित गर्न सक्ने छ ।

इ. प्रारम्भमा अधिवेशनको अध्यक्षता आयोजक वडा समिति अध्यक्षले गर्नेछ । अधिवेशनले तीन सदस्यीय अध्यक्ष मण्डल तथा आवश्यक समितिको निर्वाचन गर्नेछ । अध्यक्ष मण्डलको निर्वाचन पछि अधिवेशन अध्यक्ष मण्डलले संचालन गर्नेछ ।

ई. अधिवेशनले वडा समितिको अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १ र बढीमा १५ सदस्यहरूको निर्वाचन गर्नेछ । सदस्य पदमा महिला र शिल्पी/दलितको लागि उपयुक्त संख्यामा स्थान आरक्षित गर्नु पर्ने छ । अधिवेशनले यस्तो आरक्षित संख्या निर्धारण गर्दा पार्टी सदस्यताको आधारमा गर्नेछ । आरक्षित स्थानमा उम्मेद्वारी हुन नसके समितिको बैठकले पछि पद पुर्ति गर्नेछ । निर्वाचनमा सहमतिलाई प्राथमिकता दिइने छ । निर्वाचनको लागि आवश्यक रहेमा अधिवेशनले तीन सदस्यीय निर्वाचन समिति गठन गर्न सक्ने छ । अधिवेशनमा वडा समिति निर्माण भएको घोषणा पछि आयोजक वडा समिति स्वतः भंग हुने छ ।

उ. प्रदेश निर्वाचन समितिले प्रमाणित गरी पठाएको सदस्यता नामावली नै वडा अधिवेशनको आधिकारिक मतदाता नामावली हुनेछ ।

### (ख) गाउँ/नगर/उप/महानगर पालिका समितिको अधिवेशन

१. अघिल्लो अधिवेशन भएको तेश्रो वर्षमा गाउँ/नगर/ उप/महानगर पालिका समितिले अधिवेशनको आयोजना गर्नेछ । अधिवेशनमा माथिल्लो समितिको प्रतिनिधि उपस्थित हुने छन् ।

२. पालिका समिति र यसको सल्लाहाकार समितिका सबै सदस्य अधिवेशन प्रतिनिधि हुने छन् ।

३. अधिवेशनमा हरेक वडा समितिबाट प्रतिनिधि हुने छन् । यसको लागि सम्बन्धित पालिका समितिले प्रतिनिधि संख्या र अनुपात सम्बन्धी निर्णय गर्नेछ ।

४. वडाबाट हुने अधिवेशन प्रतिनिधिको छनौट वडाका सबै पार्टी सदस्य भित्र चुन्ने र चुनिने प्रक्रियाबाट हुनेछ ।

५. पालिका तहको जन संगठनको संयन्त्रबाट समितिगत प्रतिनिधि गराइनु पर्नेछ । जन संगठन भित्र रहेको पार्टी सदस्य संख्याको आधारमा प्रतिनिधिको

संख्या र त्यसको छनौट प्रक्रिया बारे पालिका समितिले निर्णय गर्नेछ । विभागहरू सबै मिलाएर प्रतिनिधिको एक क्षेत्र हुनेछ । यसको छनौट प्रक्रिया र संख्या समितिले निर्णय गर्नेछ ।

६. प्रतिनिधि संख्या र अनुपात बारे निर्णय गर्दा हरेक ३ प्रतिनिधिमा १ महिला रहने गरी गर्नु पर्नेछ ।

७. कुल प्रतिनिधि संख्याको १० प्रतिशत समावेशी अनुपातलाई ध्यान दिइ समितिले थप प्रतिनिधिको निर्णय गर्न सक्नेछ । यसमा शिल्पी/दलितको प्रतिनिधित्वलाई विशेष ध्यान दिइनु पर्नेछ ।

८. अधिवेशनको लागि प्रदेश निर्वाचन कार्यालयले पठाएको प्रमाणित पार्टी सदस्यको नामावली हुनेछ ।

९. अधिवेशनमा प्रदेश निर्वाचन आयोग, सम्बन्धित जिल्ला, पहिचानमा आधारित राष्ट्रिय समिति र प्रदेश समितिको प्रतिनिधि आमन्त्रित गरिने छ ।

१०. अधिवेशन प्रारम्भको अध्यक्षता आयोजक समितिको अध्यक्षले गर्नेछ । अधिवेशनले तीन सदस्यीय अध्यक्ष मण्डलका साथै आवश्यक समितिहरूको निर्वाचन गर्नेछ । अध्यक्ष मण्डलको निर्वाचन पछि निर्वाचित अध्यक्ष मण्डलले अधिवेशन संचालन गर्नेछ ।

११. अधिवेशनले प्रदेश निर्वाचन आयोगको प्रतिनिधिको अध्यक्षतामा तीन सदस्यीय निर्वाचन समिति गठन गरी निर्वाचनको कार्यको जिम्मेवारी सुम्पने छ ।

१२. अधिवेशनले गाउँ तथा नगर समितिमा अध्यक्ष १, उपाध्यक्ष २ (अध्यक्ष र उपाध्यक्ष मध्ये १ महिला अनिवार्य), सचिव १, उपसचिव २, कोषाध्यक्ष १ सहित बढीमा क्रमशः ४१ र ५१ जना; उपमहानगर र महानगरमा अध्यक्ष १, उपाध्यक्ष ३ (१ महिला), सचिव १, उपसचिव ३ (१ महिला), कोषाध्यक्ष १ सहित बढीमा क्रमशः ८१ र ९१ जना सम्बन्धित समितिको लागि निर्वाचित गर्नेछ । निर्वाचनमा सहमतिलाई प्राथमिकता दिइनेछ । हरेक समितिमा निर्वाचित सदस्य संख्याको एक तिहाई महिलाको लागि र उपयुक्त संख्यामा शिल्पी/दलित समुदायको लागि स्थान आरक्षित गर्नु पर्नेछ । उक्त आरक्षित स्थानहरूमा उम्मेद्वारी हुन नसके स्थान रिक्त राखी पछि समिति बैठकले पदपुर्ति गर्नेछ ।

१३. अधिवेशनमा पालिका समिति निर्वाचित भएको घोषणा पछि आयोजक समिति स्वतः भङ्ग हुनेछ ।

१४. अधिवेशनमा सम्बन्धित गाउँ/नगरका माथिल्लो समितिका सदस्यहरूलाई आमन्त्रित गर्न सकिने छ ।

**(ग) जिल्ला समन्वय समितिको गठन सम्बन्धमाः**

१. जिल्ला भित्रका बहुमत स्थानीय पालिका समितिको अधिवेशन सम्पन्न भएपछि जिल्ला समन्वय समितिले गठन भेलाको मिति निर्णय गर्नेछ र माथिल्लो समिति तथा प्रदेश निर्वाचन आयोगलाई जानकारी गराउने छ । तोकिएको

मितिमा जिल्ला समन्वय समितिले भेलाको आयोजना र व्यवस्थापन गर्नेछ। भेला बैठकमा प्रदेश निर्वाचन आयोगले प्रतिनिधि खटाउने छ।

२. तोकिएको मितिमा भेला सम्पन्न गर्न जिल्ला समन्वय समतिले गाउँ/नगरबाट पदेन बाहेकका थप प्रतिनिधि चयन र नगरपालिकाको पार्टी सदस्य संख्याको आधारमा थप गर्न सकिने प्रतिनिधि संख्या समेत तय गरी छनौट गरी सक्नु पर्ने मिति र जिल्ला समन्वय समितिमा नामहरू आइ पुग्नु पर्ने अन्तिम मिति बारे निर्देशन गर्नेछ। यसरी संख्या तोक्दा ३ प्रतिनिधिमा १ महिला हुने गरी तोक्नु पर्नेछ।

३. जिल्ला समन्वय समितिकोलागि स्थानीय पालिकाबाट हुने पदेन बाहेकका थप प्रतिनिधिको छनौट सम्बन्धित पालिका समितिले गर्नेछ।

४. जिल्ला समन्वय समिति गठन भेला मौजुदा जिल्ला समन्वय समितिले सञ्चालन गर्नेछ। उक्त गठन भेलामा जिल्ला समन्वय समिति सदस्यहरूको घोषणा गरिनेछ। यस घोषणा पछि प्रदेश निर्वाचन आयोगको प्रतिनिधिलाई पदाधिकारी निर्वाचनको लागि कार्य हस्तान्तरण गरिने छ। प्रदेश निर्वाचन आयोगको प्रतिनिधिले निर्वाचन कार्यक्रम संचालन गर्नेछ । निर्वाचनमा सहमति र समावेशितालाई प्राथमिकता दिइनेछ । यसको लागि माथिल्लो समितिका प्रतिनिधिहरूले सहयोगी भूमिका खेल्नेछन् । बैठकबाट जिल्ला समन्वय समितिको लागि अध्यक्ष १, उपाध्यक्ष ३, सचिव १, उपसचिव १ र कोषाध्यक्ष १ निर्वाचित गरिनेछ। यसरी पदाधिकारी निर्वाचित भएको घोषणासंगै पुरानो जिल्ला समन्वय समिति स्वतः विघटन हुनेछ।

५. गठन बैठकमा सम्बन्धित जिल्लाका माथिल्लो समितिका सदस्यहरू आमन्त्रित गर्न सकिने छ।

**(घ) प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समितिको गठन**

१. दुई वा दुई भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाका हरेक निर्वाचन क्षेत्रमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समिति गठन गरिनेछ।

२. प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समितिको गठन भेलाको आयोजना भईरहेको प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समितिले गर्नेछ। यसको जानकारी जिल्ला समन्वय समिति र प्रदेश निर्वाचन आयोगलाई दिनुपर्नेछ। यसको गठन स्थानीय तहको अध्यक्ष पदेन सदस्य र जिल्ला समन्वय समितिको निर्णयले तोकेको सम्बन्धित क्षेत्रका सदस्यहरूको नामावलीको घोषणा गरी हुनेछ। जिल्ला समन्वय समितिले प्रतिनिधि छनौट गर्दा महिला, शिल्पी/दलित तथा जातीय समावेशितालाई ध्यान दिनु पर्नेछ। सो बैठकमा प्रदेश निर्वाचन आयोगको प्रतिनिधिले समिति भित्रबाट अध्यक्ष १, सचिव १ र कोषाध्यक्ष १ को निर्वाचन गर्नेछ। निर्वाचित पदाधिकारीको घोषणा भए पछि अघिल्लो

समिति स्वतः विघटन हुने छ । यस समितिले विधान बमोजिमका सदस्य मनोनित गर्नेछ ।

३. यस गठन भेलामा सम्बन्धित राष्ट्रिय समिति र प्रदेश समितिका प्रतिनिधि उपस्थित हुने छन् । सम्बन्धित जिल्लाका माथिल्लो समितिका सदस्यलाई आमन्त्रित गर्न सकिने छ ।

४. दुई वा दुई भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा विभाजित गाउँ, नगर, उप तथा महानगर समितिको अध्यक्ष सबै निर्वाचन क्षेत्र समन्वय समितिमा रहनेछन् ।

५. प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समितिमा निर्वाचित प्रतिनिधि सभा सदस्य पदेन सदस्य हुनेछन ।

६. समितिको बैठकमा जिल्ला समन्वय समितिको प्रतिनिधि उपस्थित गराउनु पर्नेछ ।

**(ङ) प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समितिको गठन**

१. प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समितिको गठन सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समितिले गर्नेछ । यस गठन भेला बारे जिल्ला समन्वय समितिलाई जानकारी गराउनु पर्नेछ । गठन भेलामा जिल्ला समन्वय समितिको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

२. प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समितिमा त्यस प्रदेश सभा निर्वाचन क्षेत्र भित्र पर्ने सिंगो गाउँ वा नगर पालिकाबाट पालिका समितिले तोकेको कम्तिमा एक समिति सदस्य र सिंगो गाउँ वा नगर पालिका क्षेत्र नपरी केही वडामात्र परेका छन भने ती वडाबाट वडा समितिका अध्यक्षहरू पदेन सदस्य रहने छन् । गाउँ वा नगर समितिबाट पार्टी सदस्य संख्याको आधारमा थप सदस्य रहन सक्नेछन् । सदस्य संख्याको अनुपात र छनौट विधि सम्बन्धित जिल्ला समन्वय समितिले तोक्नेछ ।

३. भेलामा उपस्थित जिल्ला समन्वय समितिको प्रतिनिधिले समितिको अध्यक्ष १, सचिव १ र कोषाध्यक्ष १ को लागि निर्वाचन कार्य सम्पन्न गर्नेछ । निर्वाचनमा सहमतिलाई प्राथमिकता दिइने छ । पदाधिकारीको निर्वाचन परिणाम घोषणा भए पछि समिति गठन कार्य सम्पन्न हुनेछ । प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समिति नभएको जिल्लामा जिल्ला समन्वय समितिले प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समितिको गठन गर्नेछ ।

४. प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समितिमा निर्वाचित प्रदेश सभा सदस्य पदेन सदस्य रहने छन् ।

# परिच्छेद ७
# केन्द्रीय कार्यालय व्यवस्थापन

**१६. केन्द्रीय कार्यालय व्यवस्थापन समितिः**

(क) पार्टीको केन्द्रीय कार्यालयलाई व्यवस्थित रुपले संचालन गर्न एक केन्द्रीय कार्यालय व्यवस्थापन समिति गठन गरिने छ ।

(ख) केन्द्रीय समितिले एक जना केन्द्रीय कार्यालय प्रमुख तोक्ने छ। आवश्यकताको आधारमा उपप्रमुखहरू र कार्यालय सचिव पनि तोक्न सक्ने छ ।

(ग) कार्यालय प्रमुखको नेतृत्वमा उपमहासचिव, सचिव, कोषाध्यक्ष, प्रचार विभाग प्रमुख लगायत आवश्यक सदस्यहरूको कार्यालय व्यवस्थापन समिति गठन हुने छ । यस समितिमा तोकिएका कार्यालय उपप्रमुख र कार्यालय सचिव समेत रहने छन् ।

(घ) केन्द्रीय कार्यालय व्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्ने छ । बैठकको अध्यक्षता कार्यालय प्रमुखले गर्नेछ ।

**१७.** (क) कार्यालय व्यवस्थापन र संचालनको लागि आवश्यक निर्देशिका तथा आचार संहिता बनाइ कार्यालय व्यवस्थापन समितिले लागु गर्न सक्नेछ ।

(ख) केन्द्रीय समितिले केन्द्रीय कार्यालयका निम्ति आवश्यक कर्मचारी दरबन्दी र तिनीहरूको सेवा, सुविधाको सर्तहरू निश्चित गर्नेछ ।

(ग) त्यसरी निश्चित गरिएको दरबन्दी र सेवा, सुविधाका शर्तका अधिनमा रही केन्द्रीय कार्यालय व्यवस्थापन समितिले कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

**१८.** केन्द्रीय कार्यालयमा आएका राजनीतिक तथा संगठनात्मक लगायत अन्य समस्या समाधानको लागि कार्यालय प्रमुखले सम्बन्धित जिम्मेवार तथा प्रमुखसँग परामर्श गर्नेछ ।

**१९.** (क) केन्द्रीय कार्यालय व्यवस्थापन समितिले केन्द्रीय कार्यालयको जनशक्ति र भौतिक सामाग्रीहरूको परिचालन, प्रयोग, व्यवस्थापन र सुरक्षा गर्नेछ ।

(ख) केन्द्रीय कार्यालय व्यवस्थापन समितिले आफुहरूबीच कामको वैज्ञानिक र व्यवस्थित बाँडफाँट गर्नेछ ।

(ग) केन्द्रीय कार्यालय व्यवस्थापन समितिले कार्यालयमा विभिन्न कार्यका लागि सम्पर्कमा आउने व्यक्ति र विभिन्न तहका पार्टी तथा संगठनमा आवद्ध सदस्यहरूलाई सेवा, परामर्श वा सुचना दिन एकजना समिति सदस्यलाई सम्पर्क व्यक्ति तोक्न सक्नेछ ।

२०. केन्द्रीय कार्यालय व्यवस्थापन समितिले दैनिक कार्यहरूको सम्पादनका साथै अभिलेख व्यवस्थापन, जिन्सी व्यवस्थापन, महत्वपूर्ण चिठी पत्र, प्रतिवेदन आदिलाई आवश्यक सुरक्षा र गोपनियताको साथ संरक्षण गर्नेछ ।

२१. (क) कार्यालय व्यवस्थापन समितिले केन्द्रीय कार्य कारिणी समितिमा चौमासिक रूपमा आफ्नो कार्य तथा आवश्यक प्रतिवेदन पेश गर्नेछ ।

(ख) केन्द्रीय समितिले तोकेका कामहरू गर्नेछ ।

## परिच्छेद ८
## पहिचानमा आधारित प्रादेशिक संरचना सम्बन्धमा

२२. पार्टीको रणनीतिक लक्ष्य पहिचान सहितको सङ्घीयता प्राप्तिको राजनीतिक कामको निम्ति पहिचानमा आधारित प्रादेशिक राष्ट्रिय समितिहरू गठन गरिनेछन् । ती निम्नानुसार हुने छन्ः

(क) लिम्बुवान राष्ट्रिय समिति (ख) किरात राष्ट्रिय समिति (ग) शेर्पालुङ्ग राष्ट्रिय समिति (घ) ताम्सालिङ्ग राष्ट्रिय समिति (ङ) नेवाः राष्ट्रिय समिति (च) तमुवान राष्ट्रिय समिति (छ) मगरात राष्ट्रिय समिति (ज) खसान राष्ट्रिय समिति (झ) थरूहट राष्ट्रिय समिति (ञ) मधेस राष्ट्रिय समिति (ट) शिल्पी विशेष प्रदेश समिति

२३. (क) संविधान सभामा सङ्घीय प्रदेशको संरचना गर्न सुझावको लागि तत्कालिन सरकारबाट गठित राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगले पेश गरेको सुझाव प्रतिवेदन २०६८ (आयोगको प्रतिवेदन) ले प्रस्ताव गरेको प्रदेशहरूको सिमाङ्कन क्षेत्रको आधारलाई पहिचानमा आधारित राष्ट्रिय समितिको क्षेत्रको आधार बनाइनेछ । शेर्पालुङ्ग राष्ट्रिय समितिको क्षेत्रको सम्बन्धमा भने संविधान सभाको राज्य पुनर्संरचना तथा राज्य शक्ति बाडफाँट समितिले प्रस्तुत गरेको अवधाणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन २०६६ (समितिको प्रतिवेदन) को आधार लिइने छ । खसान, थरूहट र मधेश राष्ट्रिय समितिको क्षेत्रहरू क्रमशः आयोगको प्रतिवेदनमा उल्लेखित कर्णाली-खप्तड प्रदेश, मधेश-अवध-थरूवान प्रदेश र मधेश-मिथिला-भोजपुरा प्रदेशको सिमाङ्कनको आधार हुनेछ । ओयोगको प्रतिवेदनमा उल्लेख भएको नारायणी प्रदेशमा रहेका जिल्लाहरूमध्ये अधिकांशलाई तमुवान, मगरात, ताम्सालिङ राष्ट्रिय समितिहरूमा (अनुसूची २) तथा चितवन र नवलपरासी जिल्ला नियम २३ (ख) को हैसियतमा रहने छ । (अनुसुची १)

(ख) दुई वा दुई भन्दा बढी पहिचानमा आधारित राष्ट्रिय समितिमा विभाजित जिल्लाहरू प्रदेश समिति अन्तरगत रहने छन् । यस्ता जिल्लाहरू बारे

सम्बन्धित पहिचानको राष्ट्रिय समितिहरूबीच आपसी सहमति भएमा एक अर्का राष्ट्रिय समिति अन्तरगत रहन सक्ने छन् । सहमतिको निर्णय प्रदेश तथा केन्द्रीय समितिलाई जानकारीको लागि दिनु पर्ने छ ।
यस्ता जिल्लाहरूको नामावली अनुसुची १ मा राखिएको छ ।

(ग) पहिचानमा आधारित राष्ट्रिय समिति/समन्वय समितिले पहिचानको आन्दोलन केन्द्रीय समितिसँग समन्वय गरी गर्नेछ ।

२४. (क) प्रदेश अन्तरगतका बहुमत जिल्ला समन्वय समिति गठन भए पछि पहिचानमा आधारित राष्ट्रिय समितिले गठन भेलाको मिति निर्धारण गरी सम्बन्धित प्रदेश समिति र प्रदेश निर्वाचन आयोगलाई जानकारी गर्नेछ ।

(ख) तोकिएको मिति भित्र प्रदेश समितिले आफु भित्रबाट सम्बन्धित पहिचानको राष्ट्रिय समितिमा रहने सम्बन्धित क्षेत्रका सदस्यहरूको मनोनयन गर्नेछ । यसरी मनोनयन गर्दा जाति तथा लैंगिक समावेशितालाई ध्यान दिनु पर्ने छ ।

(ग) गठन भेला सम्बन्धित राष्ट्रिय समितिले संचालन र व्यवस्थापन गर्नेछ ।

## २५. पहिचानमा आधारित राष्ट्रिय समिति गठनः

पहिचानमा आधारित राष्ट्रिय समितिमा निम्नानुसार सदस्य हुने छन्ः

(क) सम्बन्धित पहिचानमा आधारित राष्ट्रिय समिति क्षेत्र भित्रका जिल्ला समन्वय समितिका अध्यक्षहरू

(ख) प्रदेश समितिले मनोनित गरेका सम्बन्धित क्षेत्रका प्रदेश समिति सदस्यहरू

(ग) जनसंगठनका प्रदेश समितिका अध्यक्षहरू ।

(घ) सम्बन्धित राष्ट्रिय समितिको क्षेत्र भित्रका विशेष संरचनाका अध्यक्षहरू ।

(ङ) गठन भेलामा नयाँ राष्ट्रिय समिति सदस्यहरूको नामावलीको घोषणा गरिनेछ ।

(च) समिति सदस्यहरूको घोषणा पछि पदाधिकारीहरूको निर्वाचन कार्य शुरू हुनेछ । यो कार्य प्रदेश निर्वाचन आयोगको प्रतिनिधिले सम्पन्न गर्नेछ । पदाधिकारीहरूको निर्वाचन राष्ट्रिय समिति सदस्य भित्र चुन्ने र चुनिने प्रक्रियाबाट हुने छ ।

(छ) सदस्यहरूले समितिको अध्यक्ष १, उपाध्यक्ष ३ (महिला १ सहित), मुख्य सचिव १, सचिव १ र कोषाध्यक्ष १ निर्वाचित गर्नेछन् ।

(ज) पदाधिकारीहरू निर्वाचित भएको घोषणासँगै अघिल्लो राष्ट्रिय समिति स्वतः विघटन हुनेछ ।

(झ) दुई वा दुई भन्दा बढी पहिचानमा आधारित राष्ट्रिय समितिमा विभाजित जिल्लाका अध्यक्ष सबै पहिचानमा आधारित राष्ट्रिय समितिमा रहने छन् ।

(च) गठन भेलामा सम्बन्धित प्रदेश तथा पहिचानको राष्ट्रिय समितिका इञ्चार्ज, सहइञ्चार्जका साथै प्रदेश समिति र प्रदेश निर्वाचन आयोगका प्रतिनिधि उपस्थित हुने छन् ।

(छ) गठन भेलामा सम्बन्धित राष्ट्रिय समिति क्षेत्रका माथिल्ला समिति सदस्यहरूलाई आमन्त्रित गर्न सकिने छ ।

**२६.** पहिचानमा आधारित राष्ट्रिय समितिको क्षेत्र भित्रका विशेष संरचनाका समितिहरू गठन भए पछि समितिका अध्यक्षलाई पदेन सदस्यको हैसियतमा सम्बन्धित पहिचानमा आधारित राष्ट्रिय समितिले बैठकमा सहभागी गराउनु पर्नेछ ।

**२७.** समितिले कुल सदस्य संख्याको १५ प्रतिशतमा नबढ्ने गरी समानुपातिक समावेशितालाई ध्यान दिँदै सदस्य थप गर्नसक्नेछ ।

**२८.** (क) दुई वा दुई भन्दा बढी प्रदेशमा विभाजित पहिचानमा आधारित राष्ट्रिय समितिको कामलाई संयोजन गर्न तोकिएको इञ्चार्जले प्रदेश समितिहरूसँग समन्वय गरी पहिचानमा आधारित राष्ट्रिय समन्वय समिति गठन भेलाको अयोजना गर्नेछ । यस समन्वय समितिमा आफ्नो क्षेत्र भित्रका जिल्ला समन्वय समितिका अध्यक्ष र प्रदेश समितिमा रहेका सम्बन्धित क्षेत्रका सदस्यहरू रहनेछन् ।

(ख) समितिको गठन भेलामा प्रदेश समिति र केन्द्रीय निर्वाचन आयोगको प्रतिनिधिलाई आमन्त्रित गरिने छ ।

(ग) केन्द्रीय निर्वाचन आयोगको प्रतिनिधिले अध्यक्ष १, उपाध्यक्ष ३ (महिला १ सहित), मुख्य सचिव १, सचिव १ र कोषाध्यक्ष १ को निर्वाचन कार्य सम्पन्न गर्नेछ । निर्वाचन समिति सदस्य भित्रबाट चुन्ने र चुनिने प्रक्रियाबाट हुनेछ । निर्वाचन सम्पन्न भए पछि समन्वय समिति गठन भएको घोषणा गरिने छ ।

(घ) विशेष संरचनाको गठन भएपछि समितिका अध्यक्ष पहिचानमा आधारित राष्ट्रिय समन्वय समितिमा समावेश हुने छन् ।

(ङ) समावेशितालाई ध्यान दिँदै कुल समिति संख्याको १५ प्रतिशतमा नबढ्ने गरी सदस्यहरू समन्वय समितिले मनोनित गर्नेछ ।

(च) आफ्नो क्षेत्र भित्रका माथिल्लो समितिका सदस्यलाई गठन भेलामा आमन्त्रण गर्न सकिने छ ।

**२९.** पहिचानमा आधारित समन्वय समितिले विभाजित संरचनामा १/१ जना संयोजक तोकी सम्बन्धित प्रदेश समितिसँग परामर्श गरी संयोजकको अध्यक्षतामा सम्बन्धित क्षेत्रको समिति गठन गरी कामलाई संयोजन गर्नेछ । त्यस समितिले प्रदेश समितिसँग समन्वय गरी काम गर्नु पर्नेछ ।

**३०.** पहिचानमा आधारित राष्ट्रिय समितिको सिमा निर्धारण र अधिवेशन सम्बन्धमा सबै पहिचानको राष्ट्रिय समितिको अध्यक्षहरू समेत रहेको एक कार्यदल

बनाइने छ । यस कार्य दलले सिमा सम्बन्धमा समझदारी बनाई केन्द्रीय समितिमा प्रतिवेदन पेश गर्नेछ । प्रतिवेदनको आधारमा केन्द्रीय समितिले यस सम्बन्धी निर्णय गर्नेछ ।

## परिच्छेद ९
## शिल्पी विशेष प्रदेश समिति

### ३१. शिल्पी विशेष प्रदेश समितिको कार्यक्षेत्र र गठन

(क) शिल्पी विशेष प्रदेश समितिको कार्यक्षेत्र नेपालको सिङ्गो भूक्षेत्र हुनेछ ।

(ख) शिल्पी विशेष प्रदेश समितिको गठन अधिवेशनले गर्नेछ । अधिवेशन सामान्यतः हरेक चौथो वर्षमा हुनेछ ।

(ग) शिल्पी विशेष प्रदेश अधिवेशनको आयोजक तथा व्यवस्थापक शिल्पी विशेष प्रदेश समिति हुनेछ ।

### ३२. शिल्पी विशेष प्रदेश अधिवेशनमा निम्नानुसार प्रतिनिधि हुनेछनः

(क) शिल्पी विशेष प्रदेश समितिका सदस्यहरू सबै ।

(ख) पार्टीको भौगोलिक प्रदेशमा गठन हुने हरेक शिल्पी विशेष समितिबाट ५ जना ।

(ग) पहिचानमा आधारित प्रादेशिक क्षेत्रमा गठन हुने प्रत्येक विशेष समितिबाट ३ जना ।

(घ) शिल्पी/दलित महासंघको केन्द्रीय समितिबाट १५ जना ।

(ङ) महासंघको प्रत्येक प्रदेश समितिबाट ३ जना ।

(च) महासंघका घटक संगठनका प्रत्येक केन्द्रीय समितिबाट ३ जना ।

**३३.** पहिचानमा आधारित राष्ट्रिय समितिको क्षेत्रबाट शिल्पी/दलित समुदायका पार्टी सदस्य संख्याको आधारमा प्रतिनिधि संख्या शिल्पी विशेष प्रदेश समितिले तोक्नेछ । यस क्षेत्रको प्रतिनिधि संख्या तोक्नको लागि केन्द्रीय संगठन विभागमा रहेको सदस्यता अभिलेखको आधार लिइनेछ ।

**३४.** (क) शिल्पी विशेष प्रदेश अधिवेशनको प्रारम्भमा आयोजक शिल्पी विशेष प्रदेश समितिको अध्यक्षले अध्यक्षता गर्नेछ । अधिवेशनले पाँच सदस्यीय अध्यक्ष मण्डलका साथै आवश्यक समितिको निर्वाचन गर्नेछ । अध्यक्ष मण्डलको निर्वाचन पछि अधिवेशनको संचालन अध्यक्ष मण्डलले गर्नेछ ।

(ख) अधिवेशनले समितिको अध्यक्ष १ समेत बढीमा ९९ सदस्यीय समिति निर्वाचित गर्नेछ । निर्वाचन कोन्द्रीय निर्वाचन आयोगले सम्पन्न गर्नेछ ।

(ग) अधिवेशनमा अध्यक्ष र सदस्यहरू निर्वाचित भएको घोषणा भए पछि आयोजक शिल्पी विशेष प्रदेश समिति स्वतः विघटन हुनेछ ।

(घ) समितिको बैठकले समावेशितालाई ध्यान दिँदै उपाध्यक्ष ५ (महिला २), मुख्य सचिव १, सचिव ३ (१ महिला) र कोषाध्यक्ष १ निर्वाचित गर्नेछ। निर्वाचनमा सहमतिलाई प्राथमिकता दिनेछ ।

**३५.** पार्टीको भौगोलिक प्रदेश र पहिचानमा आधारित प्रादेशिक क्षेत्रहरूमा शिल्पी विशेष समितिहरू गठन हुने छन्। यस समितिलाई प्रदेश (कर्णाली प्रदेश विशेष समिति) र पहिचानको नाम जोडेर विशेष समिति (खसान विशेष समिति) भनिनेछ। यस समितिको गठन शिल्पी विशेष प्रदेश समितिको योजना तथा निर्णय र पार्टी प्रदेश समितिको समन्वयमा हुनेछ। यी समितिहरूको पार्टी हैसियत क्रमशः पहिचानको राष्ट्रिय समिति र जिल्ला समन्वय समितिको हुनेछ ।

**३६.** जिल्ला र पालिका तहमा महासंघका समिति भित्र बन्ने पार्टी संयन्त्र नै शिल्पी विशेषको समिति हुनेछ। ती संयन्त्रको पार्टी हैसियत क्रमशः गाउँ र वडाको हुनेछ ।

**३७.** भौगोलिक प्रदेशमा हुने विशेष समिति अधिवेशनबाट र पहिचानको क्षेत्रमा हुने विशेष समिति महासंघका जिल्ला अध्यक्ष पदेन रहने गरी गठन गरि नेछन् ।

**३८.** भौगोलिक प्रदेशमा गठन हुने विशेष समितिको अधिवेशन हरेक तेश्रो वर्षमा हुनेछ। यसको आयोजक सम्बन्धित समिति हुनेछ ।

**३९. भौगोलिक प्रदेश अन्तरगतको समितिको अधिवेशनको लागि निम्नानुसार प्रतिनिधि रहनेछनः**

(क) सम्बन्धित समितिका सबै सदस्य अधिवेशनका प्रतिनिधि हुनेछन ।

(ख) पहिचानको क्षेत्रमा गठन भएको समितिको अध्यक्ष पदेन प्रतिनिधि हुने छन् ।

(ग) शिल्पी/दलित महासंघका भौगोलिक प्रदेश समितिबाट ५ जना र यसका घटक संगठनका प्रदेश समिति प्रत्येकबाट २ जनाका दरले यस अधिवेशनमा प्रतिनिधि हुनेछन ।

(घ) महासंघका जिल्ला अध्यक्ष पदेन अधिवेशन प्रतिनिधि हुने छन् ।

(ङ) अधिवेशनले अध्यक्ष १ लगायत बढीमा ५१ सदस्यीय समितिको निर्वाचन गर्नेछ। समितिको बैठकले उपाध्यक्ष ३ (महिला १ सहित), सचिव १, उपसचिव २ र कोषाध्यक्ष १ निर्वाचित गर्नेछ ।

(च) भौगोलिक प्रदेशको विशेष समिति र पहिचानको विशेष समितिले शिल्पी समुदाय भित्रको विविधतालाई सम्बोधन गर्न आवश्यकता भएमा कुल समिति

सदस्य संख्याको १५ प्रतिशतसम्म सदस्य मनोनयन गर्न सक्नेछ । यसरी मनोनयन गर्दा व्यक्तिको योग्यता, क्षमता, सक्रियता र वर्तमान संगठित जीवनलाई ध्यान दिनु पर्नेछ । समुदाय भित्रको समावेशिता र लैंगिक प्रतिनिधित्वलाई समेत ध्यान दिनु पर्नेछ ।

## परिच्छेद १०
## गैर भौगोलिक विशेष प्रदेश समिति तथा प्रवास विशेष समिति

**४०. गैर भौगोलिक विशेष प्रदेश समिति**

(क) विभिन्न जिल्लाबाट नेवाः प्रदेशमा आई बसोवास गर्ने पार्टी सदस्यहरूलाई परिचालन गर्न एक गैर भौगोलिक विशेष प्रदेश समिति गठन गरिनेछ । यस समिति मातहत बौद्धिक पेशाकर्मी, मजदूर, विद्यार्थी र सम्पर्क विशेष जिल्ला समितिहरू रहनेछन् । विशेष जिल्ला समितिको हैसियत तथा काम, कर्तव्य र अधिकार जिल्ला समन्वय समिति सरह हुनेछ । पार्टी केन्द्रीय समितिले गैर भौगोलिक विशेष प्रदेशको इन्चार्ज र आवश्यक सहइन्चार्ज तोकी यस समितिको कामलाई व्यवस्थित गर्नेछ ।

(ख) यस समितिमा अध्यक्ष १, उपाध्यक्ष ५ (१ महिलासहित), मुख्य सचिव १ सचिव ३ (१ महिला सहित), कोषाध्यक्ष १ सहित बढीमा ९९ जना रहनेछन् ।

(ग) यस समितिको अधिवेशन हरेक ४ (चार) वर्षमा हुनेछ ।

(घ) अधिवेशनको प्रारम्भमा आयोजक समितिको अध्यक्षले अध्यक्षता गर्नेछ । अधिवेशनले पाँच सदस्यीय अध्यक्ष मण्डल र आवश्यक समितिको निर्वाचन गर्नेछ । अध्यक्ष मण्डलको गठन भएपछि अधिवेशनको संचालन अध्यक्ष मण्डलले गर्नेछ ।

(ङ) अधिवेशनले समितिको अध्यक्ष र सदस्यहरूको निर्वाचन गर्नेछ । निर्वाचन कार्यक्रम केन्द्रीय निर्वाचन आयोगले संचालन गर्नेछ ।

(च) अधिवेशनमा विशेष प्रदेश समिति निर्वाचित भएको घोषणा भए पछि आयोजक समिति स्वतः विघटन हुनेछ ।

(छ) समितिको बैठकले समावेशितालाई ध्यान दिँदै जाति, क्षेत्र, लिङ्ग, समुदाय बिच सन्तुलन राख्दै पदाधिकारीहरूको निर्वाचन गर्नेछ । निर्वाचनमा सहमतिलाई प्राथमिकता दिइनेछ ।

**४१.** सम्पर्क विशेष जिल्ला समितिहरू भौगोलिक प्रदेश अनुसार बनाइनेछ । यसमा प्रदेश अन्तरगतका जिल्लाहरूबाट नेवाः प्रदेशमा आई बसोबास गर्ने पार्टी सदस्यहरूलाई समेटिने छ ।

**४२.** सम्पर्क विशेष जिल्ला समितिले आफ्नो क्षेत्र अन्तरगतका पहिचान र जिल्लामा आधारित सम्पर्क विशेष समितिहरू गठन गर्नेछ । यी समितिहरूको पार्टी

हैसियत क्रमशः प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समिति र स्थानीय तह समितिको हुनेछ ।

४३. पहिचान र जिल्लामा आधारित सम्पर्क विशेष समितिको गठन तथा संचालन प्रक्रिया निर्देशिका गैर भौगोलिक विशेष प्रदेश समितिको निर्णय र संगठन विभागः नीति, योजना तथा कार्यव्यवस्थाको अनुमोदनबाट जारी गरिनेछ ।

४४. गैर भौगोलिक विशेष प्रदेश समितिले आफ्नो मातहतको समितिमा इञ्चार्ज र सहइञ्चार्ज खटाउन सक्नेछ ।

४५. पार्टीले संचालन गरेका आन्दोलनका कार्यक्रमहरूमा नेवाः राष्ट्रिय समिति र गैर भौगोलिक विशेष समितिबीच परस्पर समन्वय हुनु पर्नेछ । यसमा प्रदेश ३ समितिको संयोजनकारी भूमिका रहनेछ ।

४६. **गैर भौगोलिक विशेष प्रदेश अधिवेशनमा प्रतिनिधिः**
गैर भौगोलिक विशेष प्रदेश समितिको अधिवेशनमा प्रतिनिधिको व्यवस्था यस प्रकार हुनेछः

(क) समिति सदस्य सबै ।

(ख) मजदुर, विद्यार्थी, बौद्धिक पेशाकर्मी तथा सम्पर्क विशेष जिल्ला समितिहरू हरेकबाट ३ जना ।

(ग) पहिचान र जिल्लामा आधारित सम्पर्क विशेष समितिबाट हुने प्रतिनिधिको संख्या र अनुपात गैरभौगोलिक प्रदेश समितिले निर्णय गर्नेछ ।

(घ) माथि क देखि ग खण्ड सम्मका प्रतिनिधिको कुल संख्यामा समावेशी प्रयोजनको लागि समितिले निर्णय गरेका १० प्रतिशत मनोनित प्रतिनिधिहरू ।

**४७. प्रवास विशेष समिति**

(क) प्रवासमा रहेका पार्टी सदस्यहरूबीच पार्टी कामलाई व्यवस्थित गर्न एक प्रवास विशेष समिति हुनेछ । यस समितिको काम प्रवासमा रहेका नेपालीहरूबीच पार्टी विस्तार गर्नु हुनेछ । यसको हैसियत प्रदेश समिति सरह हुनेछ । प्रवास विशेष समितिको लागि पार्टी केन्द्रीय समितिले इञ्चार्ज र आवश्यक सहइञ्चार्ज तोक्नेछ । प्रवास विशेष समिति अन्तरगत प्रवासमा नेपाली समाज गठन गरिनेछ ।

(ख) प्रवासमा गठन गरिने नेपाली समाज आ-आफ्नो विधान अनुसार संचालन हुने छन् । विधान प्रवास विशेष समितिले अनुमोदन गरे पछि लागु हुनेछ । विधानमा नेपाली समाजको केन्द्रीय समिति मातहत पहिचानमा आधारित समिति तथा शिल्पी विशेष समिति गठन हुन सक्ने प्रावधान राख्न सकिने छ ।

(ग) विभिन्न देशमा गठन हुने नेपाली समाज केन्द्रीय समितिको हैसियत जिल्ला समन्वय समितिको हुनेछ ।

**४८. प्रवास विशेष समितिको गठनः**

प्रवास विशेष समितिको गठन निम्नानुसार हुनेछ:

(क) प्रवास विशेष समितिमा विभिन्न देशहरूमा बनेका नेपाली समाज केन्द्रीय समितिका अध्यक्षहरू पदेन सदस्य ।

(ख) हरेक नेपाली समाज केन्द्रीय समितिले निर्णय गरी पठाएका १/१ सदस्य ।

(ग) यसरी बनेको समितिको बैठकले अध्यक्ष १ उपाध्यक्ष ५ (१ महिला सहित), मुख्य सचिव १, सचिव २ निर्वाचित गर्नेछ ।

(घ) समितिले समावेशी प्रयोजनको लागि मनोनित गरेका १५ प्रतिशत सदस्यहरू ।

(ङ) भारत र विभिन्न महादेशमा रहेका नेपालीबीच ५ हजारभन्दा बढी पार्टी सदस्यहरू भएमा केन्द्रीय समितिको अनुमतिमा पहिचानमा आधारित राष्ट्रिय समिति स्तरको समिति गठन गर्न सकिने छ ।

**४९.** प्रवास विशेष समितिले कार्यालय रहने स्थान र आवश्यक जनशक्ति सम्बन्धी निर्णय आफै गर्नेछ ।

## परिच्छेद ११
## विशेष संरचना

**५०.** जातीय, भाषिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचानमा आधारित स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा विशेष क्षेत्रमा गठन हुने पार्टी समिति पार्टीको विशेष संरचना हुनेछ ।

**५१.** उक्त संरचना निर्माणको लागि राज्य पुनर्संरचना सुझाव उच्च स्तरीय आयोगको सुझाव प्रतिवेदन २०६८ लाई आधार मानिने छ ।

**५२.** यस सम्बन्धमा केन्द्रीय समितिले एक अध्ययन समिति गठन गर्नेछ । यस समितिको अध्ययन प्रतिवेदनको आधारमा केन्द्रीय समितिले निर्णय गरी संरचना गठन प्रक्रिया अघि बढाउने छ ।

# परिच्छेद १२
# विभाग

## ५३. विभागहरू

(क) पार्टीको हरेक तहमा समितिको आवश्यकताको आधारमा विषयगत विभागहरू गठन गरिने छन् । ती विभागहरूका प्रमुख र उपप्रमुख सम्बन्धित तहको समिति सदस्यहरू रहने छन् । विभागको आवश्यकताको आधारमा सम्बन्धित पार्टी समितिले विभागका सदस्यहरू मनोनयन गर्नेछ । विभागको बैठकले एक सचिवको निर्वाचन गर्नेछ । सचिवले विभागको प्रमुखसँग समन्वय गरी कार्य गर्नेछ ।

(ख) पार्टीको विषयगत नीति निर्माण तथा कार्यान्वयनमा केन्द्रीय समितिलाई सहयोग गर्ने अङ्गको रुपमा केन्द्रीय विभागहरू गठन गरिने छन् । प्रदेश र अन्य तहले गठन गर्ने विभागले सम्बन्धित तहको कार्य क्षेत्र भित्र विषयगत पार्टी नीतिलाई लागु गर्न, जाँच्न र सुझाव संकलन गर्न सहयोगी भूमिका खेल्ने छन् । सबै तहको विभागहरूका काम, कर्तव्य र अधिकार यस नियमावलीमा उल्लेख भए अनुसार सम्बन्धित तहको अधिकार क्षेत्र अन्तरगत रही लागु हुने छ ।

## ५४. केन्द्रीय विभागहरू

केन्द्रीय समितिले निम्नानुसार केन्द्रीय विभागहरू गठन गर्नेछ ।

१. **संगठन विभाग**ः केन्द्रीय संगठन विभाग निम्नानुसार हुने छन् ।

### १.१ संगठन विभागः नीति, योजना तथा कार्य व्यवस्था

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) पार्टी संगठन सम्बन्धी समग्र नीति र संगठनात्मक योजना निर्माण गर्ने ।

(ख) अध्यक्षसँग समन्वय गरी सङ्घीय परिषद्, केन्द्रीय समिति, राजनीतिक समिति र केन्द्रीय कार्य कारिणी समितिको बैठकका एजेन्डाहरू प्रस्तुत गर्ने र माइन्युट तयार गर्ने ।

(ग) संगठनात्मक कामलाई प्रभावकारी, गतीशिल र व्यवस्थीत गर्न योजनाहरू प्रस्तुत गर्ने ।

(घ) पार्टीको सम्मेलन, महाधिवेशनका लागि संगठनात्मक नीति सम्बन्धी प्रस्ताव तयार गरि पेश गर्ने,

(ङ) विभिन्न तहका संगठनात्मक योजनाहरूलाई एकीकृत रुपमा लागु गर्न अन्तरक्रिया/भेला आदिको आयोजना गरी संगठनलाई सुदृढ गर्न कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

(च) सम्मेलन, महाधिवेशनका सन्दर्भमा एजेण्डाको प्राथमिकताक्रम तथा समयावधि निर्धारण लगायत कार्यक्रमलाई सुव्यवस्थित गराउने विधि बनाई केन्द्रीय समितिमा पेश गर्ने ।

(छ) सबै प्रदेशहरूका इन्चार्जहरूको आवश्यकता अनुसार समय समयमा समन्वयात्मक बैठक राख्ने । नीति, योजना, कार्यव्यवस्था समन्वयको काममा उप-महासचिव र सचिवलाई परिचालन गर्ने ।

(ज) संगठन विभागः अनुशासन, अभिलेख तथा अन्तरप्रदेशसँग समन्वय गर्ने ।

(ञ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**१.२. संगठन विभागः अनुशासन, अभिलेख तथा अन्तरप्रदेश समन्वयः**

यसको काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ-

(क) पार्टी सदस्यहरूलाई अनुशासनका सम्बन्धमा निरन्तर सचेतन गर्ने ।

(ख) विभिन्न तहका संगठनहरूलाई क्रियाशील एवम् अनुशासित बनाउन कार्यहरू गर्ने ।

(ग) अनुशासन सम्बन्धी पर्न आएका उजुरीहरूमा छानविन गरी आवश्यक सिफारिस गर्ने ।

(घ) पार्टी सगठन सम्वन्धी समग्र अभिलेख व्यवस्थित गर्ने ।

(ङ) राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति, केन्द्रीय निकाय, केन्द्रीय विभाग तथा केन्द्रीय संयन्त्रका सदस्यहरूका साथै सबै तहका पार्टी संगठन तथा जनसंगठनहरूको अभिलेख राख्ने, राख्न लगाउने, नियमित रुपमा अद्यावधिक गर्ने, गराउने ।

(च) सदस्यता वितरण, नविकरण गराउने र सो को अभिलेख तथ्याङ्क राख्ने र सदस्यहरूका आवेदन फाराम भर्न लगाउने, भरेको फारामको अभिलेख राख्ने, राख्न लगाउने ।

(छ) प्रदेश समिति, पहिचानमा आधारित राष्ट्रिय समिति, जिल्ला समन्वय समिति र स्थानीय तहको संगठनात्मक कामको अनुगमन र मुल्याङ्कन गर्ने ।

(ज) अन्तर प्रदेश सांगठनिक समस्या हल गर्ने । अन्तर प्रदेश पार्टी सदस्यहरूको स्थानान्तरण स्वीकृत गर्ने ।

(झ) सबै प्रदेशहरूका अध्यक्षहरूको आवश्यकता अनुसार समय समयमा समन्वयात्मक बैठक राख्ने । अनुशासन, अभिलेख, अन्तरप्रदेश समन्वयको काममा उप-महासचिव र सचिवलाई परिचालन गर्ने ।

(ञ) संगठन विभाग नीति, योजना, कार्यव्यवस्थासँग समन्वय गर्ने ।

(ट) पार्टीको संगठनात्मक समस्या समाधान गर्ने । संगठनात्मक क्षेत्रको वार्षिक प्रगति विवरण केन्द्रीय समितिमा पेश गर्ने ।

(ठ) केन्द्रीय समितिले तोकेका अन्य काम गर्ने ।

**२. पार्टी स्कुल तथा प्रशिक्षण विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछः

(क) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, सिद्धान्त र विचार तथा यससँग सम्बन्धित विषयहरूमा नियमित प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ख) प्रशिक्षणसम्बन्धी आवश्यक पाठ्यक्रम र पाठ्य पुस्तक तयार गर्ने ।

(ग) प्रशिक्षणका निम्ति प्रशिक्षक र विशेषज्ञ समूह तयार गर्ने ।

(घ) राजनीतिक, वैचारिक तथा सैद्धान्तिक क्षेत्रका अध्ययन तथा अनुसन्धानसम्बन्धी कार्य गर्ने, गराउने ।

(ङ) राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा सैद्धान्तिक क्षेत्रमा खोज, अध्ययन र अनुसन्धान गरि रहेका विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ/संस्थाहरूका साथै राजनीतिक दल सम्बद्ध संस्थाहरूसँग छलफल, अन्तरक्रिया र अनुभव आदान-प्रदान गर्ने ।

(च) पार्टीको पुस्तकालय स्थापना र संचालन गर्ने ।

(छ) अनुसन्धान तथा खोजहरूबाट निकालिएका पछिल्ला निकर्ष तथा सूचनाहरू संकलन गरी व्यवस्थित राख्ने ।

(ज) विभिन्न वैचारिक, राजनीतिक तथा सैद्धान्तिक दस्तावेजहरू संकलन गरी व्यवस्थित राख्ने ।

(झ) केन्द्रीय समितिले दिएका जिम्मेवारी पूरा गर्ने ।

**३. अन्तर्राष्ट्रिय विभागः**

पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध एवम् कूटनीतिक सम्बन्धलाई विस्तार र सुदृढ गर्न निम्नानुसारका अन्तराष्ट्रिय विभाग गठन गरिने छ ।

**३.१. अन्तर्राष्ट्रिय राजनीतिक सम्बन्ध विभागः**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) पार्टीको विदेश नीतिलाई कार्यान्वयन गर्न भूमिका निर्वाह गर्ने ।

(ख) वैदेशिक सम्बन्ध विस्तार र विभिन्न मुलुकका राजनीतिक दलहरूसँग सम्बन्ध स्थापित गर्ने ।

(ग) नेपालको बैदेशिक नीति र अन्तर्राष्ट्रिय सम्बन्धमा पार्टीको दृष्टिकोण निर्माण गर्ने ।

(घ) विभिन्न मुलुकका राजनीतिक दल, संगठन र संघ संस्थाहरूबीच विचार आदान प्रदानका साथै भ्रमण आदान प्रदान गर्ने ।

(ङ) विश्वमा घटेका महत्वपुर्ण राजनीतिक घटना क्रमका बारेमा अध्ययन गरी केन्द्रीय समितिमा सुझाव पेश गर्ने ।

(च) अन्तर्राष्ट्रिय राजनीतिक कार्यक्रमहरूमा पार्टीका तर्फबाट प्रतिनिधित्व वा सहभागिताका लागि आवश्यक सिफारिस गर्ने ।

(छ) पार्टीको विचार, उद्देश्य, नीति कार्यक्रम बारेमा भाईचारा पार्टीहरूलाई सम्प्रेषण गर्ने ।

(ज) पार्टीका दस्तावेज तथा प्रकाशनहरूलाई विदेशी भाषामा अनुवाद गरी प्रकाशन र प्रचार प्रसार गर्ने ।

(झ) विभिन्न देशका पार्टी, संघ संस्थाहरूसँग सम्बन्ध राख्ने र पार्टीको नीति सम्प्रेषण गर्ने ।

(ञ) विभिन्न मुलुकहरूसँगको अन्तरसम्बन्ध, घटना र कार्यहरूको अभिलेख राख्ने ।

(ट) अध्यक्ष र केन्द्रीय समितिमा आवधिक प्रतिवेदन पेश गर्ने ।

(ठ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**३.२ अन्तर्राष्ट्रिय कुटनितिक सम्बन्ध विभागः**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) विभिन्न देशका कुटनीतिक तथा अन्तर्राष्ट्रिय नियोगहरूसँग सम्बन्ध कायम गर्ने र सम्बन्ध भई सकेकाहरूसँग सम्बन्ध सुदृढ पार्न भूमिका निर्वाह गर्ने ।

(ख) छिमेकी मुलुक भारत, चीन लगायत अन्य मित्र राष्ट्रहरूसँग सम्बन्ध सुदृढ गर्न विशेष भूमिका निर्वाह गर्ने ।

(ग) संयुक्त राष्ट्रसघं र त्यस अन्तर्गतका विशेषज्ञ समिति वा नियोगसँग समन्वय, सम्पर्क गरी तिनका नीतिहरूबारे पार्टीलाई जानकारी गराउने र ती संस्थाहरूलाई पनि हाम्रा संगठित प्रयत्नवारे जानकारी दिने ।

(घ) नेपालमा भएका विदेशी नियोगहरूले आयोजना गर्ने बैदेशिक एवम् कुटनैतिक कार्यक्रमहरूमा सहभागी हुने, प्रतिनिधित्व गर्ने ।

(ङ) नेपालको कुटनीतिक सम्बन्ध भएका मित्र राष्ट्रहरू एवम् संयुक्त राष्ट्रसंघ तथा विशिष्ट अन्तराष्ट्रिय संघ संस्थाहरूबाट आयोजना गरिने कुटनीतिक कार्यक्रमहरूमा सहभागी हुने, प्रतिनिधित्व गर्ने ।

(च) नेपालले खेल्नुपर्ने असल कुटनीतीक सम्बन्ध, आर्थिक कुटनीति बारे समय समयमा गोष्ठी र अन्तरक्रियाहरू गर्ने ।

(छ) पार्टीको विचार, उद्देश्य, नीति र कार्यक्रमका आधारमा नेपाल स्थित कुटनीतिक नियोगहरूसँग सम्बन्ध विस्तार गर्ने ।

(ज) पार्टी पंक्तिलाई आवश्यकता अनुसार कुटनीतिक सम्बन्ध बारे प्रशिक्षण दिने ।

(झ) कुटनीतिक सम्बन्धबारे दस्तावेजहरू प्रकाशन र प्रचार गर्ने ।

(ञ) कुटनीतिक सम्बन्ध र गतिवीधी आदान प्रदानहरूमा भएका प्रगति र अनुभवका अभिलेख राख्ने ।

(ट) अध्यक्ष र केन्द्रीय समितिमा आवधिक प्रतिवेदन पेश गर्ने ।

(ठ) केन्द्रीय समितिले तोकेका अन्य काम हरू गर्ने ।

**४. सूचना, संचार, प्रकाशन तथा प्रचार विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) पार्टीको नीति, कार्यक्रम तथा उद्देश्यलाई व्यापक रूपमा जनता समक्ष लैजान कार्यक्रम तथा कार्य योजना तयार गरी कार्य गर्ने ।

(ख) पार्टीको मुखपत्र, दस्तावेज र अन्य सामग्रीहरू सम्पादन तथा प्रकाशन गर्ने र सोको बिक्री-वितरणसम्बन्धी व्यवस्था मिलाउने ।

(ग) सञ्चार माध्यमहरूमा पार्टीको भूमिकालाई सुदृढ गर्ने ।

(घ) विभिन्न प्रकारका सूचनाहरू संकलन गरी रेकर्ड राख्ने र पार्टीलाई सहयोग गर्ने ।

(ङ) सार्वजनिक गर्नु पर्ने पार्टीका निर्णयहरूलाई पत्र-पत्रिका, रेडियो, एफ.एम. टेलीभिजन लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संचार माध्यमहरूद्वारा प्रचार-प्रसार गर्ने, गराउने ।

(च) सञ्चार माध्यमहरूमा पार्टीको प्रचार/प्रसारलाई प्रभावकारी बनाउने ।

(छ) सुचना तथा संचार नीति तयार गरी पार्टीमा पेश गर्ने ।

(ज) सञ्चारकर्मीहरू माझ पार्टीलाई स्थापित गर्ने ।

(झ) सञ्चार वा अन्य माध्यमद्वारा हुन सक्ने षड्यन्त्र एवम् दुष्प्रचारलाई खण्डन गरी पार्टीको छवी उठाउन आवश्यक कार्य गर्ने ।

(ञ) पार्टीद्वारा आयोजना गरिने पत्रकार सम्मेलन, पत्रकार भेटघाट तथा अन्तरक्रिया कार्यक्रमहरूको संयोजन तथा व्यवस्थापनसम्बन्धी कार्य गर्ने, गराउने ।

(ट) पार्टी पक्षधर सञ्चारकर्मीहरूको अभिलेख राख्ने र सञ्चार माध्यमहरूलाई परिचालन गर्ने ।

(ठ) स्वदेशी तथा विदेशी सञ्चार माध्यमहरू र संस्थाहरूसँग सम्बन्ध र सम्पर्क स्थापित गर्ने ।

(ड) पार्टीलाई आवश्यक पर्ने पोस्टर, पर्चा, वालपेन्ट, स्टीकर आदि निर्माण कार्यहरू गर्ने गराउने ।

(ढ) पार्टीको वेभसाइट संचालन गर्ने र नियमित रूपमा अद्यावधि गरी राख्ने ।

(ण) पत्रपत्रिका तथा विभिन्न संचार माध्यमद्धारा प्रकाशन, प्रसारण भइरहेका आवश्यक सामग्रीहरूको संकलन गरी सोको अभिलेख राख्ने ।

(त) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

## ५. आर्थिक विभाग

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) पार्टीलाई आर्थिक रूपले सबल बनाउन आर्थिक व्यवस्थापन, स्रोत परिचालन र पार्टी कोष निर्माण गर्ने ।

(ख) पार्टी सदस्यहरूबाट तोकिएको सदस्यता शुल्क, लेबी, चन्दा सहयोग, प्रकाशन बिक्री बितरणबाट प्राप्त रकमलाई संकलन गरी पार्टी कोषमा जम्मा गर्ने, गराउने ।

(ग) पार्टीको आर्थिक अवस्था सुदृढ गर्ने । आर्थिक स्रोत परिचालनको वार्षिक कार्ययोजना तयार गरी लागू गर्ने ।

(घ) पार्टी कोष मितव्ययी ढङ्गले परिचालन गर्ने ।

(ङ) वार्षिक आय-व्ययको बजेट तयार गरी केन्द्रीय समितिमा पेश गर्ने ।

(च) दोहोरो लेखा प्रणाली अन्तर्गत लेखा राख्ने ।

(छ) केन्द्रीय लेखापरीक्षण समितिबाट वार्षिक लेखापरीक्षण गराउने ।

(ज) लेखापरीक्षणबाट देखिएका बेरूजु र अनियमितताहरू फछ्र्यौट र नियमित गर्ने ।

(झ) आर्थिक विनियम तर्जुमा गरी केन्द्रीय समितिबाट अनुमोदन गरेर लागू गर्ने ।

(ञ) आर्थिक कारोबार सम्बन्धी आवश्यक निर्णय लिई कार्य गर्ने ।

(ट) आर्थिक नीति निर्माण गर्न पार्टीलाई सहयोग गर्ने ।

(ठ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**६. संसदीय व्यवस्था विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) पार्टी र संसदीय दलको बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(ख) संसदीय दललाई पार्टी नीति अनुरूप प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक योजना बनाउने ।

(ग) संसदीय दलका सदस्यहरूको भूमिकालाई प्रभावकारी बनाउन दलका सदस्यहरूको लागि आवश्यक प्रशिक्षण, गोष्ठी, अध्ययन र छलफल आयोजना गर्ने ।

(घ) संसदीय दलका सदस्यहरूलाई पार्टीको उद्देश्य, नीति, कार्यक्रम तथा कार्ययोजना अनुरूप परिचालन गर्न आवश्यक पहल गर्ने ।

(ङ) संसदीय दलको नेता तथा कार्यसमितिलाई आवश्यक परेको बेलामा सहयोग गर्ने ।

(च) पार्टीको तर्फबाट संसद्मा उठाउनु पर्ने विषयहरूको तयारी गरी संसदीय दलको नेतालाई सहयोग गर्ने

(छ) संसदीय दलका नेतासँग आवश्यक समन्वय गरी संसदीय दललाई क्रियाशील र प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने ।

(ज) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**७. सङ्घीय मामिला तथा समावेशी विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) पहिचानमा आधारित सङ्घीय संरचना सम्बन्धी अध्ययन, अनुसन्धान गरी पार्टी नीतिको समुचित परिमार्जन गर्न सुझाव प्रस्तुत गर्ने ।

(ख) जातीय, भाषिक तथा क्षेत्रीय मामिला सम्बन्धी पार्टी नीतिलाई ठोस आधार पुग्ने विषयहरूमा गोष्ठी, छलफल र सेमिनारहरू सञ्चालन गर्ने र उपलब्धीहरू पार्टीमा प्रस्तुत गर्ने ।

(ग) जातीय विभेद, दमन, वहिष्करण, असमावेशी जस्ता विषयहरूसँग सम्बन्धित तथ्याङ्क विवरण र तथ्यहरू सङ्कलन, विश्लेषण गर्ने ।

(घ) सङ्घीय मामिलासँग सम्बन्धित विभिन्न सरकारी निकाय र सङ्घ संस्थाहरूलाई सञ्चालन गर्न स्पष्ट नीति तर्जुमा गर्ने ।

(ङ) सङ्घीय र प्रदेश सरकारबीचको अधिकार वा वित्तिय श्रोतको बाँडफाँटमा न्यायोचित तरिका अपनाइएको छ वा छैन विश्लेषण अनुगमन गरी सुझाव दिने ।

(च) प्रदेश सरकार, त्यसको स्वायत्तता, स्वशासन र सरोकारका विषयहरूमा पार्टीले लिनु पर्ने अल्पकालीन तथा दिर्घकालीन नीतिहरू तर्जुमा गरी पार्टीमा पेस गर्ने ।

(छ) सङ्घीय तथा समावेशी नीति र योजना अनुसार प्रभावकारी ढङ्गले परिचालन गर्ने योजना बनाई सम्बन्धित तहको पार्टी समितिमा पेस गर्ने ।

(ज) प्रदेश सरकार मार्फत् गरिने विकास निर्माण सम्बन्धी कार्य, सेवा र सम्पादन हुने कामलाई प्रभावकारी र जनमुखी बनाउन आवश्यक योजना बनाई पार्टीमा पेश गर्ने ।

(झ) राज्यका विभिन्न निकाय र तहहरूमा समावेशिताको सहि रूपमा क्रियान्वयन भए नभएको विश्लेषण गरी सुझाव दिने ।

(ञ) राज्यका सबै तह तथा निकायहरूमा रहेको असमावेशितालाई अन्त्य गरी समावेशीपूर्ण राज्य बनाउन तत्कालिन तथा दीर्घकालिन नीति तथा कार्यक्रम तर्जुमा गरी पार्टीलाई सुझाव दिने ।

(ट) पार्टी भित्र समावेशिताको अवस्था र कार्यान्वयन बारे विश्लेषण गरी सुझाव दिने ।

(ठ) केन्द्रीय समितिले तोकेको अन्य कामहरू गर्ने ।

**८. शहिद तथा बेपत्ता परिवार, घाइते एवम् द्वन्द्व प्रभावित व्यवस्थापन विभागः**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति, शिल्पी, महिला आन्दोलन लगायत विभिन्न आन्दोलनका शहिद तथा बेपत्ता परिवार, घाईते/अपाङ्ग र द्वन्द्व प्रभावित परिवारको हितमा नीति तथा कार्यक्रम बनाई पेश गर्ने ।

(ख) उनीहरूको हक अधिकारको पक्षमा वकालत गर्ने ।

(ग) उनीहरूको क्षमता अभिवृद्धि र सशक्तिकरण गर्ने ।

(घ) उनीहरूको पहिचानको लागि दवाब दिने, वर्गिकरणमा मद्दत पुऱ्याउने र पाउने सुविधालाई न्यायपूर्ण वितरण गर्न सहयोग गर्ने ।

(ङ) उनीहरूको ऐतिहासिक योगदानको मुल्याङ्कन सहित सम्मान गराउने, भावी पुस्तालाई स्मरण र अभिप्रेरित गराउने ।

(च) राज्यद्धारा बनाएको ऐन, नियमावली र निर्देशिकाको कार्यान्वयनका लागि पहल गर्ने ।

(छ) सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ताहरू सम्बन्धी छानविन आयोगको काममा सहयोग पुऱ्याउने ।

(ज) मधेस आन्दोलन लगायतका राजनीतिक आन्दोलनहरूमा लागेका झुठा मुद्दाहरू खारेज गर्न तथा न्याय दिलाउन पहल गर्ने ।

(झ) केन्द्रीय समितिले तोकेका अन्य काम गर्ने ।

## ९. सुरक्षा विभाग

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) देश र जनताको सुरक्षासँग सम्बन्धित मुद्दाहरूको विषयमा अनुसन्धान तथा निगरानी गर्ने,

(ख) सुरक्षा समस्या समाधानका लागि लिनुपर्ने नीतिहरूबारे सम्बन्धित सरोकारवाला र पार्टीलाई आवश्यक सुझाव दिने ।

(ग) समग्र पार्टी पंक्तिको सुरक्षा चुनौतिहरूको लेखाजोखा गरी पार्टी र कार्यकर्ताहरूलाई सुरक्षित राख्न आवश्यक नीतिनियम, कार्यविधि र प्रणालीहरूको विकास गर्न पार्टीलाई सहयोग गर्ने ।

(घ) देश र जनताका सुरक्षासँग सम्बन्धित मुद्दाहरूमा सरकारले लिएका गलत नीतिको आलोचना र विरोध तथा सकारात्मक कामहरूमा सहकार्यकोलागि पार्टीलाई सुझाव दिने ।

(ङ) सुरक्षासँग सम्बन्धित अल्पकालिन र दीर्धकालिन नीति र योजना बनाई पार्टीमा पेश गर्ने ।

(च) पार्टी केन्द्रीय समितिले दिएका अन्य कामहरू गर्ने ।

## १०. उत्पादन तथा स्वरोजगार विभागः

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) आर्थिक समृद्धिका क्षेत्रहरूको खोजी गरी रोजगारी श्रृजनाका अवसरहरू माथी रचनात्मक बहस र त्यसका लागि नीतिगत पैरवी गर्न पार्टीलाई सहयोग गर्ने ।

(ख) श्रम संस्कृतिको विकास गर्न सरकार, राजनीतिक दल, श्रम क्षेत्र र नागरिक समाजले लिनुपर्ने नीति र व्यवहार माथी सोष, नीतिगत पैरवी र बहसलाई अगाडि वढाउने

(ग) श्रम र स्वरोजगारका क्षेत्रमा क्रियाशिल मन्त्रालय र सरकारी निकायहरूको कामको अनुगमन गर्ने ।

(घ) स्वरोजगार उन्मुख युवाहरूलाई नीतिगत तथा व्यवहारीक तालिम, अभिमुखीकरण गर्दै वैकल्पिक उत्पादन र स्वरोजगार अभियानमा सहभागी हुन प्रेरित गर्ने ।

(ङ) कृषिको व्यवसायीकरण, आधुनिकिकरण र यान्त्रिकिकरणलाई बढाउन नीतिगत तथा व्यवहारीक पैरवी गर्ने ।

(च) केन्द्रीय, प्रादेशिक र स्थानीय तहका श्रम र स्वरोजगारसँग सम्बन्धित नीतिहरू बनाउन बहस, परामर्श पैरवीहरू गर्दै
यस्ता विषयमा उपयुक्त नीति लिन पार्टीलाई अल्पकालीन र दिर्घकालीन नीतिहरूबारे सिफारिस गर्ने ।

(छ) पार्टी केन्द्रीय समितिले दिएका अन्य कामहरू गर्ने ।

## ११. कृषि तथा भूमि व्यवस्था विभागः

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) कृषि अनुसन्धानमा सहकारी, नीजि र सरकारी क्षेत्रलाई संलग्न गराई व्यापक विकास र विस्तार गर्न योजना पेश गर्ने ।

(ख) भूमिसुधारका माध्यमबाट कृषिमा आश्रित किसानहरूलाई जमिन उपलब्ध गराउन पैरवी गर्ने ।

(ग) भूमिलाई बसोवास, कृषि, वन र अन्य प्रयोजनको लागि प्रष्ट वर्गिकरण गरी कृषि भूमिलाई खण्डीकरण हुन रोक लगाई चक्लाबन्दीलाई प्रोत्साहन गर्न पैरवी गर्ने ।

(घ) नेपालका लागि कृषि र पर्यटनको संयोजनमा जोड दिने । कृषि उत्पादन केन्द्रहरूमै रिसोर्ट, होटल र होमस्टेको संस्कारलाई प्रोत्साहन गरी कृषि उपजलाई उत्पादन भएकै थलोमा उपभोगको व्यवस्था गर्दै बजारको समस्या हल गर्ने र कृषकको आम्दानी बृद्धिगर्न प्रोत्साहन गर्ने ।

(ङ) अन्न, तरकारी, दुध, अण्डा र मासु आपुर्तिमा आत्मनिर्भर हुने नीतिहरू बनाउने र त्यसको कार्यान्वयनका लागि किसान र सरकार मिलेर काम गर्ने कुरालाई प्रोत्साहन गर्ने ।

(च) अर्गानिक खेतीलाई व्यापक बनाउने नीति र कार्यक्रमका सम्बन्धमा सरकारलाई नीतिगत परामर्श र दबाव दिने ।

(छ) कृषिको यान्त्रीकरणलाई जोडतोडले अगाडी बढाउन योजना प्रस्ताव बनाई किसान महासंघलाई प्रेरित गर्ने ।

(ज) सिंचाईलाई व्यापक र प्रभावकारी बनाउन विभिन्न स्तरका आयोजनाहरू सञ्चालन गर्दै व्यवस्थापनमा व्यापक सुधार गर्न नीतिगत परामर्श, वैकल्पिक नीति निर्माण र त्यसको कार्यान्यवयनका लागि सम्बन्धित सरकारी तथा गैर सरकारी कार्यालयहरूसँग सहकार्य गर्ने ।

(झ) केन्द्रीय समितिले तोकेका कामहरू गर्ने ।

**१२. वन तथा वातावरण विभागः**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः

(क) वन तथा वातावरण क्षेत्रको, विकास, प्रर्वद्धन र पर्यावरणीय सन्तुलनका लागि अध्ययन अनुसन्धान, नीतिगत परामर्श, राष्टिय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयनका लागि पैरवी गर्ने ।

(ख) वन तथा वातावरणको क्षेत्रमा उपयुक्त प्रविधि र प्राविधिक दक्षताको उपयोग, नीतिगत सुधार, सुशासन कायम, पारदर्शिता जस्ता विषयहरू अध्ययन गर्दै नेपाल र नेपालीको समृद्धिमा योगदान पुऱ्याउन पार्टीले लिने नीतिहरू तयार गर्ने ।

(ग) वन तथा वातावरण मन्त्रालय विभिन्न संरक्षित क्षेत्र, आरक्षण, सामुदायीक वन उपभोक्ता महासंघ लगायतका मन्त्रालय, विभाग, सामुदायीक संगठन र संस्थाहरूको अनुगमन गर्ने ।

(घ) वन तथा वातावरण सम्बन्धी नीति र कार्यनीतिमा पुनरावलोकन एवम् संशोधन गरि नेपालको संविधान र संघीयतासँग मेल खाने गरि विशेषज्ञहरूको सुझाव

अनुसार वन तथा वातावरण सम्बन्धी नीति, कार्यनीति, ऐन नियमावलीहरूमा परिमार्जन, सुधार र बाझीएका कानुनहरूलाई स्पष्ट पार्ने तर्फ पहल गर्ने ।

(ङ) वन तथा वातावरणसँग सम्बन्धीत योजना र कार्यक्रमहरू बनाउँदा ईकोजोनका आधारमा हिमाल, पहाड, चुरे, तराई क्षेत्रका वन तथा वातावरणका श्रोत र साधनहरूको संवेदनशिलता, संभाव्यताको आधारमा व्यवस्थापन र उपयोगको कार्यक्रम बनाउन पहल गर्ने ।

(च) वन तथा वातावरणको उपयोग वाट श्रृजित जलवायु परिवर्तको जोखिम न्युनिकरण सम्वन्धी नीति र कार्यक्रम बनाई सो को कार्यान्वयनका लागी सरोकारवाला निकायहरूसँग सहकार्य बढाउने ।

(छ) ईकोजोन अनुसार बहुमुल्य जडिबुटिको उत्पादन र मुल्य अभिवृद्धिको लागी नीजी क्षेत्रको सहभागीतामा खेती तथा प्रशोधन गरि स्वदेशमा खपत वढाउने र विदेश निकाशिमा जोडदिने नीति बनाई  निजी वन र कृषि वन प्रणालीलाई प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने ।

(ज) सिमसार क्षेत्रको संरक्षण व्यवस्थापन र बहुउपयोगमा स्थानीय समुदायको सहभागीता बढाउन आवश्यक नीति तर्जुमा गर्दै सिमसार क्षेत्रहरूको संरक्षण गरी खानेपानी, सिचाई, पर्यावरण र सिमसार क्षेत्रमा रहेका जैविक विविधताको संरक्षण र विकाशमा जोड दिन आवश्यक पैरवी गर्ने ।

(झ) नेपाल पक्ष भएका वातावरण तथा पर्यावरण सम्बन्धी महासन्धिहरूको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।

(ञ) बढ्दो पृथ्वीको तापमान तथा जलवायु परिवर्तनको कारण जनताको जीवनमा पर्ने असर र खतराहरूलाई न्युनिकरण गर्नका लागि दबाब दिने ।

(ट) नेपालको खानी, जैविक विविधता तथा पर्यावरण प्रणालीको संरक्षण गर्ने । नेपालका सम्पदामा नेपालको प्याटेण्ट राइट्स कायम गर्ने, गराउने ।

(ठ) तराई मधेसलाई मरुभूमिकरणबाट जोगाउन पर्यावरणीय सन्तुलनको कामलाई एकीकृत रूपमा अगाडि बढाउने ।

(ड) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

## १३. सहकारी तथा गरिबी निवारण विभाग

यस विभागको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछः

(क) सहकारी विकास, सहकारी योजना नीति तथा कार्यक्रमको निर्माण, संरक्षण एवम् प्रवर्द्धन गरी आर्थिक-सामाजिक परिवर्तनको अभियानलाई ठोस सहयोग पुऱ्याउन कार्ययोजना बनाउने ।

(ख) स्थानीय तहदेखि पार्टी पंक्तिलाई सहकारी अभियानमा संलग्न एवम् सक्रिय बनाउन तालिम तथा प्रशिक्षणको आयोजना गर्ने ।

(ग) देशमा रहेका सहकारी संस्थाहरूको जनमुखी र प्रभावकारी किसिमले सञ्चालनका लागि योजना तयार गरी पार्टीमा पेस गर्ने ।

(घ) देशभरीका सहकारी संस्थाहरूलाई समन्वय गर्ने ।

(ङ) श्रमजीवि जनताको उत्थान, गरिवी निवारण, रोजगारीको सिर्जनाका निम्ति सहकारीलाई प्रभावकारी माध्यमको रूपमा अगाडि बढाउने र किसानहरूलाई कृषि सहकारीमा आवद्ध गराउने ।

(च) प्रत्येक गाउँ पालिकामा उपभोक्ता, बचत तथा ऋण, उत्पादन आदि उद्देश्यले सहकारी संस्था खोलेर जनतालाई स्वरोजगार कार्यक्रममा आबद्ध गर्ने, गराउने ।

(छ) सहकारीका माध्यमबाट ग्रामिण, घरेलु, कृषिमा आधारीत नेपालको राष्ट्रिय उत्पादनलाई बढाउदैँ कम्तीमा एक घर एक उत्पादनको नीतिलाई स्थापित गर्ने ।

(ज) निरपेक्ष गरिबीको स्वरूप र अवस्था बारे तथ्य तथ्याङ्कका आधारमा विश्लेषण गरी त्यसको निवारणको लागि पार्टीमा सुझाव दिने ।

(झ) गरिबी निवारणको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना बनाई पार्टीलाई सुझाव दिने ।

(ञ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**१४. मानव अधिकार तथा सामाजिक सेवा विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

(क) गैर-सरकारी संस्था (INGO & NGO) एवम् सामाजिक संस्थाहरूको परिचालन सम्बन्धी नीति बनाई पार्टीमा पेस गर्ने ।

(ख) गैरसरकारी संस्था एवम् सामाजिक संस्थाहरूको अभिलेख राख्ने तथा तिनीहरूलाई जनताका हितमा सञ्चालन गर्ने ।

(ग) सामाजिक संस्थाहरूसँग सम्बन्धित सरकारी नीतिहरूको अध्ययन गरी त्यस सम्बन्धमा पार्टीले लिनु पर्ने नीतिका सम्बन्धमा सुझाव पेस गर्ने ।

(घ) सामाजिक संस्थाहरूले आयोजना गर्ने कार्यक्रहरूमा पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने ।

(ङ) सामाजिक संस्थाहरूसँग सम्बन्धित विषयहरूमा गोष्ठी, सेमिनार र छलफलहरू अयोजना गर्ने ।

(च) सामाजिक संस्थाहरूसँग पार्टीको भातृ सङ्गठनहरूको समन्वय गराउने र संयुक्त कार्यक्रमहरू सञ्चालन गर्न पहल गर्ने, गराउने ।

(छ) नेपालको संविधानमा उल्लेख नेपाली नागरिकका अधिकारहरू कार्यान्वयनमा निगरानी, दवाव तथा अधियान गर्ने ।

(ज) विश्व मानव अधिकार, आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणा, अन्तराष्ट्रिय श्रम संगठनको धारा १६९ को कार्यान्वयन साथै लैंगिक तथा जातीय विभेद अन्त्य गर्ने सम्बन्धमा, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका अधिकार सम्बन्धमा जारी अन्तर्राष्ट्रिय कानुन, घोषणा तथा अधिकारहरूको नेपाल पक्ष  रहेकोमा त्यसको कार्यान्वयन र नभएकोमा अनुमोदन गर्न दबाब दिन गतिविधि संचानलन गर्ने ।

(झ) राज्यका सबै तह र निकायमा जातीय, भाषिक, साँस्कृतिक तथा समुदायगत प्रतिनिधित्वका विषयलाई जनताका हक, अधिकारको रूपमा स्थापित गराउन निति तथा कार्यक्रम बनाई राज्यमा दवाव दिन पार्टीमा का मगर्ने ।

(ञ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

## १५. भ्रष्टाचार नियन्त्रण तथा सुशासन विभाग

यसको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ ।

(क) देशमा विधिको शासन पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको संस्कार-संस्कृति बसाल्न निरन्तर पैरवी गर्ने ।

(ख) भ्रष्टाचारजन्य गतिविधिका तथ्य, तथ्याङ्क र स्वरुपहरू विश्लेषण गरी त्यसको निवारण बारे पार्टीलाई सुझाव दिने ।

(ग) सरकारद्वारा राष्ट्रसेवक, राजनीतिक नियुक्ति प्राप्त एवम् विभिन्न ओहोदामा बसेका व्यक्तिहरूका बारेमा जारी आचार संहिता र तीनको पालनाको अध्ययन, विश्लेषण गरी तथ्य बाहिर ल्याउने ।

(घ) राजनीतिलाई पेशा नभई स्वेच्छिक सेवा हो भन्ने मान्यताालाई स्थापित गर्ने ।

(ङ) सामाजिक जीवनमा मात्र नभई पार्टी जीवनमा समेत नैतिक, मुल्य, पद्धति स्थापनाको पक्षमा पैरवी गर्ने ।

(च) राज्यको र पार्टीको आर्थिक कारोबारलाई पारदर्शी बनाउने विषयमा निरन्तर सुझाव दिने ।

(छ) भ्रष्टाचार निवारणको बारेमा अभियानहरूलाई सहयोग पुऱ्याउने ।

(ज) भ्रष्टाचार विरुद्ध सुशासनका पक्षमा सामाजिक जागरणका कार्यक्रमलाई प्रवर्द्धन गर्ने नीति बनाउने ।

(झ) केन्द्रीय समितिले तोकेको अन्य काम गर्ने ।

## १६. आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग

यसको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ

(क) देशमा अत्यावश्यकीय वस्त-खाद्यान्न, नुन, तेल, रासायनिक मल, निर्माणका सामग्री लगायतका बस्तुको आपूर्ति सहज र सुलभ रुपमा गराउन निरन्तर पैरवी गर्ने ।

(ख) विशेष गरी दुर्गम र प्राकृतिक प्रकोप पीडित क्षेत्रहरूमा सरकारी राहत सेवा पुगे नपुगेको तथ्यपरक विश्लेषण गरी सुझाव दिने ।

(ग) बजार मूल्यको अवस्था र उपभोक्ताहरूमा पर्न गएको कष्ट पीडा बारे निरन्तर तथ्यपरक विश्लेषण गरी पार्टीलाई सुझाव दिने ।

(घ) जनस्वास्थ्यलाई असर पर्ने कम्बल, खाद्यान्न, औषधी, तेल निर्माण सामग्री पदार्थहरू उत्पादन गर्ने संस्था, उद्योग कम्पनीहरूमाथि निरन्तर निगरानी गरी उपभोक्ताको पक्षमा पैरवी गर्ने तथा उभिने ।

(ङ) उपभोक्ता हित संरक्षणसँग सम्बन्धित सरकारी र गैरसरकारी संस्थाहरूसँग समन्वय गरी सचेतना प्रवर्द्धनमा निरनतर लागी पर्ने ।

(च) विशेष गरी वैदेशिक रोजगारी महिला, वालवालिकाहरूका सम्बन्धमा सेवा प्रदायक संस्थाहरूबाट शोषण भए नभएको अध्ययन विश्लेषण गरी पार्टीलाई तथ्यपरक सुझाव दिने ।

(छ) उपभोक्ताहरूमा हुने मिसावट वा कुनै सेवा प्रदायक संस्थाबाट हुने लापर्वाहीका विरुद्ध नीति तथा कार्यक्रम निर्माण गर्ने ।

(ज) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**१७. शिक्षा, विज्ञान तथा प्रविधि विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :

(क) देशको आवश्यकता अनुसारको सङ्घीय शिक्षा नीति तर्जुमा गर्न तथा पार्टी नीति निर्माण गर्न अध्ययन गरी सुझाव पेस गर्ने ।

(ख) शिक्षा क्षेत्रका समस्याहरू अध्ययन गरी समाधानका उपायहरू पेस गर्ने ।

(ग) शिक्षासँग सम्बन्धित विषयहरूमा छलफल, गोष्ठी र सेमिनारहरू आयोजना गर्ने ।

(घ) आधुनिक तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यक कार्ययोजना तर्जुमा गरी पेस गर्ने ।

(ङ) देशको शैक्षिक स्थिति र नीति तथा समस्याहरूको अध्ययन गरी पार्टीमा प्रतिवेदन पेस गर्ने ।

(च) शिक्षालाई निशुल्क बनाई प्राविधिक शिक्षामा जोड दिने नीति निर्माण गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिको निर्वाचन र परिचालनको सन्दर्भमा नीति बनाउने ।

(ज) मातृभाषामा उच्च शिक्षाको अध्ययन, अध्यापन तथा पठन पाठनको व्यवस्था गर्न पाठ्य पुस्तकहरू तयार गर्न सरकारलाई दबाब दिने ।

(झ) विज्ञान तथा प्रविधि सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न पार्टीलाई सहयोग गर्ने ।

(ञ) मानव जीवन सहज र उत्पादनमुखी बनाउन विज्ञान-प्रविधिको विकासमा जोड दिने, यसको अध्ययन र अनुसन्धानलाई उच्च महत्त्व दिने र यस सम्बन्धी शिक्षालाई विद्यालयदेखि विश्वविद्यालयसम्म विशेष प्राथमिकता दिन योजना बनाउने ।

(ट) आधुनिक विद्युतीय प्रविधिसँग राष्ट्रको विकास प्रक्रियालाई आबद्ध गर्न राष्ट्रिय नीति तर्जुमा गर्ने, त्यसका लागि राज्यले समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि, परम्परागत प्रविधिको आधुनिकीकरण र क्षमता अभिवृद्धि गर्न पहल गर्ने, गराउने ।

(ठ) देशबाट वैज्ञानिक तथा प्राविधिक क्षेत्रका प्रतिभा पलायन रोक्न देशभित्रै अवसरको सिर्जना गर्न दबाब दिने ।

(ड) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**१८. शहरी विकास तथा खानेपानी विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :

(क) सङ्घीय व्यवस्थाको मान्यता अनुरूप व्यवस्थित सहरीकरणकालागि दीर्घकालिन तथा अल्पकालिन योजना निर्माण गर्न पार्टीलाई सहयोग गर्ने ।

(ख) अनियन्त्रित बसोवास नियन्त्रण, बैज्ञानिक भू-उपयोग नीति निर्माण, एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन, भूकम्प प्रतिरोधक तथा वातावरण मैत्री सहर निर्माण र पहिचानमा आधारित सामुदायिक बस्ती तथा साँस्कृतिक सम्पदा सहरहरू विकास गर्न योजना बनाउने ।

(ग) सहरहरूमा खाद्य सामग्री, सडक, सञ्चार, बिजुली, खानेपानी, ढल निकास, दमकल, एम्बुलेन्स, शिक्षा, स्वास्थ्य केन्द्र आदीको व्यवस्था गर्न सरकारलाई दबाब दिने ।

(घ) प्रदेशहरूलाई केन्द्रबिन्दु बनाई सडकसँग जोडिएका निर्माणाधिन सहरहरूलाई व्यवस्थित गर्न प्रदेश र स्थानीय निकाय सक्रिय बनाई व्यवस्थित सहरीकरणको योजना कार्यान्वयन गर्ने, गराउने ।

(ङ) विकासको पूर्वाधारहरू पुर्‍याउन सजिलो होस् भन्नाका लागि असुरक्षित र छरिएर रहेका ग्रामिण बस्तीहरूलाई एकै स्थानमा केन्द्रीत गर्ने गरी व्यवस्थित सहरीकरण र बसोबासको योजना बनाउने ।

(च) सम्पूर्ण जनतालाई शुद्ध तथा स्वस्थकर खानेपानीको प्रबन्ध गर्नको निम्ति गर्न पर्ने आवधिक तथा दीर्धकालिन योजना तर्जुमा गर्न स्थानीय, प्रदेश तथा सङ्घीय जन प्रतिनिधिलाई सहयोग गर्ने ।

(छ) नेपालका जलश्रोतको शुरक्षा र नेपाल तथा नेपालीको हितमा शुरक्षित राख्न चाल्न पर्ने तात्कालिक तथा दीर्धकालीन नीति तर्जुम ागर्ने ।

(ज) हिमाल, पहाड र तराईका बस्तिहरूमा स्वच्छ खानेपानीको प्रबन्ध गर्न थाल्नु पर्ने योजना प्रस्ताव  तयार गर्ने ।

(झ) हिमाल, ताल, खोला, नदी, भूमिगत जल आदीको शुरक्षा र दीर्घकालीन प्रयोगको योजना र नीतिको प्रस्ताव बनाउने ।

(ञ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**१९. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :

(क) जल, जमिन, जङ्गल, जडीबुटी, खनिज पदार्थ जस्ता प्राकृतिक श्रोतहरूको उपयोग, व्यवस्थापन र संरक्षण सम्बन्धी पार्टीले लिनु पर्ने दीर्घकालीन तथा अल्पकालीन नीति तर्जुमा गरी पार्टीमा सिफारिस गर्ने ।

(ख) प्राकृतिक श्रोतहरूको अधिकतम उपयोगद्वारा राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने नीति सम्बन्धी अध्ययन, अनुसन्धान र गोष्ठीहरू सञ्चालन गर्ने र प्राप्त सुझावहरूलाई पार्टीमा पेस गर्ने ।

(ग) नेपालका सबै प्राकृतिक स्रोत साधनहरू नेपाल र नेपालीको सार्वजनिक सम्पत्ति हुन र त्यसको प्रयोग, विकास नेपाल र नेपालीको सर्वाङ्गिण विकास, हित र उपभोगको निम्ति हुनुपर्छ भन्ने आधारभूत मान्यता स्थापित गराउने ।

(घ) प्राकृतिक श्रोतहरू माथिको आदिवासीहरूको अग्राधिकार र यससँग सम्बन्धित आइएलओ अभिसन्धि १६९ र संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित र पारित सिद्धान्त र निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(ङ) जलस्रोत तथा उर्जा विकासको एकीकृत राष्ट्रिय योजना र कार्यक्रम तर्जुमा गर्ने, गराउने ।

(च) जैविक विविधताको संरक्षण गर्न आवश्यक नीति बनाउने ।

(छ) भुकम्प, बाढी, पहिरो र प्राकृतिक प्रकोप नियन्त्रणका रणनीति तथा कार्यक्रम बनाई पार्टीमा पेश गर्ने ।

(ज) प्राकृतिक विपद संगै निम्तिने विभिन्न स्वास्थ्य सम्बन्धि समस्या, रोग तथा महामारीको नियन्त्रण, व्यवस्थापनका उपयुक्त निति बनाउने ।

(झ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

## २०. स्वास्थ्य तथा जनसंख्या विभाग

यस विभागको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः

(क) मुलुकको सङ्घीय ढाँचा अनुरूप स्वास्थ्य क्षेत्रसँग सम्बन्धित पार्टी नीति तर्जुमा गर्न आवश्यक सुझाव पेस गर्ने ।

(ख) स्वास्थ्य क्षेत्रका सरकारी संस्थाहरूको अभिलेख राख्ने र त्यस्ता संस्थाहरूलाई पार्टीको तर्फबाट सञ्चालन गर्ने ।

(ग) स्वास्थ्य क्षेत्रका समस्याहरू अध्ययन गरी समाधानका उपायहरू पेस गर्ने ।

(घ) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विषयहरूमा छलफल, गोष्ठी र सेमिनारहरू आयोजना गर्ने ।

(ङ) पार्टीका कार्यक्रमहरूमा आवश्यक स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

(च) विपन्न वर्गवाट आएका पार्टीका कार्यकर्ताहरूलाई स्वास्थ्य सेवामा आवश्यक सहयोग गर्ने ।

(छ) जनतालाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन तथा जेष्ठ नागरिक, एकल महिला, बाल बालिका र अपाङ्गहरूका लागि सबै रोगको निःशुल्क उपचार सेवा उपलब्ध गराउन दबाब दिने ।

(ज) जनसंख्या बृद्धि, विकास, आपूर्ति तथा वातावरण बीचको सन्तुलनका निम्ति अपनाउनु पर्ने राष्ट्रिय नीति निर्माणमा का मगर्ने ।

(झ) दक्ष जनसंख्या निर्माणमा राज्यले अपनाउनु पर्ने नीति र कार्य बारे छलफल तथा गोष्ठीका आयोजना गर्ने ।

(ञ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

## २१. पर्यटन तथा नागरिक उड्ययन विभागः

यस विभागको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः

(क) नेपालको पर्यटन विकासको निम्ति नीति तथा योजना पेश गर्ने ।

(ख) नेपालको हवाई उड्ययनसँग देखा परेका समस्या निवारणका लागि सुझाव पेश गर्ने ।

ग) नेपालको हवाई उड्ययनको क्षेत्रमा रहेका अनियमितता तथा विकृतिहरूको निराकरणको लागि नीति तथा प्रस्ताव बनाउने ।

(घ) पर्यटनका विविध क्षेत्र पहिल्याई तिनका पूर्वाधार निर्माणका निम्ति योजना तथा नीति बनाई पेश गर्ने ।

(ङ) पर्यटन विकास र प्रवर्द्धनका नीति तथा योजना बनाउने ।

(च) केन्द्रीय समितिले तोकेका अन्य कार्य गर्ने ।

**२२. राज्य व्यवस्था विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः

(क) सरकारको शान्ति सुरक्षा नीति, सामान्य प्रशासन र दैनिक काम कारबाहीहरूको अनुगमन गर्ने ।

(ख) सरकारी क्षेत्रबाट भएका भष्ट्राचार, अनियमितता, पक्षपात, राजनीतिकरण, जनविरोधी क्रियाकलाप आदि विषयहरूको तथ्य सङ्कलन गर्ने र त्यस्ता जनविरोधी सरकारी क्रियाकलापका विरुद्ध पार्टीले लिनु पर्ने नीति र कारबाहीका बारेमा सुझाव पेस गर्ने ।

(ग) राजकीय तथा प्रशासनिक क्षेत्रसँग सम्बन्धित विषयहरूमा गोष्ठी तथा छलफल आयोजना गर्ने ।

(घ) सरकारको विभिन्न तहमा रहेका प्रशासक, प्रविधिज्ञ र विभिन्न क्षेत्रका विशेषज्ञहरूको अभिलेख राख्ने ।

(ङ) राज्यका विभिन्न क्षेत्रसँग सम्बन्धित कामहरूलाई अगाडि बढाउन विभाग अन्तर्गत अलग फाँट/डेस्क सञ्चालन गर्ने ।

(च) सरकारसँग सम्बन्धित विभिन्न विषयहरूमा प्राप्त गुनासा र सिफारिसहरू बारे आवश्यक जाँचबुझ र अनुगमन गरी सम्बन्धित निकायलाई समाधानमा पुग्न प्रेरित गर्ने ।

(छ) जनताका कामहरू तथा सार्वजनिक सरोकारका विषयहरू सम्बन्धित निकायहरूमा सम्पर्क गर्ने गराउने ।

(ज) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**२३. स्थानीय तह परिचालन विभाग**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः

(क) राज्यको स्थानीय तहलाई परिचालन गर्ने पार्टी नीति निर्माणमा सहयोग गर्ने ।

(ख) पार्टीको तर्फबाट स्थानीय निकाय (जिविस/नगर पालिका/उपमहानगर पालिका/महानगर पालिका/गाविस) लगायत विभिन्न निकायमा प्रतिनिधित्व गर्ने सदस्य तथा प्रतिनिधिहरूको आवश्यक मापदण्ड र आचारसंहिता तयार गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) स्थानीय निकायमा प्रतिनिधित्व गर्ने कार्यकर्ताहरूलाई योग्य र सक्षम बनाउन समय समयमा प्रशिक्षण सञ्चालन तथा आवश्यक निर्देशन दिने ।

(घ) स्थानीय निकाय, त्यसको स्वायत्तता, स्वशासन र स्थानीय सरोकारका विषयहरूमा पार्टीले लिनु पर्ने अल्पकालीन तथा दिर्घकालीन नीतिहरू तर्जुमा गरी पार्टीमा पेस गर्ने ।

(ङ) स्थानीय निकायलाई पार्टी नीति र योजना अनुसार प्रभावकारी ढङ्गले परिचालन गर्ने योजना बनाई सम्बन्धित तहको पार्टी समितिमा पेस गर्ने ।

(च) स्थानीय निकाय मार्फत् गरिने विकास निर्माण सम्बन्धी कार्य, सेवा र सम्पादन हुने कामलाई प्रभावकारी र जनमुखी बनाउन आवश्यक योजना बनाउने ।

(छ) स्थानीय निकायहरूको आर्थिक क्रियाकलाप तथा विकास निर्माणको कार्यलाई जवाफदेही र पारदर्शी रूपमा अगाडि बढाउन आवश्यक कार्यहरू गर्ने ।

(ज) स्थानीय निकायलाई संविधानले दिएको अधिकारका सम्बन्धमा आवश्यक प्रशिक्षण दिने साथै सम्बैधानिक अधिकार प्रयोग गर्दै स्थानीय जनताको हितमा का मगर्न अवश्यक रहने नियम, कानुन निर्माणमा सहयोग गर्ने ।

(झ) केन्द्रीय समितिले तोकेको अन्य कामहरू गर्ने ।

**२४. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभागः**

यस विभागका काम, कर्तव्य र अधिकार निम्नानुसार हुने छन्:

(क) भौतिक पूवाधार सम्बन्धी समग्र नीति तथा कार्यक्रम बनाई पेश गर्ने ।

(ख) देशको प्राकृतिक श्रोत साधनको समुचित उपयोगमा भौतिक पूर्वाधारको अभावले पारेको प्रभाव र त्यसको निराकरण बारे विप्लेषण गरी सुझाव दिने ।

(ग) आर्थिक विकास र पूर्वाधार बीचको सम्बन्ध र अवस्था बारे अध्ययन गरी भौतिक पूर्वाधारसँग जोड्दै योजनाहरूको प्रवर्धनमा सुझाव दिने ।

(घ) शहरी तथा ग्रामिण पूर्वाधार विकासका लागि सडक, रेल , नहर र विमानस्थल आदि बारे आवश्यक नीति बनाई कार्यान्वयन गर्न सिफारिस गर्ने ।

(ङ) भौतिक पूर्वाधार सम्बन्धी विषयगत संस्थाहरूसँग मिली भौतिक पूवाधार विकासका पक्षमा पैरवी गर्ने ।

(च) यातायातको विविध क्षेत्रको विकास , व्यवस्थापन र नियमनको लागि आवश्यक सुझाव दिने ।

(छ) पार्टी केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**२५. श्रम तथा रोजगार विभाग**

(क) पार्टीको श्रम तथा राजगारी नीति तर्जुमा गर्न आवश्यक पहल गर्ने ।

(ख) देशको श्रम शक्तिका लागि देशभित्रै रोजगारी सिर्जना गर्न राज्यलाई दबाब दिने र स्वरोजगार व्यवसाय गर्न प्रोत्साहित गर्ने ।

(ग) वैदेशिक रोजगारीबाट पुँजी र प्रविधि सहित फर्केका नेपालीहरूलाई देशभित्र व्यवसाय गर्न प्रोत्साहित गर्ने र प्राप्त विप्रेषणको रकमलाई देशको औद्योगिक विकासमा लगानी गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

(घ) सरकारी, सार्वजनिक वा निजी क्षेत्रका जुनसुकै रोजगारदाताले नेपाली नागरिकहरूको बिचमा रोजगारीका अवसरहरूमा कुनै प्रकारको भेदभाव गर्न नपाउने व्यवस्था गर्न दबाब दिने ।

(ङ) श्रम तथा राजगारीसँग सम्बन्धित विषयमा अन्तरक्रिया, गोष्ठी आदि गर्ने ।

(च) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**२६. संवैधानिक व्यवस्था तथा कानुन विभागः**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हनेछन्:

(क) नेपालको संविधानले गरेको व्यवस्थाका अनुसार भैरहेका राजकीय कामहरूको निगरानी र समीक्षा गर्दै आवश्यक सुधारका प्रस्तावहरू पार्टीमा पेश गर्ने ।

(ख) नेपालमा लागु भएका ऐन तथा नियमहरू संविधानको मर्म अनुसार भए नभएको बारे खोजी गर्ने र नभएमा गर्न पर्ने आवश्यक संशोधनका प्रस्ताव तयार गरी पार्टीमा पेश गर्ने ।

(ग) नेपालको संविधानले व्यवस्था गरेको गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रलाई जनअपेक्षा अनुरूप विस्तारित र सुदृढ गर्न आवश्यक प्रस्तावहरू तयार गरी पार्टीमा पेश गर्ने ।

(घ) पहिचान सहितको सङ्घीयता, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, समावेशीपूर्ण बहुराष्ट्रिय राज्य जस्ता पार्टीको लक्ष्यसँग गाँसिएका संवैधानिक व्यवस्थाको लागि आवश्यक सुधारका प्रस्ताव तयार गरी पेश गर्ने ।

(ङ) संघ, प्रदेश र स्थानीय तहका सरकारले निर्माण गर्न पर्ने संवैधानिक व्यवस्था अनुसारका कानुनहरू निर्माण गर्न विषय विशेषज्ञहरूसँग परामर्श गरी सुझाव प्रस्ताव पार्टीमा पेश गर्ने ।

(च) संवैधानिक अंगहरूलाई स्वायत्त र अधिकार सम्पन्न बनाउन गर्न पर्ने कामहरू बारे सुझावहरू तयार गरी पार्टीमा पेश गर्ने ।

(छ) संसदमा पेश भएका विधेयक बारे अध्ययन गरी पार्टीलाई आवश्यक सुझाव दिने ।

(ज) आदीवासी जनजाति, महिला, शिल्पी/दलित, मधेसी, थारू तथा अल्पसंख्यक समुदायका हक, हितको लागि संबैधानिक तथा कानुनी अधिकार बारे संबन्धित समुहबीच जनचेतना अभिवृद्धिको लागि कार्य गर्ने ।

(झ) सार्वजनिक सरोकारका विषयहरूमा उठेका मुद्दाहरूका संवैधानिक तथा कानुनी निरूपण र उपचारका लागि समुदायलाई कानुनी सहायताको प्रवन्ध र सहयोग उपलब्ध गराउने ।

(ञ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

**२७. प्राकृतिक श्रोत व्यवस्थापन विभागः**

यस विभागको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ-

(क) जल, जमिन, जङ्गल, जडीबुटी, खनिज पदार्थ जस्ता प्राकृतिक श्रोतहरूको दीर्घकालीन उपयोग, व्यवस्थापन र संरक्षण सम्बन्धी पार्टीले लिनु पर्ने दीर्घकालीन तथा अल्पकालीन नीति तर्जुमा गरी पार्टीमा सिफारिस गर्ने ।

(ख) प्राकृतिक श्रोतहरूको व्यवस्थित उपयोगद्वारा राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने नीति सम्बन्धी अध्ययन, अनुसन्धान र गोष्ठीहरू सञ्चालन गर्ने र प्राप्त सुझावहरूलाई पार्टीमा पेस गर्ने ।

(ग) नेपालका सबै प्राकृतिक स्रोत साधनहरू नेपाल र नेपालीको सार्वजनिक सम्पत्ति हुन र त्यसको दीर्घकालीन उपयोग, विकास नेपाल र नेपालीको सर्वाङ्गिण विकास, हित र उपभोगको निम्ति हुनुपर्छ भन्ने आधारभूत मान्यता स्थापित गराउने ।

(घ) प्राकृतिक श्रोतहरू माथिको आदिवासीहरूको अग्राधिकार र यससँग सम्बन्धित आइएलओ अभिसन्धि १६९ र संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित र पारित सिद्धान्त र निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(ङ) जलस्रोत तथा उर्जा विकासको एकीकृत राष्ट्रिय योजना र कार्यक्रम तर्जुमा गर्ने, गराउने ।

(च) जैविक विविधताको संरक्षण गर्न आवश्यक नीति बनाउने ।

(छ) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

## परिच्छेद १३
## विभाग तथा संयन्त्रको वार्षिक कार्य योजना, प्रतिवेदन तथा गठन, पुनर्गठन

**५५.** पार्टीका केन्द्रीय विभाग/संयन्त्रहरूले आफ्नो वार्षिक कार्य योजना तयार गरी पार्टी केन्द्रीय समितिमा पेश गर्नु पर्नेछ साथै सो अनुसारका सम्पन्न चौमासिक कार्य प्रतिवेदन पार्टी अध्यक्ष र केन्द्रीय समितिमा पेश गर्नु पर्ने छ ।

**५६.** केन्द्रीय समितिले आवश्यकता अनुसार केन्द्रीय विभाग/संयन्त्रहरू गठन पुनर्गठन तथा थपघट गर्न सक्ने छ ।

**५७.** केन्द्रीय सदस्य बाहेकका केन्द्रीय विभाग/संयन्त्रका सदस्यहरूको हैसियत प्रदेश समिति सदस्य सरह हुने छ । त्यसरी नै प्रदेश र स्थानीय तहका विभाग सदस्यहरूमा सम्बन्धित तहका सदस्य बाहेकका सदस्यहरूको हैसियत एक तह मुनिको समिति सरह हुने छ ।

## परिच्छेद १४
## पार्टी संयन्त्रहरू

**५८.** (क) पार्टी केन्द्रीय समितिले जन सङ्गठनहरूलाई पार्टी नीति अनुरूप सञ्चालन गर्दै संगठन विस्तार र सुदृढ गर्न जनसंगठनको केन्द्रीय समिति भित्र केन्द्रीय

पार्टी संयन्त्र गठन गर्नेछ । यस्ता केन्द्रीय संयन्त्रहरूले पार्टीका केन्द्रीय विभागहरूले जस्तै सम्बन्धित क्षेत्रको नीति तर्जुमामा सहयोग गर्ने र सम्बन्धित सङ्गठनहरू परिचालन गर्नेछन् । केन्द्रीय संयत्र गठन र संचालनकोलागि केन्द्रीय समितिले हरेक जनसङ्गठनहरूका लागि इञ्चार्ज र आवश्यकता अनुसार सहइञ्चार्जहरू पठाउने छ । ती इञ्चार्ज र सहइञ्चार्जहरूले सम्बन्धित जनसंगठनको पार्टी सदस्य पदाधिकारीहरू र आवश्यक केन्द्रीय सदस्य लिएर केन्द्रीय संयन्त्रको गठन गर्नेछन् । संयन्त्रमा रहेका जनसंगठन केन्द्रीय समितिको अध्यक्ष संयन्त्रको प्रमुख हुनेछ ।

(ख) प्रदेश तथा स्थानीय समितिहरूले पनि आफ्नो तहका जन सङ्गठनहरू सञ्चालन गर्न इञ्चार्ज तथा सहइञ्चार्ज तोकी सम्बन्धित तहको पार्टी संयन्त्रहरू गठन गरी सञ्चालन गर्नेछन् ।

(ग) संयन्त्रको बैठक इञ्चार्जको अध्यक्षतामा बस्नेछ । हरेक तहको पार्टी संयन्त्रले सम्बन्धित तहको पार्टी समितिसँग समन्वय गरी काम गर्नु पर्ने छ ।

(घ) केन्द्रीय पार्टी संयन्त्रको हैसियत पार्टीको प्रदेश सरह हुनेछ । प्रदेश तथा अन्य तहको संयन्त्रको हैसियत एक तह मुनिको हुनेछ ।

(ङ) जनसंगठनको महाधिवेशन/राष्ट्रिय सम्मेलनमा केन्द्रीय संयन्त्रले केन्द्रीय निर्वाचन आयोगलाई निर्वाचन अनुगमनको लागि आमन्त्रण गर्नु पर्ने छ ।

**५९. पार्टी संयन्त्र तथा तिनका काम कर्तव्य र अधिकार निम्नानुसार हुने छन्:**

**१. महिला संघ संयन्त्र**

(क) समाजवादी महिला संघलाई पार्टीको उद्देश्य, सिद्धान्त, नीति र कार्यक्रम तथा निर्णय अनुसार समन्वय र परिचालन गर्ने ।

(ख) महिलाहरूको हक, हित र अधिकारका निम्ति पार्टीले लिनु पर्ने नीतिहरूका बारेमा पार्टीमा सुझाव प्रस्तुत गर्ने ।

(ग) महिला सङ्गठन निर्माण, प्रशिक्षण र सुदृढीकरण गर्न कार्यक्रम तथा कार्ययोजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

(घ) महिलाबिरूद्ध कायम रहेको लैङ्गिक असमानता, शोषण र विभेदको अन्त्य तथा महिला सशक्तिकरण गराउन महिला अधिकार सम्बन्धी कार्यक्रहरू गराउने ।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला सङ्गठनहरूबिच सम्बन्ध कायम गरी कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

(च) महिला सङ्गठनको सङ्गठन विस्तार गर्न, सबल र सक्षम बनाउन आवश्यक सहयोग गर्ने ।

(छ) महिला अधिकार, महिला सशक्तिकरण र समान अधिकारका लागि पार्टिले लिनु पर्ने नीतिका बारेमा सुझाव प्रस्तुत गर्ने ।

(ज) महिला अधिकार र सशक्तिकरणका लागि गठित सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाहरूसँग समन्वय तथा सम्पर्क गर्न गराउन, पहल गर्ने ।

(झ) महिला अधिकारका लागि जन चेतना जगाउन आवश्यक कार्य योजना बनाउने ।

(ञ) महिला अधिकार प्राप्ति अर्थात् महिला मुक्तिका लागि सशक्त आन्दोलन सञ्चालन गर्न योजना बनाउने ।

(ट) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

## २. किसान महासङ्घ संयन्त्र

(क) किसान महासङ्घ र यसका घटकहरू लगायत अन्य सङ्गठन र सङ्घीय समाजवादी फोरम, नेपालबिच समन्वयात्मक तथा नेतृत्वदायी भूमिका खेल्ने ।

(ख) पार्टीको सिद्धान्त, लक्ष्य एवम् उद्देश्य, नीति तथा कार्यक्रम र निर्णयहरूलाई महासङ्घभित्र प्रभावकारी रूपमा प्रचार प्रसार र कार्यान्वयन गर्ने, गराउने ।

(ग) महासङ्घका घटक सङ्गठनहरू निर्माण गर्न आवश्यक सहयोग गर्ने र किसानको हक र हितका विषयमा सङ्गठनहरूलाई क्रियाशील गराउने ।

(घ) कृषि उपजहरूको उचित मुल्य प्राप्तिका लागि कृषकहरूलाई गोलबन्द गरी आन्दोलनका माध्यमवाट दबाब सिर्जना गर्ने ।

(ङ) कृषि औजार, मल, औषधि, वीउ जस्ता बस्तुहरू सस्तो, सजिलो गुणस्तरीय र समयमा पाउन दबाब सिर्जना गर्न आवश्यक योजना बनाई किसान महासङ्घलाई परिचालन गर्ने ।

(च) कृषि व्यवसायका लागि सस्तो व्याज दरमा ऋण प्रदान गर्न कृषकहरूलाई गोलबन्द गर्ने ।

(छ) कृषक तथा श्रमिकहरूबिच फोरम नेपाललाई पुऱ्याउन आवश्यक योजना बनाउने ।

(ज) किसान महासङ्घलाई पार्टी नीति र कार्यक्रम अनुरूप सक्रियतापूर्वक परिचालन गर्ने ।

(झ) कृषकहरूको हकहितका विषयहरूमा छलफल, गोष्ठी, सेमिनार गर्न आवश्यक सहयोग गर्ने ।

(ञ) कृषकहरूको हक, हित र अधिकारका निम्ति पार्टीले लिनु पर्ने नीतिहरूका बारेमा पार्टीमा सुझाव प्रस्तुत गर्ने ।

(ट) किसानहरूको बिरूद्ध कायम रहेको शोषण, उत्पीडन, असमानता, अन्याय तथा विभेदका बिरूद्ध सङ्घर्षका माध्यमद्वारा उनीहरूको हकहित एवम् अधिकार प्राप्त गर्न प्रयत्नशील रहने ।

(ठ) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

## ३. ट्रेड यूनियन महासङ्घ संयन्त्र

(क) पार्टीको ट्रेड यूनियन नीति बनाउने तथा ट्रेड यूनियन महासङ्घलाई पार्टी नीति र कार्यक्रम अनुरुप सक्रियता पूर्वक परिचालन गर्ने ।

(ख) ट्रेड यूनियन महासङ्घका घटक सङ्घहरू निर्माण गर्न आवश्यक सहयोग गर्ने र महासङ्घलाई श्रमिकहरूका बिच स्थापित गर्न आवश्यक कार्य योजना बनाई लागू गर्ने ।

(ग) श्रमिकहरूको हकहितका विषयहरूमा छलफल, गोष्ठी, सेमिनार गर्न ट्रेड यूनियन महासङ्घलाई आवश्यक सहयोग गर्ने ।

(घ) ट्रेड युनियन अधिकारका लागि आवश्यक पहल गर्ने ।

(ङ) श्रमिक हकहितका लागि गर्नु पर्ने अन्य आवश्यक कामहरूको सूची तयार गरी ट्रेड यूनियन महासङ्घलाई कार्यान्वयन गर्न निर्देशन गर्ने ।

(च) श्रमिकहरूको हक, हित र अधिकारका निम्ति पार्टीले लिनु पर्ने नीतिहरूका बारेमा पार्टीमा सुझाव प्रस्तुत गर्ने ।

(छ) विश्व ट्रेड यूनियन महासङ्घसँग भाइचारा सम्बन्ध स्थापित गराउन आवश्यक सहयोग गर्ने ।

(च) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

### ४. बौद्धिक पेसाकर्मी महासङ्घ संयन्त्र

(क) पार्टीको बौद्धिक पेसाकर्मीहरू परिचालन सम्बन्धी नीति बनाउने र तिनीहरूलाई पार्टीको सिद्धान्त, उद्देश्य, नीति तथा कार्यक्रम अनुरूप सङ्गठित गर्ने, सक्रियतापूर्वक परिचालन गर्ने ।

(ख) पार्टी र बौद्धिक पेसाकर्मी महासङ्घबिच समन्वय गर्ने तथा पार्टीका नीति, कार्यक्रम र निर्णयहरूको पक्षमा जनमत तयार गर्न बौद्धिक समुदायलाई परिचालन गर्ने ।

(ग) बौद्धिक पेसाकर्मीको समस्याहरू र समाधानका उपायहरूका सम्बन्धमा पार्टीमा सुझाव प्रस्तुत गर्ने ।

(घ) आवश्यक विविध विषयहरूमा अध्ययन अनुसन्धान गराई निष्कर्षहरू पार्टी समक्ष पेस गरी सहयोग गर्ने ।

(ङ) बौद्धिक पेसाकर्मीहरूलाई ट्रेड युनियन अधिकार दिलाउन आवश्यक पहल गर्ने ।

(च) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

### ५. युवा संघ संयन्त्र

(क) समाजवादी युवा संघलाई पार्टीको नीति अुनसार समन्वय र परिचालन गर्ने ।

(ख) राष्ट्रिय युवा नीति र कार्य योजना तर्जुमा गर्न पार्टीलाई आवश्यक सुझाव दिने ।

(ग) पार्टीको सिद्धान्त, नीति, उद्देश्य तथा कार्यक्रम र निर्णयहरूलाई युवा क्षेत्रमा प्रचार प्रसार तथा कार्यान्वयन गर्न गराउन प्रभावकारी एवम् नेतृत्वदायी भूमिका खेल्ने ।

(घ) युवाहरूको शारीरिक, मानसिक विकासका साथै उनीहरूको दक्षता, क्षमता एवम् कार्यकुशलता अभिवृद्धि गर्नका साथै नेतृत्व विकास गर्न विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

(ङ) युवा अधिकार, अवसर तथा विकासका लागि नीति निर्माण गर्ने कार्यमा भूमिका खेल्ने ।

(च) युवाहरूको बिचमा देखा परेका कुलत, विकृति तथा विसङ्गतिहरूलाई अन्त्य गर्न विभिन्न प्रकारका आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

(छ) युवा सङ्गठनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा सङ्गठनहरूबिच सम्बन्ध कायम गराउने ।

(ज) युवा सङ्गठनलाई पार्टी सिद्धान्त, नीति र कार्यक्रम अनुरूप गतिशील र जुझारू शक्तिको रूपमा विकास गर्ने ।

(झ) युवा शक्तिको परिचालन, प्रशिक्षण तथा सुदृढीकरण गर्न विभिन्न क्षेत्रको योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

(ञ) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

## ६. विद्यार्थी युनियन संयन्त्र

(क) समाजवादी विद्यार्थी युनियनलाई पार्टीको नीति अनुसार सक्रिय र गतिशील सङ्गठनको रुपमा परिचालत गर्ने ।

(ख) विद्यार्थीहरूको हक, हित संरक्षणका लागि पार्टीले लिनु पर्ने नीतिका बारेमा सुझाव प्रस्तुत गर्ने ।

(ग) विद्यार्थी आन्दोलनको कार्यदिशा सम्बन्धमा आवश्यक अनुसन्धान तथा विश्लेषण गरी सुझाव तयार गर्ने र लागू गराउने ।

(घ) विद्यार्थी सङ्गठनलाई राष्ट्रिय स्तरको एउटा लडाकू र लोकप्रिय विद्यार्थी सङ्गठनका रुपमा स्थापित गर्न कार्य योजना बनाई लागू गर्ने, गराउने ।

(ङ) पार्टीको सिद्धान्त, नीति, उद्देश्य तथा कार्यक्रम र निर्णयहरूलाई प्रचार प्रसार तथा कार्यान्वयन गर्न गराउन प्रभावकारी एवम् नेतृत्वदायी भूमिका खेल्ने ।

(च) विद्यार्थीहरूका लागि पार्टीको वैचारिक सैद्धान्तिक प्रशिक्षणको योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

(छ) विद्यार्थी सङ्गठनलाई अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गराउन आवश्यक सहयोग गर्ने ।

(ज) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

## ७. सांस्कृतिक महासङ्घ संयन्त्र

(क) राष्ट्रिय सांस्कृतिक नीति तर्जुमा गर्न पार्टीलाई सहयोग गर्ने ।

(ख) साँस्कृतिक महासङ्घ र पार्टीबिच समन्वय गर्ने र महासङ्घलाई परिचालन गर्ने ।

(ग) कला र संस्कृतिको विकास गर्न राष्ट्रियस्तरदेखि जिल्लासम्म सांस्कृतिक टोलीहरू गठन गरी परिचालन गर्ने ।

(घ) कला र सांस्कृतिक कार्यक्रमहरूको माध्यमद्वारा जनतालाई जागृत गराउन क्रियाशील रहने ।

(ङ) कला र साँस्कृतिक पहिचानलाई आगाडि बढाउन कला र साँस्कृतिक सम्बन्ध प्रशिक्षणको व्यवस्था गरी आ-आफ्नो कला र संस्कृति प्रति जन चेतना जगाउने ।

(च) साँस्कृतिकर्मीहरूलाई पार्टीको वैचारिक सैद्धान्तिक, सङ्गठन निर्माण, साँस्कृतिक लगायत विभिन्न विषयमा प्रशिक्षणको योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

(छ) पार्टीले तोकेका अन्य कार्यहरू गर्ने ।

**८. उद्योग, बाणिज्य तथा व्यवसाय महासङ्घ संयन्त्र**

(क) उद्योग, वाणिज्य तथा व्यापार सम्बन्धी पार्टीको राष्ट्रिय नीति तर्जुमा गर्न पार्टीलाई सहयोग गर्ने ।

(ख) उद्योग व्यवसाय महासङ्घलाई पार्टी नीति अनुरूप समन्वय र परिचालन गर्ने तथा उद्योग, वाणिज्य तथा व्यापारमा संलन्न रहेका व्यक्तिहरूलाई घटक सङ्गठन निर्माण गरी परिचालन गर्ने ।

(ग) उद्योगी तथा व्यापारीहरूको हक, हित संरक्षणका लागि आवश्यक भूमिका निर्वाह गर्ने ।

(घ) उद्योगी, व्यवसायी तथा व्यापारी वर्गलाई पार्टीको पक्षमा गोलबन्द गर्न पार्टीको औद्योगिक तथा वाणिज्य नीतिलाई प्रचार प्रसार गर्ने ।

(ङ) उद्योग, व्यवसाय तथा वाणिज्य सम्बन्धी विषयमा गोष्ठी, छलफल र सेमिनारहरू सञ्चालन गर्ने ।

(च) उद्योग, वाणिज्य तथा व्यवसायसँग सम्बन्धित सङ्घ/संस्था/सङ्गठन तथा महासङ्घहरूसँग समन्वय गर्ने ।

(छ) औद्योगिक दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्राविधिक शिक्षा दिने तथा श्रम बजार मिल्दो एकीकृत सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

(ज) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

**९ खेलकुद महासङ्घ संयन्त्र**

(क) खेलकुदसँग सम्बन्धित खेलाडीहरूलाई सङ्गठित गरी खेलकुद महासङ्घको निर्माण गर्ने र तिनीहरूलाई पार्टी नीति र कार्यक्रम अनुरूप सक्रियतापूर्वक परिचालन गर्ने ।

(ख) राष्ट्रिय खेलकुद परिषद् अन्तर्गतका खेलकुद सङ्गठनहरूमा पार्टी पक्षीय खेलाडी र पदाधिकारीहरूको सम्पर्क र समन्वयका लागि भूमिका खेल्ने ।

(ग) खेलकुद सङ्गठनहरू बनाई खेलकुद महासङ्घ बनाउन कार्य योजना बनाई लागू गर्ने, गराउने ।

(घ) राष्ट्रिय खेलकुद नीति तर्जुमा गर्न छलफल, गोष्ठी र अध्ययन अनुसन्धान गरी पार्टीमा पेस गर्ने ।

(ङ) खेलकुदसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरमा प्रतियोगिताहरू बेला-बेलामा आयोजना गर्ने ।

(च) विभिन्न खेलकुदसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरका क्लबहरू गठन एवम् परिचालन गरी खेलकुद महासङ्घसँग समन्वय गराउने ।

(छ) खेलकुद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठन/सङ्घ संस्थाहरूसँग सम्बन्ध स्थापित गर्ने ।

(ज) खेलकुदलाई व्यवसायिकीकरण गर्दै त्यसलाई उद्योगको रूपमा विकास गर्ने तथा अन्तर्राष्ट्रिय स्तरको खेलकुद आयोजना गर्न सकिने गरी पूर्वाधार निर्माण तथा खेलकुद पर्यटनको विकास गर्ने, गराउने ।

(झ) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

## १०. आदिवासी जनजाति महासङ्घ संयन्त्र

(क) पार्टीमा आदिवासी जनजाति सम्बन्धी नीति निर्माण गर्न आवश्यक सुझावहरू पेस गर्ने ।

(ख) पार्टी र आदिवासी जनजाति महासङ्घबिच समन्वय गर्ने र आदिवासी जनजातिहरूबिच पार्टी सिद्धान्त, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न शक्ति परिचालन गर्ने ।

(ग) आदिवासी जनजातिहरूको हक, अधिकार एवम् पहिचानको मान्यताकालागि ती समुदायहरूलाई परिचालित गर्न सक्रियतापूर्वक भूमिका निर्वाह गर्ने ।

(घ) आदिवासी जनजातिहरूको सङ्गठन निर्माण गरी परिचालन गर्ने, गराउने ।

(ङ) संयुक्त राष्ट्र सङ्घद्वारा पारित आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणा पत्र २००७ तथा राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्प सङ्ख्यकका आधारमा व्यक्तिहरूको अधिकार सम्बन्धी घोषणा पत्रको कार्यान्वयनका लागि दबाबमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

(च) जातीय विभेद, दमन, बहिष्करण, असमावेशी जस्ता विषयहरूसँग सम्बन्धित तथ्याङ्क विवरण र तथ्यहरू सङ्कलन र विश्लेषण गरी पार्टीलाई नीति निर्माणमा सहयोग गर्ने ।

(छ) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

## ११. शिल्पी/दलित महासङ्घ संयन्त्र

(क) वर्गीय विभेद, वर्ण विभेद तथा जात/जातीय विभेदबाट मुक्ति र सामाजिक न्याय दिलाउनका लागि तथाकथित दलित भनिएका शिल्पी समुदायका व्यक्तिहरूलाई सङ्गठित गरी पार्टी नीति अनुरूप क्रियाशील र गतिशील सङ्गठनको रूपमा शिल्पी महासङ्घलाई परिचालन गर्ने, गराउने ।

(ख) शिल्पी/दलित समुदायमाथि भइरहेको सामाजिक-आर्थिक बहिष्करण र राजनीतिक विभेद तथा भेदभाव निर्मुल पार्न आवश्यक अध्ययन गरी राष्ट्रिय नीति तर्जुमा गर्न पार्टीमा सुझाव पेस गर्ने र त्यसको अन्त्य गर्न अभियान सञ्चालनका लागि कार्य योजना बनाई लागू गर्ने, गराउने ।

(ग) शिल्पी/दलित समुदायको जन सङ्ख्याको आधारमा राजनीतिक, प्रशासनिक, संवैधानिक निकाय, संस्थान, सरकारी, गैरसरकारी आदि सेवाहरूमा आरक्षण दिलाउन आवश्यक भूमिका खेल्ने ।

(घ) शिल्पी/दलित समुदायलाई सामाजिक सुरक्षा र सामाजिक न्याय दिलाउन प्रयासरत रहने । यस सम्बन्धमा सभा, गोष्ठी, सेमिनार र छलफल आयोजना गर्ने ।

(ङ) शिल्पी/दलित समुदाय तथा शिल्पी अधिकार सम्बन्धी सङ्घ/संस्था/सङ्गठनहरूसँग सम्पर्क समन्वय र सहकार्य गर्ने ।

(च) शिल्पी/दलित समुदायका महिलाहरूमाथि हुने अन्याय, अत्याचार, शोषण र उत्पीडन तथा विभेदका बिरूद्ध विशेष अभियान सञ्चालन गर्ने, गराउने ।

(छ) शिल्पी/दलित समुदायसँग सम्वन्धित अन्तर्राष्ट्रिय सङ्घ संस्था/सङ्गठनहरूसँग सम्बन्ध स्थापित गर्ने ।

(ज) वर्णाश्रम व्यवस्था र त्यसवाट सिर्जित दलित र गैर दलित बिचको असमानता र विभेदलाई अन्त्य गरी समानता, स्वतन्त्रता र सामाजिक न्यायमा आधारित न्यायपूर्ण लोकतान्त्रिक समाज निर्माणका लागि क्रान्तिकारी परिवर्तन ल्याउन सक्रियतापूर्वक पहल गर्ने ।

(झ) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

## १२. मुस्लिम संघ संयन्त्र

(क) मुस्लिम समुदायबीच मुस्लिम सङ्गठन संगठन निर्माण गरी पार्टीको सिद्धान्त, उद्देश्य, नीति, कार्यक्रम र निर्णय अनुरूप सक्रियतापूर्वक परिचालन गर्ने ।

(ख) मुस्लिम समुदायको हक, हित, अधिकार र सुरक्षाका लागि मुस्लिम समुदायलाई सङ्गठित परिचालन गर्ने ।

(ग) मुस्लिम सम्बन्धी पार्टी नीति तर्जुमा गर्न आवश्यक सुझावहरू पेस गर्ने ।

(घ) मुस्लिम समुदायलाई जन सङ्ख्याको आधारमा राजनीतिक, प्रशासनिक, संवैधानिक तथा सरकारी र गैरसरकारी सेवाहरूमा समानुपातिक प्रतिनिधित्व दिलाउन पहल गर्ने ।

(ङ) मुस्लिम समुदायलाई सामाजिक सुरक्षा र सामाजिक न्याय दिलाउन पहल गर्ने ।

(च) मुस्लिम समुदायका लागि उनीहरूको उपयुक्त मुस्लिम पारिवारिक कानुनलाई मान्यता दिलाउन प्रयास गर्ने ।

(छ) प्रभावकारी मदरसा वोर्डको गठन, मदरसा शिक्षालाई आधुनिकीकरण गरी राष्ट्रिय शिक्षासँग समन्वय गर्न काम गर्ने ।

(ज) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

## १३. पिछडा वर्ग संघ संयन्त्र

(क) पिछडा वर्गका हक हित र सम्मानका लागि उनीहरूलाई सङ्गठित गरी पार्टी नीति अनुरूप समन्वय र परिचालन गर्ने ।

(ख) पिछडा वर्ग माथि भइरहेको सामाजिक, आर्थिक र राजनीतिक विभेद तथा भेदभाव निर्मुल पार्न आवश्यक अध्ययन गरी राष्ट्रिय नीति तर्जुमा गर्न पार्टीमा सुझाव पेस गर्ने र विभेद अन्त्य गर्न अभियान सञ्चालन र कार्य गर्ने ।

(ग) पिछडा वर्गलाई उनीहरूको जनसंख्याको आधारमा राजनीतिक, प्रशासनिक, संवैधानिक क्षेत्र तथा सरकारी र गैरसरकारी सेवाहरूमा आरक्षण दिलाउन आवश्यक पहल गर्ने ।

(घ) पिछडा वर्गको समग्र विकासतथा तिनीहरूलाई सामाजिक सुरक्षा र सामाजिक न्याय दिलाउन आवश्यक रहने नीति तथा कार्यक्रम बनाउन पार्टीलाई सुझाव दिने ।

(ङ) पहिचान सहितको सङ्घीयता प्राप्तीका लागि पिछडा वर्गलाई परिचालित गर्ने र यसका लागि यस सङ्गठनलाई मियोको रुपमा स्थापित गर्न आवश्यक पहल गर्ने ।

(च) सङ्घीयता र पिछडा वर्गको अधिकार लगायत सामाजिक आर्थिक रूपान्तरणको विषयमा सभा, गोष्ठी, सेमिनार र छलफल आयोजना गर्ने ।

(छ) वर्णाश्रम व्यवस्थाबाट सिर्जित असमानता र विभेद अन्त्य गरी समानता, स्वतन्त्रता र सामाजिक न्यायमा आधारित समाज निर्माणका लागि क्रान्तिकारी परिवर्तन ल्याउन सक्रियतापूर्वक पहल गर्ने ।

(ज) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

**१४. पूर्व सैनिक तथा प्रहरी महासङ्घ संयन्त्र**

(क) पूर्व सैनिक तथा प्रहरी महासङ्घलाई पार्टी नीति र कार्यक्रम अनुरुप सक्रियतापूर्वक परिचालन गर्ने ।

(ख) पूर्व सैनिक तथा प्रहरी महासङ्घका घटक सङ्घहरू निर्माण गर्न आवश्यक सहयोग गर्ने ।

(ग) पूर्व सैनिक तथा प्रहरीसँग सम्बन्धित नीति तर्जुमा गर्न अध्ययन गरी पार्टीमा प्रतिवेदन पेस गर्ने ।

(घ) पूर्व सैनिक तथा प्रहरीहरूका समस्या र समाधानका उपायहरूका सम्बन्धमा अध्ययन गरी पार्टीमा सुझाब पेस गर्ने ।

(ङ) पूर्व सैनिक तथा प्रहरीसँग सम्बन्धित अन्य सङ्घ संस्थाहरूको अभिलेख राख्ने र तिनीहरूलाई सञ्चालन गर्न आवश्यक नीति तयार गर्ने र लागू गर्ने ।

(च) पूर्व सैनिक तथा प्रहरीसँग सम्बन्धित विषयहरूमा छलफल, गोष्ठी र सेमिनारहरू आयोजना गर्ने ।

(छ) पूर्व सैनिक तथा प्रहरीहरूको अनुभव, शिप र दक्षतालाई राष्ट्र निर्माणमा लगाउन सकिने सम्भावनाका बारेमा अध्ययन गरी पार्टीमा प्रतिवेदन पेस गर्ने ।

(ज) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

### १५. सुकुम्बासी सङ्घ संयन्त्र

(क) पार्टीले गठन गरेको सुकुम्बासी सङ्घलाई पार्टी नीति र कार्यक्रम अनुरुप सक्रियता पूर्वक परिचालन गर्ने । सुकुम्बासीको हक, हित, संरक्षण र उनीहरूका समस्याहरूको तत्काल र दीर्घ कालीन समाधानका उपायहरूको अध्ययन गरी पार्टीमा पेस गर्ने ।

(ख) सुकुम्बासीहरूको हक, हित संरक्षण र अधिकार प्राप्तिका लागि सङ्गठित गर्ने र अधिकार प्राप्तीको लागि सङ्घर्ष गर्न प्रेरित गर्ने ।

(ग) भूमि अधिकार, बासस्थानको अधिकार र रोजगारीको अधिकारका बारेमा सम्बन्धित समुदायहरूमा चेतना जगाउने, अधिकारका लागि सङ्गठित हुन प्रेरित गर्ने, कार्य योजना बनाई लागू गर्ने ।

(घ) शिक्षा, स्वास्थ्य जस्ता सेवाहरू सर्वसुलभ र निशुल्क उपलब्ध गराउनको लागि सङ्गठित रुपमा दबाब सिर्जना गर्ने ।

(ङ) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

### १६ अपाङ्ग सङ्घ संयन्त्र

(क) अपाङ्ग सङ्घलाई पार्टी नीति र कार्यक्रम अनुरुप सक्रियतापूर्वक परिचालन गर्ने ।

(ख) अपाङ्गता भएका समुदायहरूको हक, हित संरक्षणसँग सम्बन्धित नीति तर्जुमा गर्न आवश्यक अध्ययन गरी पार्टीमा सुझाब पेस गर्ने ।

(ग) अपाङ्गता भएका समुदायसँग सम्बन्धित विभिन्न सङ्घ संस्थाहरूलाई सम्पर्क, समन्वय र परिचालनको लागि कार्य योजना तयार गरी लागु गर्ने, गराउने ।

(घ) अपाङ्गता भएका समुदायसँग सम्बन्धित सभा, गोष्ठी, छलफलहरू आयोजना गर्ने ।

(ङ) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

### १७. यौनिक र लैङ्गिक अल्पसंख्यक संयन्त्र

(क) यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको हक हितको लागि निर्माण भएको संगठनलाई पार्टीको नीति, उदेश्य, सिद्धान्त र निर्णय अनुसार परिचालन गर्दै सबै उत्पीडित बहिस्कृत वर्ग, जाति क्षेत्र लिङ्ग समुदायको राज्यमा समावेशी समानुपातिक प्रतिनिधित्वको पक्षमा पैरवी गर्ने ।

(ख) यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको हक हितको पहिचान तथा त्यसको प्राप्तिको लागि संगठनलाई योजनाबद्ध अधि बढाउने ।

(ग) यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई तिरस्कारको सट्टा समाजमा सम्मान पूर्वक बाच्न पाउनु पर्ने समान हकको पक्षमा चेतना वृद्धि एवम् जागरण सम्बन्धी विविध योजना बनाउने ।

(घ) यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको सशक्तिकरणका लागि आवश्यक नीति तर्जुमा गर्ने र त्यसको प्रचार-प्रसार गर्ने । यसको लागि पार्टीमा सुझाव पेश गर्ने ।

(ङ) विषयगत क्षेत्रका विभिन्न सरोकारवाला मन्त्रालय, विभाग, आयोग र सरकारी तथा गैरसरकारी क्षेत्रसँग मिलेर नीतिगत अनुगमन तथा सहकार्य गर्ने ।

(च) पार्टीले तोकेका अन्य कार्य गर्ने ।

**१८. जेष्ठ नागरिक संघ संयन्त्रः**

नेपाली ज्येष्ठ नागरिकहरूको,

(क) हक, हित, सामाजिक शुरक्षा र सम्मानको लागि संगठन निर्माण गरी पार्टीको नीति, उदेश्य, सिद्धान्त र निर्णय अनुसार परिचालन गर्ने ।

(ख) सरकारबाट थप शेवा सुविधा दिलाउन संगठनलाई सक्रिय बनाउने ।

(ग) अनुभव, शिप र ज्ञानलाई समाज र सन्ततिमा प्रवाह गर्न प्रेरित गर्ने र योगदान गराउने ।

(घ) सरकारको नीति निर्माणमा योगदान गर्न आवश्यक अन्तरक्रिया तथा सुझाव पेश गर्ने ।

(ङ) हक हितको लागि पार्टी नीति निर्माणमा सुझाव पेश गर्ने ।

(च) केन्द्रीय समितिले तोकेका अन्य कार्य गर्ने ।

**१९. उपभोक्ता अधिकार संरक्षण संघ संयन्त्रः**

उपभोक्ता आम नागरिकको,

(क) हक, हित र कर्तव्यको लागि काम गर्ने सशक्त संगठन निर्माण गरी पार्टीको नीति, उदेश्य, सिद्धान्त र निर्णको अनुसार परिचालन गर्ने ।

(ख) विभिन्न उद्योगहरूबाट उत्पादित बस्तुहरूको गुणस्तर बारे अनुगमन गर्ने, जनस्वास्थ्य अनुकुल भए नभएको जानकारी लिने र वस्तु उत्पादनलाई उपभोक्ता हितमा राख्न प्रयत्न गर्ने ।

(ग) बजारमा आएका खाद्य लगायतका वस्तुहरूको बिक्री मुल्य बारे जानकारी राख्ने र कालाबजारी, कार्टेलिङ, कृतिम अभाव रोक्न कार्य गर्ने ।

(घ) सेवा प्रदायक संस्थाहरूले उपभोक्तलाई गर्ने अनुचित कार्यको अनुगमन गर्ने र त्यस्ता कार्य रोक्न आवाज गर्नेलगायत उपभोक्ता जनसमुदाय परिचालन गरी त्यस्ता अनुचित कार्य रोक्न दवाव सिर्जन गर्ने ।

(ङ) उपभोक्तको हक, हितको पक्षमा चेतना अभिबृद्धि एवम जागरण सम्बन्धी विविध योजना र कार्यक्रम गर्ने ।

(च) विषयगत क्षेत्रका विभिन्न सम्बन्धित मन्त्रालय, विभाग, सरकारी तथा गैरसरकारी संस्थासंग मिलेर नीतिगत अनुगमन तथा सहकार्य गर्ने ।

(छ) पार्टीले तोकेका कामहरू गर्ने ।

**२०. पूर्व राष्ट्र सेवक संघ संयन्त्र :**

पूर्व राष्ट्र सेवकका,

(क) हक, हित र सम्मानको पक्षमा काम गर्न पार्टीको नीति, उदेश्य, सिद्धान्त र निर्णय अनुसार संगठनलाई परिचालन गर्ने ।

(ख) ज्ञान, शिप र अनुभवलाई देश र समाजको हितमा प्रयोग गर्न संगठीत प्रयत्न गर्ने ।

(ग) रचनात्मक कार्यमा संलग्न गर्न आवश्यक नीति र कार्यक्रम तयार गर्न पार्टीलाई सुझाव दिने ।

(घ) हक, हित र सम्मानको लागि सामाजिक चेतना अभिबृद्धि गर्ने कार्यक्रमहरू आयोजन ागर्ने ।

(ङ) विषयगत क्षेत्रका विभिन्न सरोकारवाला मन्त्रालय, विभाग, सरकारी तथा गैरसरकारी संघ, संस्थाहरूसँग समन्वय गरी नीतिगत अनुगमन तथा सहकार्य गर्ने ।

(च) पार्टीले तोकेका अन्य का मगर्ने ।

**२१. थारू संघ संयन्त्रः**

आदिवासी जनजाति थारू समुदायको,

(क) संगठनलाई पार्टीको नीति, उदेश्य, सिद्धान्त र निर्णयको आधारमा समन्वय तथा संचालन गर्ने ।

(ख) विकास र प्रतिनिधित्व सम्बन्धी पार्टी नीति निर्माण गर्न आवश्यक सुझावहरू पेस गर्ने ।

(ग) हक, अधिकार एवम् पहिचानको मान्यताकालागि संगठित परिचालित र क्रियाशील बनाउने ।

(घ) संयुक्त राष्ट्र सङ्घद्वारा पारित आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणा पत्र २००७ तथा राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्प सङ्ख्यकका आधारमा व्यक्तिहरूको अधिकार सम्बन्धी घोषणा पत्रको कार्यान्वयनका लागि दबाबमूलक कार्यक्रमहरूमा सशक्त क्रियाशील गर्ने, गराउने ।

(ङ) जातीय विभेद, दमन, बहिष्करण, असमावेशी जस्ता विषयहरूसँग सम्बन्धित तथ्याङ्क विवरण र तथ्यहरू सङ्कलन र विश्लेषण गरी पार्टीलाई नीति निर्माणमा सहयोग गर्ने ।

(च) पार्टीले तोकेका अन्य कामहरू गर्ने ।

**६०.** महासङ्घीय ढाँचाका भातृ सङ्गठनका घटकहरूमा अलग्गै केन्द्रीय संयन्त्रहरू निर्माण हुने छन् ।

**६१.** केन्द्रीय समतिले पार्टीको आवश्यकता अनुसार केन्द्रीय संयन्त्रको क्षेत्राधिकार तोकी विभिन्न संयन्त्रहरू गठन, पुनर्गठन तथा थपघट गर्न सक्ने छ ।

**६२.** पार्टी केन्द्रीय समिति सदस्य बाहेक केन्द्रीय संयन्त्रका सदस्यहरूको हैसियत पार्टीको प्रदेश समिति सदस्य सरह हुने छ ।

# परिच्छेद-१४
# उम्मेदवारीको मापदण्ड

**६३. मापदण्ड**

विधानको धारा ४१ बमोजिम पार्टीको राष्ट्रिय महाधिवेशन तथा विभिन्न तहका अधिवेशनहरूद्वारा निर्वाचित हुने पार्टी समितिहरूमा उम्मेद्वार हुनका लागि निम्न अनुसारको मापदण्ड पूरा गर्नु पर्ने छ ।

**१. केन्द्रीय समिति**

(क) केन्द्रीय समितिको अध्यक्ष पदमा उम्मेदवार हुनका लागि पार्टीको केन्द्रीय समिति सदस्य भई काम गरेको र सदस्य पदका लागि कम्तिमा जिल्ला अध्यक्ष वा सो भन्दा माथिल्लो समितिको सदस्य वा भातृ सङ्गठनहरूको केन्द्रीय पदाधिकारी (केन्द्रीय संयन्त्र सदस्य) भई एक कार्यकाल काम गरीसकेको हुनु पर्ने छ । उपरोक्त पदहरूका लागि उम्मेद्वार हुन महाधिवेशन प्रतिनिधि हुनु पर्ने छ ।

(ख) कुनै पनि व्यक्तिलाई केन्द्रीय समितिमा मनोनित गर्दा यस नियमावलीको नियम १०५.१.क. वमोजिम योग्यता पूरा गरेको हुनु पर्ने छ । तर अन्य पार्टी परित्याग गरी आएको व्यक्तिको हकमा केन्द्रीय समितिको निर्णय बमोजिम हुनेछ ।

**२. केन्द्रीय अनुशासन समिति**

(क) केन्द्रीय अनुशासन समिति प्रमुखको उम्मेदवार हुनका लागि पार्टी केन्द्रीय सदस्य भई एक कार्यकाल काम गरेको र सदस्य पदका लागि कम्तीमा प्रदेश वा पहिचानको समितिको पदाधिकारी भै एक कार्यकाल काम गरी सकेको हुनु पर्ने छ ।

(ख) सार्वजनिक रूपमा कुनै पनि फौजदारी वा नैतिक पतन देखिने अभियोगमा कारवाही नभएको र पार्टी अनुशानको कारबाही नभोगेको हुन पर्ने छ ।

**३. प्रदेश समिति**

प्रदेश समितिको अध्यक्ष पदमा उम्मेदवार हुनका लागि पार्टीको प्रदेश समितिका सदस्य वा सो भन्दा माथिल्लो समिति/निकाय/विभागको सदस्य वा भातृ सङ्गठनहरूका केन्द्रीय पदाधिकारी (केन्द्रीय संयन्त्र सदस्य) भई कम्तीमा एक कार्यकाल काम गरेको हुनु पर्ने छ । तर प्रदेश समितिका सदस्यहरूका लागि उपरोक्त व्यवस्था लागु हुने छैन । उक्त पदहरूमा उम्मेदवार हुनका लागि प्रदेश अधिवेशन प्रतिनिधि हुनु पर्ने छ ।

**४. पहिचानमा आधारित राष्ट्रिय समितिः**

पहिचानमा आधारित राष्ट्रिय समितिमा पदेन, मनोनित तथा निर्वाचित सदस्यहरूबाट चुन्ने र चुनिने प्रक्रिया मार्फत पदाधिकारीहरूको निर्वाचन हुनेछ ।

**५. जिल्ला/ निर्वाचन क्षेत्र समन्वय समिति**

जिल्ला तथा निर्वाचन क्षेत्र समन्वय समितिका पदाधिकारीहरू पदेन र मनोनित सदस्यबाट चुन्ने र चुनिने प्रक्रिया मार्फत निर्वाचित हुने छन् ।

**६. गाउँ/नगर समिति**

गाउँ/नगर समितिहरूका पदाधिकारी पदमा उम्मेद्वार हुनका लागि कम्तीमा सम्वन्धित समितिको सदस्य वा भातृ सङ्गठनमा माथिल्लो समितिको पार्टी संयन्त्र सदस्य भई काम गरेको अधिवेशन प्रतिनिधि र सदस्य पदका लागि सम्बन्धित तहको अधिवेशनको प्रतिनिधि भएको हुनु पर्ने छ ।

७. एक कार्यकाल भन्नाले सामान्यतः विधानमा व्यवस्था भए बमोजिमको कार्य अवधिलाई जनाउने छ । तर पहिलो पटकको अधिवेशन र समितिको उम्मेदवार हुन सम्बन्धित तहको तदर्थ समिति अथवा भातृ सङ्गठनका समिति/उपसमितिको अवधिलाई नै एक कार्यकाल मानिने छ ।

८. तदर्थ समिति गठन गर्नका लागि उपरोक्त मापदण्ड बाधक हुने छैन ।

## परिच्छेद-१६
## अन्तरघात तथा कारवाही सम्बन्धी व्यवस्था

**६४. कुनै पदाधिकारी वा सदस्यले निर्वाचनको सन्दर्भमा निम्न काम गरेमा अन्तरघात गरेको ठहरिनेछ :**

(क) पार्टीको घोषित उम्मेद्वार विरूद्ध बागी उम्मेद्वारी दिएमा

(ख) आधिकारिक उम्मेद्वार विरूद्ध घोषित, अघोषित असहयोग गरेमा

(ग) आधिकारिक उम्मेद्वारको विरूद्ध निर्वाचनको समयमा सार्वजनिक टिकाटिप्पणी र आलोचना गरेमा ।

(घ) आधिकारिक उम्मेद्वारले पार्टीको निर्णय बिना उम्मेद्वारी फिर्ता लिएमा वा मतपेटिका अस्वीकार गरी कुनै अन्य उम्मेद्वारलाई सहयोग गरेमा ।

**६५.** (क) नियम ५९.(क) को कसुर गर्ने बागी उम्मेद्वार तथा प्रस्तावक, समर्थक सबै स्वतः ६ बर्ष पार्टीबाट निष्काशित हुने छन् । नियम ५९.(ख) अन्तरगत असहयोग गर्नेलाई ४ बर्ष पार्टीबाट निष्काशित हुने छन् । नियम ५९. (ग) अनुसारको कसुर गर्नेलाई लिखित स्पष्टिकरण लिइ आवश्यकता अनुसार निलम्बनको कारवाही गरिनेछ । नियम ५९. (घ) को कसुर गर्नेहरू ५ (पाँच) बर्ष पार्टीबाट निष्कासित हुने छन् ।

(ख) नियम ५९. ख. र ग. अन्तरगत कसुर गर्नेहरू उपर प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनको हकमा केन्द्रीय समितिले निर्णय गर्नेछ । स्थानीय निर्वाचनको हकमा प्रदेश समितिले निर्णय गर्नेछ । कारवाहीको निर्णय गर्न अघि आवश्यक छानबिन गर्नु पर्ने छ र स्पष्टिकरण दिने मौका दिनु पर्ने छ । नियम ५९. क. र घ. को कसुर गर्नेको सम्बन्धमा पनि प्रतिनिधि र प्रदेश

सभा निर्वाचनको हकमा केन्द्रीय समितिले परिपत्र जारी गर्नेछ र स्थानीय तह निर्वाचनको हकमा प्रदेश सभाले निर्देशन जारी गरी केन्द्रीय समितिमा जानकारी गराउनु पर्नेछ ।

# परिच्छेद १७
# पार्टीका पदाधिकारी एवम् सदस्यहरूले पालना गर्नु पर्ने आचार संहिता

**६६. आचार संहिताः**

समाजवादी पार्टीका विभिन्न समिति/उपसमिति/निकाय/विभागका पदाधिकारी तथा पार्टी सदस्यहरूले पार्टीको विधान बमोजिमको उत्तरदायित्व पूरा गर्न तथा निजहरूको काम कारबाहीमा सार्वजनिक विश्वास कायम गर्न देहाय बमोजिमका आचार संहिता पालना गर्नेछन् ।

१. पार्टीको वार्षिक सदस्यता शुल्क र पार्टीले निर्णय गरी तोकेको वा स्वेच्छाले तोकेको लेबी पार्टी विधान वा नियमावलीमा निर्धारित गरेको अवधिभित्रै सम्बन्धित निकायमा बुझाउनु पर्ने छ ।

२. पार्टीको विधान, नियमावलीमा उल्लेख गरिएको पदीय जिम्मेवारी दायित्व अथवा पार्टीले तोकेको काम तथा जिम्मेवारीलाई आफ्नो दायित्व तथा कर्तव्यको रूपमा ग्रहण गरी समयमै कार्य सम्पादन गर्नुपर्ने छ ।

३. पार्टी सदस्य तथा पदाधिकारीहरूले पार्टी विधान, नियमावली, निर्णय तथा निर्देशनहरूलाई अनिवार्य रूपमा पालना गर्नु पर्ने छ ।

४. पार्टी एकतालाई मजबुत पार्नु र सुरक्षित गर्नु तथा पार्टी बिरोधी गतिविधि गर्ने, फाटो ल्याउने गुटबन्दी गर्ने र पार्टी अनुशासनको जुनसुकै प्रकारको उल्लङ्घन गर्ने तत्वहरूका विरूद्ध जुध्नु पार्टी सदस्यहरूको कर्तव्य हो ।

५ पार्टीका निर्णयहरूलाई कार्यान्वयन नगर्ने, निर्णयको विरोध गर्ने, पार्टी विधान तथा नियमावलीको उल्लङ्घन गर्ने, पार्टी अनुशासन भङ्ग गर्ने, अशोभनीय, अमर्यादित तथा अराजक र उदण्डतापूर्ण व्यवहार गर्ने कुनै पनि सदस्य वा पदाधिकारीहरूमाथि कारबाही गरिने छ ।

६. पार्टी विधान अनुसार व्यक्ति सङ्गठनको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो समिति माथिल्लो समितिको मातहत र सबै पार्टी सदस्यहरू केन्द्रीय समितिको मातहत र सम्पूर्ण समिति महाधिवेशनको मातहत हुन्छन् । माथिल्लो समितिले गरेका निर्णयहरू तल्लो समितिले कार्यान्वयन गर्नुपर्ने छ । कुनै पनि विषयमा आलोचना, आत्मालोचना तथा टीका टिप्पणीहरू गर्नु पर्दा बैठकको अध्यक्षता गरिरहनु हुने अध्यक्षबाट अनुमति लिई आफू सङ्गठित रहेको सङ्गठनको बैठकमा सोही स्तर र तल्लो स्तरको क्षेत्राधिकारभित्र पर्ने पदाधिकारी वा सङ्गठनको सम्बन्धमा मात्र गर्नु पर्ने छ ।

७. (क) कुनै पनि समितिका सदस्य वा पदाधिकारी बिना सुचना लगातार ३ (तीन) पटक बैठकमा अनुपस्थित रहे अध्यक्षले मौखिक वा लिखित स्पष्टिकरण सोध्ने

छ । दिएको घटना र स्पष्टिकरणको आधारमा अध्यक्षले यसलाई बैठकको विषय बनाउन सक्ने छ ।

(ख) यस्तो विषय बैठकमा प्रवेश भएमा सम्बन्धित सदस्य वा पदाधिकारीलाई बैठकमा उपस्थित गराई आफ्नो भनाई राख्न दिइने छ । भनाईको आधारमा चेतावनी वा निलम्बन गर्न सकिने छ ।

(ग) यस्तो सदस्य वा पदाधिकारीले बारम्बार घटना दोहोराएमा उनीलाई पद वा समितिबाट राजीनामा दिन अनुरोध गरिने छ । राजिनामा नदिए बैठकको बहुमतबाट पदमुक्त गर्न सकिने छ ।

८. पार्टीका पदाधिकारी एवम् सदस्यहरूले समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकूलको सदैब व्यवहार गर्नु पर्ने छ ।

९. पार्टीका पदाधिकारी एवम् सदस्यहरूले आफ्नो कर्तव्य निःस्वार्थ रूपमा इमान्दारीपूर्वक तथा वस्तुनिष्ठ भई उत्तरदायीपूर्ण रूपमा पालना गर्नु पर्ने छ ।

१०. पार्टीको लक्ष्य पूर्ति गर्न तथा सो उद्देश्यका लागि पार्टीको विधान, नियमावली र निर्णयहरूको पूर्ण रूपमा पालना गर्नु पर्ने छ ।

११. पार्टीको आवश्यक गोपनीयता कायम राख्नु पर्ने छ ।

१२. पार्टीका पदाधिकारी वा सदस्यहरूले पत्र, पत्रिका, वेभसाइट, फेसबुक, ट्विटर लगायतका सामाजिक सञ्जाल वा कुनै पनि सञ्चार माध्यम वा सभा, गोष्ठी, सेमिनार आदि माध्यमहरूबाट आफ्नो अभिव्यक्ति दिँदा पार्टी नीति, निर्णय, अनुशासन र पार्टी हित विपरीत हुने कार्य गर्नु हुन्न् ।

१३. पार्टी विधान र नियमावली अन्तर्गतका आचार संहिता पार्टीका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूको पार्टी वा सार्वजनिक जीवनको सबै पक्षमा लागू हुने छ ।

१४. पार्टीको विधान र नियमावली तथा आचार संहिताको उल्लङ्घन गरी पार्टी अनुशासन भङ्ग गर्ने पार्टीका पदाधिकारी तथा सदस्यहरूलाई पार्टीले कारबाही गर्न सक्ने छ ।

## परिच्छेद-१८
## निर्वाचन सम्बन्धी व्यवस्था

### ६७. निर्वाचन

१. (क) महाधिवेशनबाट निर्वाचित हुने केन्द्रीय समिति अध्यक्ष तथा सदस्यहरू, सङ्घीय परिषद्का अध्यक्ष र केन्द्रीय अनुशासन आयोगको अध्यक्ष तथा सदस्यहरूको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले गराउने छ ।

(ख) प्रदेश अधिवेशनबाट निर्वाचित हुने प्रदेश समितिको अध्यक्ष तथा सदस्य अनि प्रदेश अनुशासन आयोगका अध्यक्ष तथा सदस्यहरूको निर्वाचन प्रदेश निर्वाचन आयोगले गराउने छ ।

(ग) स्थानीय समितिहरूको अधिवेशनमा प्रदेश निर्वाचन आयोगको प्रतिनिधिले वा प्रतिनिधिको सहयोगमा सम्बन्धित अधिवेशनको अध्यक्ष मण्डलले आवस्यकताको आधारमा निर्माण गरेको निर्वाचन समितिले समितिका अध्यक्ष वा पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्नेछ ।

(घ) पहिचानमा आधारित राष्ट्रिय समिति, जिल्ला तथा निर्वाचन क्षेत्र समन्वय समितिको पदाधिकारीको निर्वाचन प्रदेश निर्वाचन आयोजको प्रतिनिधिले गराउने छ ।

२. जन संगठनका महाधिवेशन/राष्ट्रिय वा केन्द्रीय सम्मेलनबाट निर्वाचित हुने सबै पदहरूको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले सम्पन्न गर्नेछ । प्रदेश अधिवेशन वा सम्मेलनको निर्वाचन प्रदेश निर्वाचन आयोगले सम्पन्न गर्नेछन । प्रदेश भन्दा तलका सम्मेलन वा अधिवेशनका निर्वाचन प्रदेश निर्वाचन आयोगका प्रतिनिधिको सहयोगमा सम्पन्न हुनेछने ।

३. महाधिवेशनमा केन्द्रीय निर्वाचन आयोगले सबै तहको र अधिवेशनहरूमा प्रदेश निर्वाचन आयोगले आफ्नो प्रदेशका सबै तहको पार्टी सदस्यको नामावली प्रमाणित गरी तोकिएको अधिवेशन प्रतिनिधि छनौट मिति भन्दा कम्तिमा महिना दिन अगावै पुग्ने गरी पठाउनु पर्नेछ । पार्टी सदस्यको नामावली केन्द्रीय संगठन विभागले निर्वाचन आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-१९
## विविध

### ६८. क्रान्ति योद्धा बारेः

(क) केन्द्रीय समितिले नेपाली क्रान्ति र लोकतान्त्रिक आन्दोलनहरूमा नेतृत्व वा सक्रियतापूर्वक संलग्न भै जीवनका अधिकांस उमेर राजनीतिक गतिविधी गरी सम्मानित स्थान प्राप्त गरी सक्नु भएका केन्द्रीय सदस्यहरू मध्येबाट क्रान्ति योद्धा निर्णय गर्न सक्नेछ ।

(ख) क्रान्ति योद्धाको सम्मान प्राप्त केन्द्रीय सदस्य राजनीतिक समिति सदस्य हुनेछ ।

(ग) क्रान्ति योद्धालाई केन्द्रीय कार्य कारिणी समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

(घ) क्रान्ति योद्धाको सम्मान प्राप्त सदस्य पार्टीका सभा समारोहमा सहभागी रहँदा सम्मानित रूपमा आसन ग्रहण गराइनेछ ।

### ६९. सुचनाको हक

(क) पार्टीमा रहने संगठनात्मक तथा अनुशासनात्मक अभिलेखको जानकारी लिन वा प्राप्त गर्न पार्टीको संगठित सदस्यले कारण खोली सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) यसरी प्राप्त गर्न चाहेको सुचनाको विषयलाई कार्यालय व्यवस्थापन समितिले छलफल गरी निर्णय गर्नेछ ।

(ग) निर्णयको आधारमा सुचना उपलब्ध गरिनेछ ।

**७०. पार्टी भित्रको मुल्याङ्कन व्यवस्थाः**

(क) पार्टीमा, पार्टी समिति र समितिका हरेक सदस्यको मुल्याङ्कन हुनेछ ।

(ख) मुल्याङ्कको मुख्य आधार जिम्मेवारीको कार्य सम्पादनलाई बनाइनेछ ।

(ग) मुल्याङ्ककनलाई हरेक समितिको वार्षिक कार्य सूची भित्र राखिने छ ।

(घ) मुल्याङ्कनलाई व्यवस्थित गर्न केन्द्रीय संगठन विभागः अनुशासन, अभिलेख तथा अन्तरप्रदेश समन्वयले कार्याविधि समेत बनाउनेछ ।

(ङ) आवधिक रूपमा स्वमुल्याङ्कको फाराम भरी समितिमा प्रस्तुत गर्न हरेक सदस्यको अनिवार्य कर्तव्य हुनेछ ।

(च) अनुगमन, निरीक्षणको जिम्मा रहेको निकाय/पदाधिकारी वा तोकिएको सदस्यले सम्बन्धित समितिको बैठकमा आवधिक तथा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(छ) मुल्याङ्कनको आधारमा जिम्मेवारी बारे समितिले निर्णय गर्नेछ ।

**७१. सांसदको सहयोगी तथा प्रदेश सांसदको लेबी सम्बन्धमाः**

(क) प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा सदस्यलाई सम्बन्धित संसद सचिवालयबाट उपलब्ध हुने सहयोगीको नियुक्ति आ-आफ्नो जिल्ला समन्वय समितिको सिफारिसमा गर्नु पर्नेछ । सहयोगी योग्य, इमान्दार, जिम्मेवार र नैतिकवान हुनु पर्ने विषयमा सिफारिस कर्ता समिति र सांसद स्वयमले ध्यान दिनु पर्ने छ ।

(ख) प्रदेश सभा सदस्यलाई तोकिएको लेबीको ३० प्रतिशत प्रदेश समितिले केन्द्रीय कोषमा पठाउनु पर्नेछ ।

**७२. विभागीय प्रशिक्षण सम्बन्धमाः**

प्रशिक्षण संचालन गर्न सम्बन्धित सबै विभागहरूले पार्टी स्कूल तथा प्रशिक्षण विभागसँग समन्वय गर्नु पर्नेछ ।

**७३. संयन्त्र र विभागबीचको समन्वयः**

विभागले आफुसँग सम्बन्धित जन तथा पेशागत संगठनका संयन्त्रका इञ्चार्ज/सहइञ्चार्ज तथा प्रमुखलाई परामर्शको लागि आफ्नो बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**७४. सङ्घीय तथा प्रदेश परिषद्मा प्रतिनिधित्व हुनको लागि जनसंगठनको आवश्यक मापदण्डः**

(क) कम्तिमा २००० सदस्य भएको जन संगठनका केन्द्रीय समितिका अध्यक्षहरू सङ्घीय परिषद्का पदेन सदस्य हुने छन् ।

(ख) कम्तिमा ३ (तीन) घटक संगठन निर्माण भएको महासंघको केन्द्रीय समिति अध्यक्ष सङ्घीय परिषद्को पदेन सदस्य हुनेछ ।

(ग) कम्तिमा ५०० सदस्य भएका महासंघका घटक संगठनको केन्द्रीय समितिका अध्यक्षहरू सङ्घीय परिषद्का पदेन सदस्य हुने छन् ।

(घ) प्रदेश भित्र कम्तिमा ५०० सदस्य भएको जनसंगठनको प्रदेश समिति अध्यक्ष प्रदेश परिषद्को पदेन सदस्य हुने छन् ।

(ङ) प्रदेश भित्र कम्तिमा २०० सदस्य भएको महसंघको घटक संगठनका प्रदेश समिति अध्यक्ष प्रदेश परिषद्को पदेन सदस्य हुने छ ।

(च) कम्तिमा ३ घटक संगठनको प्रदेश समिति भएको महासंघको प्रदेश समिति अध्यक्ष पदेन प्रदेश परिषद् सदस्य हुने छ ।

(छ) माथि जे सुकै लेखिएको भए पनि अल्पसंख्यक जातीय समुदायका केन्द्रीय समिति अध्यक्ष र प्रदेश समिति अध्यक्ष क्रमशः सङ्घीय परिषद् र प्रदेश परिषद्का पदेन सदस्य हुने छन् ।

**७५. विधान अधिवेशन गर्न सकिनेः**

केन्द्रीय समितिको निर्णयमा महाधिवेशनलाई सघाउने गरी सो अगावै विधान अधिवेशन गर्न सकिने छ । विधान अधिवेशनको प्रतिनिधित्वको क्षेत्र, प्रतिनिधि संख्या, अनुपात र प्रतिनिधि छनौट प्रक्रिया बारे केन्द्रीय समितिले निर्णय गर्नेछ ।

**७६. सम्पत्तिको अभिलेख**

पार्टीको चल अचल सम्पत्तिको अभिलेख केन्द्रीय आर्थिक विभागमा रहने छ ।

**७७. नियमावली संशोधन**

पार्टी केन्द्रीय समितिले आवश्यकता अनुसार यस नियमावलीलाई संशोधन गरी कार्यान्वयन गर्न सक्ने छ र यसको कार्यान्वयनमा बाधा उत्पन्न भए फुकाउन सक्नेछ ।

**७८. केन्द्रीय समितिको विशेष अधिकार**

पार्टी विधान र यस नियमावलीमा व्यवस्था नभएको कुनै पनि विषयमा केन्द्रीय समितिले निर्णय गरी कार्यान्वयन गर्न सक्ने छ ।

## अनुसूची-१
## नियम १९ (ख) सँग सम्बन्धित

दुई वा दुई भन्दा बढी पहिचानमा आधारित राष्ट्रिय समिति क्षेत्रमा परेका जिल्लाहरू (कोष्ठ भित्रका अंक पुरानो गाविस/नपाको संख्या हो, जो अहिले वडामा रूपान्तरित भएका छन्)

| जिल्ला | राष्ट्रिय समिति | राष्ट्रिय समिति | राष्ट्रिय समिति |
|---|---|---|---|
| मोरङ | लिम्बुवान (७) | मधेश (५९) | |
| सुनसरी | किरात (३) | मधेश (४९) | |
| धनकुटा | किरात (१४) | लिम्बुवान (२२) | |
| संखुवासभा | किरात (१७) | लिम्बुवान (१६) | शेर्पालुङ्ग (१) |
| उदयपुर | किरात (२९) | ताम्सालिङ्ग (१०) | मधेश (६) |
| ओखलढुंगा | किरात (३०) | ताम्सालिङ्ग (२०) | शेर्पालुङ्ग (६) |
| सोलुखुम्बु | किरात (१९) | शेर्पालुङ्ग (१५) | |
| सिन्धुली | किरात (३) | ताम्सालिङ्ग (५१) | |
| काभ्रेपलाञ्चोक | ताम्सालिङ्ग (७९) | नेवा (१२) | |
| सिन्धुपाल्चोक | ताम्सालिङ्ग (७९) | शेर्पालुङ्ग (५) | |
| मकवानपुर | ताम्सालिङ्ग (४२) | नेवा (२) | |
| धादिङ | ताम्सालिङ्ग (१८) + | नेवा (६) | तमुवान (२) |
| चितवन | ताम्सालिङ्ग (२) + (२२ ना) | मगरात (४) | मधेश (१२) |
| ललितपुर | नेवा (२५) | ताम्सालिङ्ग (१७) | |
| तनहूँ | मगरात (२१) | तमुवान (0) + (२६ ना.) | |
| नवलपरासी | मगरात (२२+नारायणी ९) | थरूहट (३६) | मधेश (५) |
| रूपन्देही | मगरात (१) | थरूहट (७१) | |
| दाङ | मगरात (६) | थरूहट (३५) | |
| सल्यान | मगरात (२) | खसान (४५ क ख) | |
| रूकुम | मगरात (११) | खसान (३० क ख) | |

# अनुसूची २
## नारायणी प्रदेशका जिल्लाहरूको बाँडफाँट

| नारायणी प्रदेशका जिल्ला | राष्ट्रिय समिति |
|---|---|
| नुवाकोट (नारायणी ४, ताम्सालिङ४५) | ताम्सालिङ्ग |
| गोर्खा (नारायणी २८, तमुवान ३३ ) | तमुवान |
| कास्की (नारायणी १५, तमुवान ३०) | तमुवान |
| लम्जुङ (नारायणी २२, तमुवान ३८) | तमुवान |
| पर्बत (नारायणी ५४, तमुवान १) | तमुवान |
| वाग्लुङ्ग (नारायणी १०, मगरात ४९) | मगरात |
| म्याग्दी (नारायणी ७, मगरात ३३) | मगरात |
| स्याङ्जा (नारायणी ३९, मगरात १३) | मगरात |